काठमाडौं जि.प्र.का.द.नं.. १३६/०६२/०६३ जेठ २०७७, वर्ष १६ अङ्क ७२

**नेपालको संविधान र फौजदारी अपराध (संहिता) ऐन लगायत विद्यमान कानूनहरूले व्यक्ति, समुदाय, राज्य, लिंग, जाति, भाषा, धर्म क्षेत्रको भावनामा आघात पुऱ्याउने गरी कुनै पनि प्रकारको भाषा साहित्य, लेख, रचना, गीत, चलचित्र, भिडयो निर्माण, प्रकाशन तथा प्रशारण गर्नुलाई फौजदारी कसुर ठहर्ने हुदा आमजन-मानसमा त्यस्तो कसुर नगरौं र नगराऔं ।**

**नेपाल सरकार**

**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**

**सूचना तथा प्रशारण वभाग**

जल, जमीन र जंगल हाम्रो सरोकार, कृषि क्षेत्रको विकास अर्थतन्त्रको आधार

# कृषि जर्नल

Agriculture Journal

मासिक

कृषि जर्नल २०७७ जेठ (krishijournal–2020, May-Jun)



"आधुनिक कृषि प्रविधिको प्रयोग गरौं, निर्वाहमुखी खेतीबाट व्यावसायिकता तर्फ उन्मुख होऔं।"




साथै, अन्य कृषि औजार, उपकरण र स्पेयर पार्ट्सहरूका लागि हामीलाई सम्झनुहोस् ।

श्रेष्ठ एग्री इनपुट्स
सतुंगल-९, काठमाण्डौ, नेपाल

फोन: ९७७-०१-५१०८०५४, मोबाईल: ९७७-९८४१७९९१६१, ९७५१०१५१५३
इमेल: shresthaagriinputs@gmail.com
YouTube Shrestha Agri Inputs  Facebook Shrestha Agri Inputs

पेपिनो मेलोन खाएर स्वास्थ बन्न हामीलाई सम्झनुहोस्

सम्पर्क नं. : ९८४१४५४८५७
जनता बैक,
अगाडि नयाँ बानेश्वर, काठमाडौ ।



# दुग्घजन्य शिशु आहार सम्बन्धी भ्रमपूर्ण समाचार प्रति खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागको ध्यानाकर्षण

जनस्वास्थ्य जस्ता संवेदनशील विषयमा जनमानसमा भ्रम पार्नेगरी २०७६ फागुन १५ गते विहिबार एक राष्ट्रिय दैनिक सहित विभिन्न सञ्चार माध्यमहरूमा प्रकाशित ''दुग्धजन्य शिशु आहारमा विष'' जस्तो शिर्षको समाचार प्रति यस विभागको गम्भीर ध्यानाकर्षण भएको छ । दुग्धजन्य पदार्थमा कुनै पनि किसिमको अखाद्य पदार्थ मिसावट गर्न पाइदैन ।

यस विभागले FAO/WHO अन्तर्गत खाद्य पदार्थको अन्तर्राष्ट्रिय मापदण्ड निर्धारण गर्ने संस्था Codex Alimentarius Commission अन्तर्गतको Joint FAOWHO Expert Committee on Food Additives (JECFA)ले वैज्ञानिक अनुसन्धान तथा तथ्याङ्कको आधारमा तोकेको र नेपाल सरकारले निर्धारण गरेका मापदण्ड अनुसार सबै प्रकारका खाद्य पदार्थको अनुगमन तथा परिक्षण गर्ने गरेको छ ।

जनस्वास्थ्यसँग प्रत्यक्ष सम्बन्धित विषयहरूमा यो विभाग सँधै सचेत र सजग रहेको छ । खाद्य ऐन, २०२३ वमोजिम शिशु दुग्ध आहार लगायत अन्य दग्धजन्य पदार्थमा अखाद्य तथा हानिकारक वस्तुको मिसावट गरी उत्पादन,आयत तथा बिक्री वितरण गर्न निषेध गरिएको हुँदा यस प्रकारको समाचारहरूबाट भ्रममा नपर्नु हुन आम जनमानसमा विभाग हार्दिक अपिल गर्दछु । साथै कसैले निर्धारित मापदण्ड विपिरित कार्य गरेमा खाद्य ऐन, २०२३ र खाद्य नियमावली २०२७ वमोजिम कारवाही हुने व्यहोरा सबैमा जानकारी गराइन्छ ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग
बाबरमहल, काठमाडौं



distributed in two Valencian markets. In addition, 65 percent of his production goes to countries in northern Europe, where the consumption of agro-ecological products is very widespread.

"We were coming from a very bad season, but we have seen sales triple in the local market and that means that Valencians are eating better," says Enric

**Innovation**

Although *La Tira de Comptar*, a traditional market in Valencia that has been operating since the 12th century, is fully operational, new distribution methods are being formulated to close the gap between producers and consumers.

To counter the ban on open-air markets and direct sales during this health crisis, farmers, or *llauradors* in Valencian, have had to use social media to reach their consumers. They have quickly turned to technological platforms to sell their products, advertise home deliveries, share recipes for seasonal products and to compete with imported products from large supermarket chains.

Amparo Martí, the Councilor for agriculture of the municipality of Meliana in Valencia, stressed the support given to farmers and associations through the council to access digital platforms to promote their crops.

L'Horta of Valencia was designated as a Globally Important Agricultural Heritage System (GIAHS) in 2019. Its irrigation system, in function for almost a thousand years, has adapted over time to crises and changing climatic conditions. With its 6 000 family farms and 10 fisheries, this site is vital for the Community of Valencia and beyond. ©Mar Ortega

**Solidarity**

A *tornallom* is a Valencian expression that consists of mutual support, without money involved. It is the ideal term to define the images of local news showing tractors voluntarily disinfecting the streets of Valencia.

Professor José María Álvarez Coque, Director of the Tierra Ciudadana and Chair at the Polytechnic University of Valencia, adds that a solidarity network has been set up in L'Horta that has contributed to guaranteeing food for Valencians and its producers. This shows a fertile ground for preserving sites like those recognized as GIAHS.

**One system, part of a whole**

"For me L'Horta is everything. Fisherfolk and farmers are my family. I don't know what my life would be like without this landscape," says Amparo.

The FAO GIAHS programme has to date designated over 50 sites as dynamic spaces where culture, biodiversity and agricultural techniques coexist, proving to be vital to achieve food security and generate livelihoods. In this case, they also prove to be key to facing a crisis like that caused by COVID-19.


**कृषि जर्नल मासिकद्धारा जनहितको लागि समर्पित सूचना**

मिर्गौला जस्ता प्राणघातक रोगबाट बच्नमिम्न कुराहरूको पालना गरौं । अरुलाई बचाऔं, आफू पनि बाचौं ।

१. धुम्रपान, मध्यपान नगरौं ।
२. फ्रिजमा राखिएको, साँधिएको खानेकुराहरू नखाऔं ।
३. शुद्ध, ताजा खानपिनमा ध्यान दिऔं
४. समयमा सुतौं, अनिदो नबसौं ।

**विचारी चाम्लिङ**
अध्यक्ष
मिर्गौला डाइलासिस् तथा प्रत्यारोपण समाज, काठमाडौं
मोबाइल नं :९८६९२४२०८७



**कृषि सूचना तथा सञ्चार प्रविधि प्रकाशन प्रा.लि द्धारा krishijournal.com.np ONLINE पत्रिका पढ्न नभुल्नु होला**

ईमेल : krishijournal@yahoo.com





दर्ता नं. कावि.प्र.का.द.नं. १३६/२०६२/०६३

जल, जमीन र जंगल हाम्रो सरोकार, कृषि क्षेत्रको अर्थतन्त्रको आधार

# कृषि जर्नल

Agriculture Journal मासिक

| काठमाडौं जि.प्र.का.द.नं. १३६/०६२/०६३

वर्ष-१६, अङ्क ७२ जेठ २०७७


## यस अङ्कमा


| | |
|---|---|
| १. कृषिका नीति तथा कार्यक्रम | ३-५ |
| २. खाद्य सम्प्रभुत्ता र कोभिड-१९को त्रास | ६-१० |
| ३. कोरोनाबाट जोगिदै काम गर्न किसानलाई आग्रह | ११-१२ |
| ४. खाद्य अभियानको ध्यानाकर्षण | १२-१४ |
| ५. कृषक महासंघको सुझाव | १४-१५ |
| ६. जेठ महिनाको कृषि प्राविधिक सल्लाह | १६-२३ |
| ७. सामाजिक दूरी कायम गर्न अनुरोध | २४-२५ |
| ८. शून्य लगानीमा पाङ्गारिक खेती | २६ |
| ९. अम्बा खेती प्रविधि | २७ |
| १०. कागती खेती प्रविधि | २८ |
| 11.Water Resources Development in Nepal | 29-32 |
| 12. Skills and seeds acquired | 33-34 |
| 13.A community of farmers and fisherfolk | 35-36 |








व्यक्तिगत मूल्य रु. ५०/-
संस्थागत मूल्य रु. १००/-


**प्रकाशक : कृषि सूचना तथा सञ्चार प्रविधि प्रकाशन प्रा.लि,**
**सल्लाहकार** : भोलामान सिंह बस्नेत, कृष्ण कोपिला **प्रा.डा.केशव खड्का,**
**प्रबन्ध निर्देशक** : श्रीबहादुर खड्का, **प्रधान सम्पादक** : धनबहादुर मगर
**सह-सम्पादक** : राजेन्द्रप्रसाद दंगाल, **उप-सम्पादक** : रितु रुपाखेती
**मुख्य कार्यालय** : बागबजार-३१, **फिल्ड कार्यालय** : टौखेल-मच्छेगाउँ-९, चन्द्रागिरी नगरपालिका,
**फोन** : ०१४२८८७४३, **मोवाइल** : ९८४१४४५७५३, **मुद्रण** : प्रिन्ट स्काई, भुरुङ्गखेल, काठमाडौं ।
Online : krishijournal.com.np, **इमेल** : krishijournal@yahoo.com,

# सरकारको साहसिक कार्य खाँचो कुटनीतिक पहलको

सम्पादकीय



हाम्रो देश नेपाल ३०० वर्ष अघि राजा पृथ्वी नारायण शाहको बुबा नरभूपाल शाहको पाला भन्दा अगाडि विश्वको मान चित्रमा २० औं देशका रुपमा रहेको ऐतिहासिक प्रमाण छ। धेरै कुराहरूले नेपाल स्वतन्त्र, सार्वभौम, राष्ट्रको रुपमा अगाडि आएका राष्ट्र हो भन्ने थुप्रै ऐतिहासिक प्रमाण दिन्छ। हाम्रो देश सानै किन नहोस्, आन्तरिक, राजनीतिक खिचातानी किन नहोस् पुर्खाको अथक मिहिनेतले एकसुत्रमा बाँधीएर अस्तित्व आएको देश हो। यो ऐतिहासिक प्रमाण मल्लकालीन राजवंशको ऐतिहासले पनि धेरै कुराहरू प्रमाणित गर्दछ। इतिहासले धेरै कुराहरूको प्रमाणित गरे पनि विभिन्न सन्धी र सम्झौताहरू बीचको दौरानमा खासगरी नेपालले अंग्रेजसँग २०१३ मा गरेको सन्धीनै नेपालको ऐतिहासिक प्रामाणिक सन्धी हो। अंग्रेजले छोडेर गएको सन्धीनै हाम्रो सन्धी हो। यो सन्धी पछि नेपाल पुरात्वतिक विश्व सम्पदामा दरिएको राष्ट्र हो। नेपाल त्यति मात्र होइन विश्वको मान चित्रमा ३०० वर्ष अगाडि देखिनै अरु कैयौं राष्ट्रहरू विश्वको मानचित्रमा समावेश नभएको अवस्थामा नेपाल राष्ट्रको जन्म भएको थियो। अरु राष्ट्रभन्दा २० वर्ष अघि नै अस्तित्वमा आएको राष्ट्र हो। जतिबेला विश्वको नक्सामा नेपालको इतिहास कसैको सामू लुकेको छैन। यो एतिहासिक कालखण्डमा हाम्रो देशको जनताले हजारौं पटक आफूलाई तत्कालीन मुस्लिम शासक र अंग्रेज शासकहरूको अगाडि शिर ठाडो गरेर, लडेर, भिडेर आफूलाई वलिदान दिएर जोगाएको राष्ट्र हो। पुर्खाहरूले देशको शाख जोगाउँदै स्वतन्त्र राष्ट्रको रुपमा उभ्याउँदै आएको राष्ट्र हो। यो ऐतिहासक कार्यलाई हामी कदापी भुल्न सक्दैनौं। परिआए फेरि देशको लागि वलिदान दिन किन नपरोस्। नेपाली तयार हुनु पर्छ। राजा पृथ्वी नारायण शाहले भने जस्तै "हाम्रो पूर्खाले आर्यको मुलुक" हाम्रो देश प्राण भन्दा प्यारो छ।" को विषयलाई कदापी भुल्नु हुँदैन।

अंग्रेजसँगको सन्धी सम्झौता पछि नेपाल एउटा स्वतन्त्र राष्ट्रको रुपमा रहँदै आएको छ। तर पनि एउटा समस्या मित्र राष्ट्र भारतको कारण हामी पटक-पटक विवादमा अल्झिनु परेको छ। सा-सानो कुरामा पनि भारतले प्रत्यक्ष र अप्रत्यक्ष रुपमा दुःख दिँदै आएको छ। यस विषयमा नेपालले पटक-पटक सहँदै आएको छ। नेपालको भू-भागमा नवलपरासी जिल्लाको सुस्ता, महेश्पुर लगायत क्षेत्रमा हजारौं विगाह जमीन मिच्दै आएको छ।

हामीले भारतसँग सतजल मागेनौं, देहरादुन मागेनौं, आसाम, दार्जिलिङ्ग र मेघालय मागेनौं। १९१३ मा अंग्रेजसँग सन्धी भएपछि हामी त्यही थन्कियौं। तर भारतले हामीलाई पटक-पटक सीमामा दुःख दिइरहेका छ। हामी सँधै सही रह्यौं। इतिहासले प्रमाणित गरेको भू-भाग नेपालको कालापानी, लिम्पयाधुरा र लिपुलेक हाम्रो भू-भाग भएको भारतलाई थाहा छ। तर जवबजर्स्ती भू-भाग मिचिरहेको छ। तत्कालीन शासक वर्गहरू मौन बसेर भारतको हेपाह प्रवृतिलाई सही रह्यो। त्यसको फाइदा उठाउँदै भारतले आफ्नो राजनीतिक नक्सा नै पारित गरेर हामो देशको भू-भाग मिचेको छ। त्यति मात्र नभएर आफ्नै देशको भू-भागमा जस्तै हाम्रो देशमा चीनको मानसरोवर जाने सडक नै बनाएर उद्घाटन गर्न पुग्यो। यसले नेपालको सार्वभौम माथि एकपछि अर्को प्रहार गर्दै आयो। त्यस पछि भने नेपाल सरकारले राष्ट्रको हीतमा ऐतिहासिक कदम चाल्न वाध्य भएको देखिन्छ। विना सल्लाह भारतले आफ्नो नक्सामा समावेश गरी नेपाललाई विवादमा तानिने प्रयास भयो। यो भारतको कमजोरी मात्र थिएन, बल मिच्याईको हेपाह प्रवृति हो। यो कार्यले भारतको अन्तर्राष्ट्रिय क्षेत्रमा उसको छवि धमिलो भएको छ। सर्वस्वीकार्य नेपाललाई यो नेपालको हो भनेर थाहा पाएको विषय जान्दा-जान्दै नेपालको सरकारहरूको कमजोरीपन जस्तै मानेर यो सरकारको पनि नाडी छाम्ने काम गऱ्यो। जसको कारण नेपाललाई समेत आफ्नो राजनीतिक नक्सा तयार गर्न वाध्य पाऱ्यो।

भारतको लागि राम्रो अवसर

मित्र राष्ट्र भारतले आफ्नो राजनीतिक नक्सा पास गर्दा नेपालको जमीन हो।

भारतले तत्काल नेपाल बाट हट्नु पर्छ।

भारत शान्तिपूर्वक नेपालको भू-भागबाट हट्नु पर्छ। द्वन्द्वको सिर्जना हुनसक्ने अवस्थाबाट बच्नु सक्दा भारतलाई फाइदा छ।

नेपालको मिचिएको भू-भाग र सीमा थाती रहेको अवस्थामा नेपाल पनि चुप लागेर बस्ने अवस्थामा छैन। भारतले हाम्रो देश नेपालको भू-भाग आफ्नो नक्सामा गाभेर बनाएको नक्सा नेपाललाई स्वीकार्य छैन। किन कि हामी हाम्रो देशको एक इन्च भूमि कसैलाई दिँदैनौ र कसैको पनि लिँदैनौं।

भारतले कुटनीतिक मर्यदा नेपालसँग पटक-पटक उल्लंघन गर्दै आएको छ। भारतलाई हाम्रो देशको भू-भाग मिच्ने अधिकार छैन। आफ्नै देशको भूमि जस्तै गरी चीनको मान सरोवर जाने बाटो खुल्ला गरेर नेपालको सार्वभौमिकता माथि प्रहार गर्नु कुटनीतिक मर्यादा नाघ्नु हो। यो हाम्रो लागि सैह्य विषय होइन।

भारत बुद्धिमतापूर्वक छिटोभन्दा छिटो नेपाल छोड्नु पर्छ। नेपालको महाकाली, लिम्पियाधुरा, लिपुलेक र कालापानी छोडेर टिङ्करमा राखेको भारतीय फौज तत्काल फिर्ता हुनु पर्छ। यदि नछोडेमा नेपालले पनि आफ्नो भू-भाग छोड्ने छैन।

सरकारको साहसिक कार्य

सरकारले यसै संसद अभिवेशनमा नेपालको लागि महत्वपूर्ण र साहसिक कार्य गरेको छ। यो नेपालीको लागि गौरवको विषय हो। "सर्वहिताय सुखाय" भारतले सुगौली सन्धीदेखि विवादमा तानिदै आएको विषयलाई वैधानिक रुपमा जनताको अगाडि गरेर देखाएको छ। यही असार २९ गने बसेको संसदको वजेट अधिवेशनले नेपालको भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रलयको सक्रियतामा यो पहलकदमी भएको छ। भूमि र सीमा विवादका विषयमा हामी नेपालीरू विगतदेखिनै एकजुट नभएका होइनन् तर तथ्यपरक कार्य भने गर्न सकेको थिएनौं। यस विषयमा सँधै राजनैतिक पार्टीहरूले उठाउँदै आएको सीमा सुरक्षा र नेपालको भूमि फिर्ता लगायत विषयलाई समेत आफ्नो राजनीतिक नारा बनाउँदै आएको थियौं।

यो नाराको साना अंश भएपनि जनताको अगाडि पूरा गर्ने कार्य नेपाल सरकारले गरेको छ। सबै दलहरुबाट एक मतभई संविधान संशोधन गरी निसान छाप परिवर्तन गरी नेपालको भू-भाग कानूनी र वैधानिक रुपमा तथ्यपरक फिर्ता ल्याउने पयास अतुलनीय मात्र नभई साहसिक कार्य भएको छ।

विगत देखिनै जल्दाबल्दा विषयको रुपमा रहेको यस विषय भएकाले राजनीतिक

**बाँकी २८ पृष्ठमा** .....



# A community of farmers and fisherfolk

*Fishers and farmers in L'Horta in Valencia, Spain are still guaranteeing that food reaches not only the Community of Valencia but also other communities and towns outside its borders. ©Bruno Almela*

30/04/2020

Amparo Aleixandre's routine is no longer the same. These days, she receives orders through text messages, most of them come from her neighbors in the town of El Palmar, an island with about 700 inhabitants, surrounded by the Albufera lagoon, rice crops and orchards. El Palmar is several kilometers away from Valencia, Spain.



Early in the morning, fisherfolk from El Palmar take their small boats and head out at about 4 a.m. to be able to cover the increased demand of fish due to the COVID-19 crisis. Three more fishermen were recruited to join the usual 30 that work in this community of El Palmar. The main fish variety caught is "Lisa", which is very popular among the island's inhabitants. This period used to be perfect to harvest eel, but since this product is manly for hotels, restaurants and export, they are spared during these times of pandemic.

Amparo, who is a member of the El Palmar fishing community, receives the fisherfolk upon their return at 8 in the morning. It is still cold when they arrive at the fish market to start packing, labeling and shipping to their destinations all over the city. Once a week, they go out on their electric bicycle equipped with a small refrigerator to transport fresh fish to the families of El Palmar or to the elderly who live alone and cannot leave their homes during the city lockdown.

"Right now, we are farmers and fisherfolk fighting to guarantee that food reaches everyone including those who are sick, doctors, prisoners, families who are at home, everyone," says Amparo proudly.

Fishers and farmers are adapting to the changes caused by and restrictions put in place because of the COVID-19 pandemic. ©Terra Viva

El Palmar is a small tourist town, in the southern part of the L'Horta territory. L'Horta, as it is called in Valencian, is an irrigation system declared by FAO as a Globally Important Agricultural Heritage System (GIAHS) in 2019. It is located in the city of Valencia and provides healthy food to a million and a half Valencians.

FAO launched the GIAHS programme 18 years ago. Aiming to strike a balance between conservation, sustainable adaptation and socioeconomic development, the GIAHS programme helps identify ways to mitigate the threats faced by farmers as well as enhance the benefits derived by these systems. Through multi-stakeholder support, this approach aims to provide technical assistance, boost understanding of the value of keeping alive sustainable agricultural knowledge and promote agricultural products, agro-tourism and other incentive mechanisms and market opportunities.

**Resilience**

L'Horta hosts an irrigation system that has been functioning for almost a thousand years. Since 1200 the Arabs brought with them their diet and water management practices that adapted over the centuries, responding to crises and other pandemics as well.

Thanks to L'Horta's irrigation system, 6 000 family farms, including 10 fisheries, guarantee food reaches not only the Community of Valencia but also other communities and towns outside its borders. This irrigation system and use of water is an example of agriculture adapting to climatic conditions.

**Youth back in the field**

Enric Navarro is part of a group of young people who have decided to return to L'Horta, after having, like generations before him, fled to the cities.

For the Valencians "L'Horta is like a life insurance," says Enric, who has a company with about 20 employees and 4 hectares within the GIAHS. His orders include cabbage, fennel and leeks

remaining 10 kilograms of canola," she added contendedly.

A core element of FAO's work and its farmer field schools is building the resilience of populations, especially rural communities. Better ways of farming, methods of storage, saving schemes, access to new markets: these are all strategies taught to help farmers through crises, whether it be natural disaster, man-made conflict or even a pandemic. FAO is also now using FFS to communicate hygiene and nutrition-related information measures to help farmers, men and women, slow the spread of COVID-19.

**Support for farmers throughout the country**

Beyond the Punjab province, FAO, following safety procedures to contrain the spread of the virus, has also provided supplies and practical help to those farmers affected since COVID-19 hit the country.

In the Tharparkar district of Sindh, FAO, with support from the World Bank, is distributing vegetable kits and constructing small water storage tanks with in-built solar submersible water pumps to irrigate the land of 25 villages in the district. The project has also provided animal water troughs and small drip irrigation systems for kitchen gardens in these villages to support the food security of these smallholder farmers.

FAO's health and safety training educates on the importance of hand washing to slow the spread of the COVID-19 virus. ©FAO

With many markets closed and transportation significantly slowed, obtaining animal feed has been a significant problem for the many farmers who depend on livestock for their primary source of income. FAO has distributed animal feed to 1 436 of the most vulnerable households, helping these livestock farmers get through the crisis.

Health and safety are, of course, other major considerations in rural areas, which sometimes have limited access to medical supplies or treatment. In several provinces across Pakistan, FAO has provided hands-on training to demonstrate the best safety practices. This included sessions on the importance of preventive measures such as hand washing, physical distancing and other health and hygiene practices, which help people stay safe in the wake of the COVID-19 outbreak.



Many farmers across the world, like Mansab, are facing new devastating challenges to their livelihoods. For many, this is just one more crisis to overcome. With crisis times increasing, resilience is critical. FAO is supporting and working together with farmers and rural communities to ensure that they are resilient to these new challenges and are equipped to handle the changes brought on by COVID-19. Now and in the future, FAO continues to help communities better face these crises so that families can support themselves and meet their needs beyond these difficult times.


**कारोना भाइरस उपचार कोषमा रकम**
**जम्मा गर्ने आह्वान गरिएका सूचना**

विश्वव्यापी माहामारीको रुपमा फैलिएको कोरोना भाइरस (COVID-19) रोगको सङक्रमणलाई फैलिन नदिन तथा सोको रोकथाम एवं नियन्त्रणका लागि देहायको बैङ्कमा "कोरोना भाइरस सङ्क्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष" खाता खोलिएको हुँदा इच्छुक व्यक्ति तथा संघ-संस्थाहरूले सो खातामा रकम जम्मा गरी सहयोग गरिदिनु हनु आव्हान गरिएको व्यहोरो सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ।

**बैङ्कको नाम** : राष्ट्रिय वाणिज्य बैङक
**शाखा** : सिंहदरवार परिसर
**खाताको नाम** : कोरोना भाइरस सङ्क्रमण, नियन्त्रण तथा उपचार कोष
**खाता नं.**: ११६०००००११०१

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग




# कृषिका नीति तथा कार्यक्रम

*९९. आगामी आर्थिक वर्षमा सरकारले कृषि क्षेत्रमा थप आधुनिकीकरण यान्त्रीकरण र विशिष्टीकरण गरी उत्पादकत्व तथा उत्पादन वृद्धिमा जोड दिनेछ। 'स्वादेशी वस्तुको उपभोग गरौं, आन्तरिक उत्पादनलाई प्रोत्साहन गरौं।'' अभियान सञ्चालन गरिनेछ। कृषि वस्तुको प्रशोधन उद्योग स्थापना गरी प्रशोधित खाद्यवस्तु निर्यात गर्ने नीति लिइनेछ।*

नेपाल सरकारका सम्माननीय राष्ट्रपति विद्यादेवी भण्डारीद्धारा मिति गते दुबै सदनमा संयुक्त रुपमा प्रस्तुत नीति तथा कार्यक्रम २०७७/०७८

माननीय सदस्यहरू

३२. कृषि उत्पादकत्वमा १० वर्षमा दोब्बर गर्न कृषिको आधुनिकीकरण व्यवसायीकरणको योजना सहित कृषि पूर्वाधारमा ठूलो मात्रामा लगानी गरिदैछ। सबै नेपालीलाई सामाजिक सुरक्षा प्रणाली भित्र आवद्ध गर्न सामाजिक संरक्षणका कार्यक्रमहरू अगाडि बढाइएको छ।



९८. वर्तमान सरकारले अघि सारिएको सदुपयोगको सिद्धान्त नेपालको सबैखाले खाली जमीनलाई खेर जान नदिने र कृषियोग्य भूमिको पूर्ण उपयोग गरी सघन खेती प्रणालीको माध्यमबाट ठूलो परिणाममा कृषि उत्पादन गर्ने नीति कार्यन्वयनमा ल्याइनेछ। सरकारले रासायनिक मल, उन्नत मल, बिउको आपूर्ति तथा वितरण र सिँचाई क्षेत्रको विस्तार गरेको छ। यस अवधिमा धान, गहुँ, मकै, तरकारी, आलु लगायत कृषि उपजको उत्पादन वृद्धिभई खाद्य सुरक्षाको सुधार आएको छ।

९९. आगामी आर्थिक वर्षमा सरकारले कृषि क्षेत्रमा थप आधुनिकीकरण यान्त्रीकरण र विशिष्टीकरण गरी उत्पादकत्व तथा उत्पादन वृद्धिमा जोड दिनेछ। 'स्वादेशी वस्तुको उपभोग गरौं, आन्तरिक उत्पादनलाई प्रोत्साहन गरौं।'' अभियान सञ्चालन गरिनेछ। कृषि वस्तुको प्रशोधन उद्योग स्थापना गरी प्रशोधित खाद्यवस्तु निर्यात गर्ने नीति लिइनेछ।

१००. सरकारले कृषि तथा कृषिजन्य उद्यम व्यवसायलाई रोजगारीको मुख्य क्षेत्रको रुपमा विकास गर्नेछ। प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनालाई पुनः संरचना गरी कृषि क्षेत्रको रुपान्तरणको प्रमुख कार्यक्रमको रुपमा नेपाल भर विस्तार गरिनेछ। यस परियोजना मार्फत राष्ट्रिय आवश्यकता र स्थानीय सम्भाव्यताको आधारमा उत्पादकत्व अभिवृद्धि गर्दै ठूलो परिणाममा एक स्थानमा एउटै बालीको खेती गरी कृषि वस्तुको उत्पादन वृद्धि गरिने छ। जसबाट कृषि उपजको बजार र निर्यातको सम्भावना बढ्ने छ। कृषि उत्पादनसँग सम्बन्धी अन्य कार्यक्रमहरू यस परियोजनासँग दोहोरो नपर्ने गरी कार्यन्वयन गरिनेछ।

१०१. कृषि उत्पादन प्रशोधन बेचविखनका सम्बन्धमा नेपाल सरकारबाट उपलब्ध गराईने सहुलियत र प्राविधिक सेवा/टेवाको प्रबन्ध गर्न हरेक किसानलाई स्थानीय तह मार्फत सूचीकरण गर्ने कार्यको थालनी गर्नेछ।

१०२. नेपाल कृषि अनुसन्धान परिषदलाई समायनुकूल सुधार गरी परिणाममूखी बनाइनेछ। हाइब्रिड जातको बालीको विकास गर्न विशेष ध्यान दिइनेछ। कृषि अनुसन्धान सम्बन्धी विद्यामान संरचनालाई स्तरोनति गरी सबै प्रदेशमा एग्रीकल्चर तथा लाइभस्टक एक्सलेन्ट सेन्टरको विकास गरिनेछ। यी सेन्टरबाट कृषकहरूलाई कृषि र पशुपालनको व्यवहारिक अनुसन्धान र कृषि प्रविधिको प्रयोग सम्बन्धी सीप हस्तान्तरणसँगै उत्पादन गर्ने व्यवस्था मिलाइनेछ।

१०३. स्थानीय मौलिक खाद्यान्न फलफूल तरकारी बालीहरू पशुपन्छी पालन तथा मत्स्या पालनको पञ्जीकरण तथा उत्पादकत्व वहुप्रयोगका बारेमा अनुसन्धान तथा प्रवर्द्धन गरिनेछ।

१०४. कृषिलाई आयमूलक, आधुनिक र मर्यादित पेशा तथा उत्पादनशील व्यवसायको रुपमा विकास गरिनेछ। महिला सहकारी समूहहरू तथा अर्ध वेरोगार र वैदेशिक रोजगारीबाट फर्केका युवाहरूलाई कृषि व्यवसायमा आकर्षित गरिनेछ।

१०५. सरकारले कृषि उत्पादनका लागि आवश्यक सडक, विद्युत सिँचाई, शित भण्डार, संकलन तथा बिक्री केन्द्र जस्तो पूर्वाधारको विकास गरिनेछ।

१०६. वास्तविक कृषकलाई सरल ढंगले उत्पादन अनुदान उपलब्ध गराउने नीति लिनेछन्। कृषकलाई अनुदानित बीउ तथा मल र नवीनतम् प्रविधि समयमै उपलब्ध हुने व्यवस्था मिलाइनेछ।

१०७. प्राकृतिक वरदानको रुपमा रहेका भू-धरातल, जलवायू र जैविक विविधताको अधिकतम् उपयोग गरी पोषक र औषधीय गुण भएका उच्च मूल्यको कृषि वस्तुको व्यवसायिक उत्पादन गर्न कृषकहरूलाई प्रोत्साहन गरिनेछ।

१०८. यस सरकारले भूमि उपयोग विहिन रहने स्थितिको अन्त्य गर्ने नीति लिएको छ।

सार्वजनिक वन क्षेत्र, सडक तथा राजमार्गको किनारा, नदी उकास र उपयोग विहिन सार्वजनिक सरकारी जमीनमा फलफूल तथा अन्य बिरुवा रोप्ने र संरक्षण गर्ने कार्यक्रम अभियानको रुपमा सञ्चालन गरिने छ। निजी बाँझो जग्गा, खेतबारीको कान्ला, आलीमा समेत दलहन, तरकारी, फलफूल र अन्य बिरुवा लगाउन आम कृषकलाई अभिप्रेरित गरिनेछ। शहरी क्षेत्रमा करेसा बारी, कौशी र गमला खेती प्रवर्द्धन गरिनेछ।

१०९. अर्गानिक कृषि उत्पादनलाई प्रोत्साहन गरिनेछ। अर्गानिक कृषि वस्तुहरूको प्रमाणिकरण तथा ब्राण्ड प्रवर्द्धन गरी राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा बजारीकरण गरिनेछ। कपास, रेसम, उन र अन्य विभिन्न प्रकारको धागो र रेसाको उत्पादन, प्रशोधन र प्रयोगको श्रृँखला विकास गरी व्यवसायिक उत्पादन, बजार व्यवस्थापनका लागि सहजीकरण गरिनेछ।

११०. कृषियोग्य भूमिको नियमित माटो परिक्षण गरिनेछ। माटो परिक्षण प्रयोगशाला विस्तार गरिनेछ। कृषकहरूलाई माटोको प्रकार र गुणस्तर हावापानी अनुकूल खेती गर्न एवं मल, बीउ र विषादीको प्रयोग गर्न प्राविधिक सेवा उपलब्ध गराइनेछ। गुणस्तरीय पशु सेवा स्वास्थ्य सेवा विस्तार गरिनेछ। प्राविधिकहरू कृषकहरूको खेतबारी, गोठ तथा फार्ममै पुगी कृषि तथा पशुपन्छी पालन सम्बन्धी प्राविधिक सेवा दिनु पर्ने व्यवस्था मिलाइने छ।

१११. कृषकले लागतका आधारमा उत्पादनको उचित मूल्य प्राप्त गर्ने गरी कृषि उपजको बजारीकरणको प्रबन्ध गरिनेछ। बाली ल्याउनु पूर्वनै प्रमुख बालीहरूको न्यूनतम् समर्थन मूल्य तोकिनेछ। यसरी कृषकको वचत सूनिस्चित गरिनेछ।

११२. मुलुक कुखुरा र अण्डामा आत्मनिर्भर भएको छ। दूध र मासु माछाको उत्पादनमा आत्मनिर्भरता नजिक पुगेको छ। उत्पादनको बजारीकरणमा सुधार आएको छ। दूध प्रशोधन क्षमता सुधार आएको छ। दूध प्रशोधन क्षमता वृद्धि भएको छ। आवश्यकता अनुरुप अझ वृद्धि गरिनेछ। दूध उत्पादनको अन्य क्षेत्रहरूको समेत प्रयोग गर्ने गरी नयाँ कारखानाहरूको स्थापना गरिनेछ।

११३. नश्ल सुधारको कार्यक्रम सञ्चालन गरी उन्नत नश्लको व्यवसायिक पशुपन्छी पालनका लागि कृषकहरूलाई प्रोत्साहन गरिनेछ। पोषण युक्त पशु आहारका उत्पादन प्रवर्द्धन गरिनेछ। पशुपालनका लागि घाँस खेती गरिने छ। वृहत चरिचरन विकास गरिनेछ। हिमाली क्षेत्रमा चौंरी, भेडा तथा च्याङ्ग्रा, पहाड र तराईमा गाई, भैंसी, बाख्रा, बँगुर तथा कुखुरा पालन गरी दूध, मासु, अण्डा, माछा र उनको उत्पादन बढाइने छ।

११४. पशुजन्य उत्पादनको गुणस्तर नियन्त्रण तथा नियमन गरी बजार व्यवस्थापनमा सहजीकरण गरिनेछ। गुणस्तरीय पशु स्वास्थ्य सेवा विस्तार गरिनेछ। पशुरोग विरुद्ध कार्यक्रमलाई अभियानको रुपमा सञ्चालन गरिनेछ। पशुबाट सर्ने रोगहरूको निदान, रोकथाम र नियन्त्रण गर्न क्वारेन्टिन प्रयोगशाला सेवाको सुदृढीकरण विस्तार गरिने छ।

११५. कृषि शिक्षाबाट हासिल गरेको ज्ञान र सीपलाई कृषि कार्य र उत्पादन वृद्धिमा सदुपयोग गर्न प्रोत्साहित गरिने छ। शिक्षण तथा तालिम प्रदायक संस्थाहरूसँग समन्वय गरी पाठ्याक्रमको अंगको रुपमा वा स्वयमसेवकको रुपमा प्राविधिक जनशक्ति परिचालन गरिने छ।

११६. सबै प्रदेश र स्थानीय तहमा खाद्य वचत घरको व्यवस्था गरी खाद्यवस्तु भण्डारण गरिने छ। संघ प्रदेश र स्थानीय तहको समन्वय र सहकार्य स्थानीय तहमा बीउ, नश्ल, औजार, प्रविधि उत्पादन, भण्डारण, प्रारम्भिक प्रशोधन र बजारीकरणको इकाईको विकास गरिने छ। कृषि उपजको मूल्या श्रृँखलामा सूचना प्रविधिको प्रयोगलाई प्रोत्साहन गरिने छ। एकीकरण व्यवस्थापन सूचना प्रणालीको विकास गरी संघ प्रदेश र स्थानीय तहको कृषि तथ्याङ्क अद्यावधि गरिने छ।

११७. खाद्य पदार्थको गुणस्तर र नियमनलाई थप प्रभावकारी बनाईने छ। खाद्य स्वच्छता प्रवर्द्धनको लागि कानूनी व्यवस्था गरिनेछ।

११८. जलवायू परिवर्तन रोगको प्रकोप एवं प्रकृति विपदबाट कृषि क्षेत्रमा आउन सक्ने जोखिम न्यूनिकरण गरिनेछ। पशुपन्छी तथा बाली बीमाको विस्तार र जलवायू अनुकूलन कार्यक्रम सञ्चालन गरी लगानी सुरक्षण गरिने छ।

११९. भूमि पूँजी र प्रविधिको संयोजन मार्फत कृषि भूमिको सदुपयोग गरी कृषिको व्यावसायिक उत्पादन बढाउन भूमि बैंकको स्थापना गरिनेछ। भूमिको चक्लावन्दीलाई प्रोत्साहन गरी करार तथा व्यवसायिक खेती गर्न वा समुदायको समन्वयमा एकै प्रकारको बाली लगाउन उत्प्रेरित गरिनेछ। स्थानीय तह मार्फत बाँझो रहेको जग्गा करार खेती गर्न प्रोत्साहित गरिनेछ। यस्ता खेती प्रणालीको प्रवर्द्धन गरेर सरकारले एकैसाथ उत्पादन वृद्धि र रोजगारी सिर्जना गरिने छ।

१२०. स्थानीय उत्पादन वृद्धि र रोजगारी सिर्जना र गरीबी न्यूनिकरण गर्न शहरी क्षेत्रका प्रवर्द्धन गरिने छ। उद्देश्य र कार्य क्षेत्रको विश्लेषणको आधारमा सहकारी संस्थाहरू एकआपसमा गाभिन प्रोत्साहन गरिनेछ।

१२१. यस सरकारले वनको सुरक्षा, व्यापक वृक्ष रोपण र वन विविधिकरणको बाटोबाट वातावरणीय जोखिम न्यून गरी वनको वहुउपयोग गर्ने नीति लिएको छ। दुई वर्षको अवधिमा वनमा आधारित १ हजार ८ सय २९ साना तथा घरेलु उद्योगहरू स्थापना भएका छन्। काठको आन्तरिक उत्पादनमा वृद्धि भई काठको आयत् २० प्रतिशतले घटेको छ। वन व्यवस्थापन समुदायको भूमिकामा वृद्धि भई ४० प्रतिशत राष्ट्रिय वन समुदायद्धारा व्यवस्थापन भइरहेको छ।

१२२. वन र जैविक विविधता संरक्षण र विकासलाई सरकारले उच्च महत्व दिइएको छ। दुई वर्षको अवधिमा करीब ४ करोड बिरुवा उत्पादन गरी कृषकहरूलाई समेत वितरण गरिएको छ। सरकारी स्तरबाट करीब ७ हजार हेक्टर जमीनमा वृक्षरोपण गरिएको छ। ५० लाख फलफूलको बिरुवा रोपिएको छ।

१२३. आगामी वर्ष सरकारले भू-धरातल तथा जलवायू अनूकुलन वृक्षरोपण वन विकास र वनको वहुउपयोग गर्ने गरी वन क्षेत्रहरूको कार्यक्रमहरू सञ्चालन गर्ने छ। जमीनको वहुउपयोग आयआर्जन तथा जीविकोपार्जन सुधार र वातावरण संरक्षणमा योगदान पुग्ने गरी कृषि वनको विस्तार गरिने छ। सबै प्रदेशमा कम्तीमा एक नमूना कृषि वन विकास कार्यक्रम गरिने छ।

१२४. वनलाई प्रकृति वन, आरक्षित वा संरक्षित वन, सामूदायिक वन, लगाइएका सार्वजनिक वन, निजी वन र कृषि वन लगायतका क्षेत्रहरूमा विभक्त गरी दिगो वैज्ञानिक वन व्यवस्थापन वनजन्य उद्यम विकास गर्न 'समृद्धिको लागि वन' कार्यक्रम कार्यन्वयन गरिने छ। वनजन्य उद्योग विकास तथा प्रवर्द्धनका लागि आवश्यक पूर्वाधार निर्माण गरी निजी क्षेत्रको लगानी आकर्षित गरिनेछ।

१२५. राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाहरूले प्रयोग गरेका वन क्षेत्रको क्षतिपूर्ति स्वरुप सार्वजनिक प्रति जग्गा र झाडी बुट्यान क्षेत्र र वन नभएका स्थानीय तहमा जग्गाको



# Skills and seeds acquired

How resilience building has helped Pakistani farmers through the COVID-19 crisis

For many rural farmers, lockdowns are presenting challenges to livelihoods. For Mansab, farming skills she learned last year at FAO's farmer field school became even more valuable during this crisis. ©FAO 08/05/2020

Until recently, Mansab Mai worked as a milk producer. The Muzaffargarh district of Pakistan, where her family of nine lives, is well-known for milk production, and livestock are an important part of people's livelihoods here. Almost every household has cows or goats. Ever since the lockdown in the country to contain the COVID-19 pandemic, however, Mansab's family is keeping the milk for their own consumption.

Mansab's husband and eldest son are masons and had been working as a daily wage labourers, but due to the crisis they have been out of work for the past months. Their family used to rely on this income to provide for themselves and their seven children. They had no savings to call upon.

With countries around the world introducing lockdowns to contain the COVID-19 pandemic, Mansab's situation is unfortunately not uncommon; smallholder farmers and rural communities are already suffering the negative impacts on their livelihoods. For many people, the restrictions to contain the spread of the virus have curtailed or completely stopped their ability to work.

**Sowing seeds**

Fortunately, just a few months before the worldwide crisis began, Mansab took a chance on starting a new livelihood. She participated in FAO's Farmer Field School (FFS) in November 2019 with other female participants. They received canola seeds to help them get ahead of the crop growing season. The canola oil can both be used for household consumption and be sold for a good price.

**New reality, new harvest**

By April 2020, COVID-19 had spread across all provinces of Pakistan, with the Punjab province the most severely affected by the outbreak. Punjab has had not only the highest number of cases of COVID-19, but the virus has had a major effect on the income of its population. Many people in this region, like Mansab's husband, were daily wage workers so when the industries closed, it meant that there was no more income.



With these seeds and new knowledge, Mansab, her husband and her eldest son prepared and ploughed a small piece of their family's land before sowing the seeds. She hoped to get a good harvest, but as she had only ever grown wheat and vegetables in the past, she was uncertain about the results.

Throughout the farming cycle, FAO provided technical support, helping farmers make key decisions on land preparation, fertiliser requirements, biological pest control methods and harvesting techniques. With this help, Mansab could just trust that this new activity would succeed.

After taking part in a FAO Farmer Field School last November (left), Mansab (right) learned to plant canola seed, providing income for her family during the current crisis. ©FAO

Thankfully, however, it was also around this time that the canola, which Mansab had spent many months tending to, was ready for harvest. This canola harvest served as a ray of hope for Mansab and her family.

Mansab's new skills and hardwork led to a high yield of canola which she was able to sell for PKR13 000 (around 81 USD) – enough to sustain her family for two and a half months.

"The canola harvest brought welcome relief for our family," said Mansab. "The profit we made from selling the canola will help us get by during these difficult times. We will extract edible oil from the

Nepal and the general upliftment of the people.

The hydropower when generated in abundance apart from meeting the domestic need goes a long way to feed oure industries resulting in industrial growth, to pump water for irrigation in over to increase argricultural production to substitute petrolueum by developing electrically operated transportation system resulting in importance of payment position. There are some of the uses the power can be put to. As it is seen, it has a tremendous impact in the national economy considering the act that there is such a huge potential to be explicated in our large river systems.

Nepal being an agricultural country, agriculture is the hub of the national economy. Apparent from the need for food to feed the increasing population there is a tremendous potential for export of food cereals to the needy countries. To generate such a favourable situation agricultural production to be boosted. This is only possible if the arable land could be gradually brought under irrigation an systematic irrigated farming could developed to increase the covering intensity in the one hand and increase the crop yield per unit area on the other. Efforts are being made to rise this goal with the development of irrigation projects using the available water resources in the country.

The ultimate development of any country relies on its own people. people from all sections can contribute to the national growth only when they all are hale and hearty. Water is on such item on which the health of human beings depends upon. Keeping this in view every effort is being make to kake the potable water available to everybody. As bulk of the people live in the rural areas, more programmes to cater this essential sevicer are being directed to these areas.

**Conclusion :**

Nepal is endowed with its vast water resources. It is pity that this national resources not yet been developed to the degree that the country can start regaining commensurate benefits. During the short span of two and half decades' of developments, a start has been made to realise the benefits, the water resources can render to the nation. Time has come to develop water resources in its all facets. .Since power is one of the major aspects of the water resources development, it should be rapidly developed in abundance so as to meet the national demand and create an exportable surplus. This will create a favorable atmosphere for national development While at the same time efforts should be made to develop irrigation projects to make irrigation facilities available to the arable land in the country in order to practices scientific farming to give boost to the agriculture production which the country so much needs. To this end, Projects of multipurpose Nature have to be implemented as quickly as possible by taking up systematic studies of all such rivers which can be harnessed and praparing suitable manpower to involve in the implementation process and creating the favorable atmosphere for international co-cooperation in financing the projects and generating national awareness to development the water resources . All round concerted efforts from every quarter are to be maked to achieve this goal.

Bhubanesh Kumar Praddhan
Former : Member Secretariy
Water Resources Commission

# नेपाल किसान संघको विज्ञाप्ति

काठमाडौं बैशाख १५ नेपाल किसान संघका अध्यक्ष भानु सिग्देलले प्रेस विज्ञाप्ति प्रकाशित जारी गरिएको छ ।

विज्ञाप्तिमा कोभिड-१९ कारोना भाइरस महामारीबाट बच्न देश बन्दाबन्दीमा रहेका कारण सम्पूर्ण देश बासी गम्भीर समस्यामा छँदै छन् भनिएका छन् । विज्ञाप्तिमा भनिएको

> *किसानले आफ्नो उत्पादन बजारमा पुऱ्याउन नपाएर त्यसै नष्ट भएर ठूलो ऋणमा डुबेका छन्*

छ । त्यसमा पनि नेपाली किसान वर्ग अझ बढी समस्या ग्रस्ट हुन पुगेका छन् । दिनभरी मजदुरी गरी जीवन यापन गर्ने कृषि श्रमिकहरूको बिहान बेलुकी चुलो बलेको छैन । व्यवसायिक उत्पादनमा संलग्न किसानले आफ्नो उत्पादन बजारमा पुऱ्याउन नपाएर त्यसै नष्ट भएर ठूलो ऋणमा डुबेका छन् भने कृषिजन्य कच्चा पदार्थमा अधारित कृषि उद्यमीहरू गम्भीर संकटमा छन् । त्यसैगरी उत्पादनमा लागेका किसाानहरू मल, बीउ जस्ता अति आवश्यक चीजको अभावमा नयाँ उत्पादनमा लाग्न पाएका छैनन । यो परिदृष्य हेर्दा नेपालको कृषि क्षेत्र र किसान तहस नहस भएका छन् । यसको दूरगामी असर हाम्रो देशको अर्थतन्त्रमा पार्ने वाला छन् ।

तर सरकार यसको तमाम समस्याहरूमा मुकदर्शक भएको छ भनिएको छ । सरकारले बन्दाबन्दी लागु गर्दैमा आफ्नो सबै कर्तव्य पूरा भएको ठानेको छ । यो अवस्था प्रति नेपाल किसान संघको गम्भीर ध्यानाकर्षण भएको छ । सरकारसँग श्रमिक किसानहरूलाई गाँसबासको व्यवस्थापनका लागि कुखुरा पालक किसान, दुध उत्पादक किसान, मह उत्पादक किसान लगायत सबैखाले व्यवसायिक किसानहरूको नोक्सान क्षतिपूर्ति दिने र आगामी दिनमा यस्तो क्षति हुन नदिन सुरक्षित उत्पादन र बजार ग्यारेन्टी गर्ने प्रकारको राहतको कार्यक्रम घोषणा गर्न नेपाल किसानसंघ जोडदार अपिल गर्दछ । अन्यथा हामी संघर्षमा उत्रने वाध्य हुनेछौं ।

*भानु सिग्देल*
*सभापति*
*नेपाल किसान संघ ।*



उपलब्धता र उपयुक्तता अनुसार उपयोगी वृक्ष रोपिने छ ।

१२६. उच्च हिमाल, पहाड, खोंच, समथर भू-भाग लगायत देशका विभिन्न भागमा सम्भाव्य व्यवसायिक जडीबुटीको खेती गर्न प्रोत्साहन गरिनेछ । सबै प्रदेशहरूमा जडीबुटी प्रशोधन उद्योगका पूर्वाधार विकास गरिने छ । नेपाली जडीबुटीको विशिष्ट ब्राण्डिङ्ग गरी निर्यात समेत गरिनेछ ।

१२७. राट्रिय निकुञ्ज, आरक्ष, संरक्षण क्षेत्र, रारा ताल, फेवाताल लगायत रामसारमा सूचीकृत तालहरू एवं वनस्पति उद्यानको संरक्षण, विकास र प्रवर्द्धन गरिने छ ।

१२८. पर्या पर्यटन प्रवर्द्धन, संरक्षण शिक्षा, वैज्ञानिक अनुसन्धान र वनस्पतिको पर-स्थानीय संरक्षणका लागि वृहत वनस्पति उद्यानको स्थापना र विकास गरिनेछ ।

१२९. सरकारले चुरे क्षेत्रको अनूचित दोहन पूर्ण रुपमा रोक्ने छ । संरक्षणमा संलग्न निकायहरूको अनुभव समेत उपयोग गरी चुरे क्षेत्रको संरक्षण र सम्वर्द्धनका कार्यहरू समन्वयत्मक प्रभावकारी र दिगो रुपमा सञ्चालन गर्ने व्यवस्था मिलाइने छ । आगामी आर्थिक वर्ष राष्ट्रपति चुरे क्षेत्र संरक्षण कार्यक्रमको नीतिगत कानूनी र संस्थागत सुधार सहित पुनः संरचना गरिने छ ।

१३०. देशभर २९ स्थानमा वायू प्रदुषण मापन केन्द्र स्थापना गरिएको छ । आगामी वर्ष मुख्य शहरहरूमा वायूध्वनी जलप्रदुर्षण नियन्त्रणको क्षेत्रगत कार्ययोजना तथा मापदण्ड कार्यन्वयन गरिनेछ । विपद् व्यवस्थापन, जलवायू परिवर्तन अनुकूलन तथा उत्थानशील व्यवस्थापनका कार्यक्रम सञ्चालन गरिनेछ । प्रदेश तथा स्थानीय तहमा नमूना जलवायू परिवर्तन अनुकूलन कार्यक्रम तर्जुमा गरी कार्यन्वयन गरिने छ ।

१३१. पानीको मुख्य स्रोतको रुपमा रहेको हिमालय संरक्षणका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ । हिमताल र हिमनदीको संरक्षण गरी जल उत्पन्न प्रकोप नियन्त्रण र नदी प्रणाली लगायत जलस्रोतको संरक्षण गरिनेछ । हिमालको सरसफाई कार्यलाई निरन्तरता दिइने छ ।

१३२. जैविक विविधताको संरक्षण एवं प्रवर्द्धनको कार्यक्रम सञ्चालन गरिनेछ । वातावरण र विकास विच सन्तुलन कायम हुने गरी विकास कार्यक्रम तथा आयोजना सञ्चालन गरिनेछ ।

१३३. सरकारले 'स्वच्छ नेपाल' अभियान सञ्चालन गर्नेछ । प्रदेश र स्थानीय तहको सहभागीतामा काठमाडौं उपत्यकाका महानगरहरू प्रदेश राजधानीहरूलाई हरित शहरमा रुपान्तरण गर्न शहरी वृक्षरोपणलाई व्यापक बनाइने छ । फोहोरमैला प्रशोधनमा आधुनिक प्रविधि प्रयोग गरिनेछ । राजमार्गको निश्चित दूरीमा खानेपानी, शौचालय र अन्य सुविधा सहितको सेवा केन्द्र सञ्चालन गर्न प्रोत्साहित गरिने छ ।

१३४. जग्गा नापचाँचको बाँकी कार्यहरू सम्पन्न गरिनेछ । भू-उपयोग सम्बन्धी कानून वमोजिम जग्गा वर्गीकरण गर्ने कार्यलाई तीव्रता दिइने छ । भूमिको वर्गीकरणको आधारमा भूमि उपयोग गर्ने नीतिगत र कानूनी व्यवस्थाको प्रभावकारी कार्यन्वयन गरिनेछ । कृषियोग्य भूमिको संरक्षणको लागि 'सम्पूर्ण जग्गाको वर्गीकरण, कृषि योग्य जग्गाको संरक्षण' अभियान सञ्चालन गरिनेछ । आगामी आर्थिक वर्षभित्र सबै स्थानीय तहको भू-उपयोग नक्सा तथा डाटावेस तयार गरिने छ ।

१३५. परम्परागत जग्गा प्रशासनलाई आधुनिक डिजिटल प्रणालीमा रुपान्तरण गर्ने सरकारको अठोट रहेको छ । देशभरका १ सय ८ मालपोत कार्यालयहरूबाट सूचना प्रविधिमा आधारित घरजग्गा रजिष्ट्रेशनको काम शुरु भएको छ । आगामी आर्थिक वर्ष सबै मालपोत कार्यालयबाट सम्पूर्ण सेवा अनलाईन प्रणाली मार्फत प्रवाह हुने व्यवस्था मिलाइने छ ।

१३६. सरकारले २८ हजार मुक्त कमैया पुनःस्थापना गरिएको छ । भूमि सम्बन्धी समस्या समाधान आयोगले कार्य प्रारम्भ गरेको छ । आगामी तीन वर्ष भित्र सुकुम्वासी एवं अव्यवस्थित बसोवासीको समस्याको समाधान गरिनेछ ।

१३७. सरकारी तथा गुठी जग्गामा रहेका अतिक्रमण हटाई संरक्षण र उपयोग गर्न प्रदेश, स्थानीय तह र समुदायको समन्वयमा 'समुदायको सक्रियता र जागरण, गुठी जग्गाको संरक्षण' अभियान सञ्चालन गरिनेछ ।

२१५. सिक्टा सिँचाई आयोजनाको मूल नहर सञ्चालन गरिनेछ । रानीजमरा कुलरिया आयोजनाको शाखा नहर विद्युत गृहको निर्माण सम्पन्न गरी १४ हजार ३ सय हेक्टर जमीनमा सिँचाई सुविधा उपलब्ध गराउनुका साथै ४.७ मेगावाट विद्युत उत्पादन शुरु गरिने छ ।

२१६. भेरी बबई डाइभर्सन आयोजनाको हेडवर्क्स तथा विद्युत गृह निर्माण अघि बढाइने छ । बबई सिँचाई आयोजनाको पश्चिम मूल तथा शाखा नहरहरूको विस्तार गरी थप ७ हजार ५ सय हेक्टर जमीनमा सिँचाई सेवाको विस्तार गरिनेछ । महाकाली सिँचाई आयोजना -तेस्रो चरण (प्रगन्ना तथा वड्कापथ सिँचाई आयोजना)को मूल नहर विस्तारको कार्य अघि बढाइने छ ।

२१७. प्रदेश नं.२ को १ लाख २२ हजार हेक्टर जमीनमा सिँचाई सुविधा उपलब्ध गराउने गरी आगामी आर्थिक वर्षमा सुनकोशी-मरीन डाइभर्सन वहुउद्देश्यीय आयोजनाको सुरुङ्ग तथा हेड वर्क्सको निर्माण कार्य शुरु गरिनेछ ।

२१८. एकीकृत उर्जा तथा सिँचाई कार्यक्रम मार्फत सौर्य उर्जा समेतको प्रयोग गरी पहाडी तथा हिमाली क्षेत्रका कृषियोग्य जमीनमा सिँचाई सुविधा उपलब्ध गराइने छ । तराई मधेशका कृषियोग्य पकेट क्षेत्रमा सतह तथा भूमिगत जल सिँचाईको जल संयोजनात्मक उपयोग गराई समृद्ध तराई मधेश विशेष कार्यक्रम मार्फत आगामी आर्थिक वर्ष थप १८ हजार ५ सय हेक्टर जमीनमा सिँचाई सुविधा विस्तार गरिने छ ।

२१९. तमोर-चिसाङ, माडी-दाङ, काली-गण्डकी, तिनाउ, डाइभर्सन आयोजनाको अध्ययन सम्पन्न गरी सम्भाव्यता तथा प्राथमिकताको आधारमा कार्यन्वयन अघि बढाइने छ ।

२२०. नदी नियन्त्रणका लागि १ हजार ७० किलोमिटर तटवन्ध निर्माण गरिएको छ । आगामी वर्ष मानव वस्ती, कृषियोग्य जमीन र अन्य स्रोत सम्पदालाई क्षति हुनबाट बचाउन कोशी, कमला, नारायणी, कर्णाली नदी नियन्त्रणका विशेष कार्यक्रम सञ्चालन गरिनेछ । नदी नियन्त्रणमा स्थानीय सामाग्रीको प्रयोग गरी जैविक प्रविधि अवलम्बन गरिने छ ।

२२१. त्रियुगा नदी नियन्त्रण कार्य अगाडि बढाइने छ । नदी उकासबाट प्राप्त जमीनमा कृषि उत्पादन वृद्धि गर्नुका साथै रोजगारीका अवसर सिर्जना गरिनेछ ।

२२२. मौसम तथा बाढी सम्बन्धी पूर्व सूचनालाई समयमै सम्प्रेषण गरी विपद्बाट हुन सक्ने जनधन तथा पूर्वाधारहरूमा हुने क्षतिको जोखिमलाई न्यून् गर्न आगामी वर्ष थप २ स्थानमा मौसमी राडार सञ्चालन गरिनेछ ।

२२३. द्विपक्षीय संयन्त्रहरूलाई प्रभावकारी बनाई सीमा क्षेत्रमा हुने कटान र डुवानको समस्यालाई दिगो रुपमा समाधान गरिनेछ । समस्या ग्रस्त स्थलहरूको संयुक्त अनुगमन तथा निरीक्षण कार्यलाई नियमित र प्रभावकारी बनाइने छ ।

# खाद्य सम्प्रभुत्ता र कोभिड–१९को त्रास

*आफ्नो अर्थतन्त्रलाई विकासको गतिमा अगाडि बढाउने नाममा सरकार व्यवस्थित गर्न सकेका छैनन् । र यसका लागि स्थानीय टाठा-बाठा जमिन्दारहरू तथा विदेशी निगमहरूमा भरपर्ने गर्दछन् । फल स्वरूप हाम्रो समाज जमिन्दार र विदेशीहरूको शोषण तथा सत्तासिनहरूबाट नियन्त्रित र अपहेलित छ । सम्पूर्ण जनता र विभिन्न समुदायहरू शोषित पीडित छन् । उनीहरूका कृषि तथा खाद्य उत्पादन सम्बन्धी प्रयासहरू शोषक वर्गका मुनाफा वृद्धि गर्न उपयोग गरिरहेका छन् ।*



✍धनबहादुर मगर

विश्वको धेरै मुलुकहरूले खाद्य सम्बन्धी अधिकारलाई पन्छाउँदै आएका छन् । तर हाम्रो देश नेपालले भने २०७२ सालको संविधानले नै खाद्य अधिकारलाई जनताको मौलिक हकको रुपमा समावेश गरिसकेको छ । तर पनि उही सामन्ति पारा अझै पनि कायमै रहेको छ । जमिन्दारहरू तथा विदेशी नाफामूलक निगमहरू लगानी र मुनाफाबाट धन आर्जन गर्न खाद्य तथा कृषि क्षेत्रको नियन्त्रण गर्ने गर्दछन् । वास्तवमा जनताका मानव अधिकारलाई साँचो अर्थमा सम्मान गर्ने प्रवर्द्धन गर्ने परिपूर्ति गर्ने र रक्षा गर्ने कुनैपनि काम गरिएका छैनन् । आफ्नो अर्थतन्त्रलाई विकासको गतिमा अगाडि बढाउने नाममा सरकार व्यवस्थित गर्न सकेका छैनन् । र यसका लागि स्थानीय टाठा-बाठा जमिन्दारहरू तथा विदेशी निगमहरूमा भरपर्ने गर्दछन् । फल स्वरूप हाम्रो समाज जमिन्दार र विदेशीहरूको शोषण तथा सत्तासिनहरूबाट नियन्त्रित र अपहेलित छ । सम्पूर्ण जनता र विभिन्न समुदायहरू शोषित पीडित छन् । उनीहरूका कृषि तथा खाद्य उत्पादन सम्बन्धी प्रयासहरू शोषक वर्गका मुनाफा वृद्धि गर्न उपयोग गरिरहेका छन् ।

**खाद्य माथिको जनअधिकारलाई अतिक्रमित गरिएका कुराहरू :-**

व्यापारी र विदेशी निगमहरू आधारभूत खाद्यवस्तुहरूको मुल्यलाई जनताको अवस्था भन्दा धेरै माथि उठाउछन् र किसानका उत्पादनको मूल्यमा भने ह्रास गराउँछन् ।

सामन्ति शोषणले किसान तथा खाद्य उत्पादन गरीबको अवस्थालाई झन्-झन् दर्दनाक बनाएको छ । फलस्वरूप तिनीहरू अन्न खरीद गर्न र खरीद गर्नेगरी आय आर्जन गर्न असमर्थ छन् । भोक र कुपोषण खाद्य अधिकारको ठाडो उलंघन हो । त्यसकारण सर्वसाधारण जनताको पर्याप्त आय र सो आयबाट खरीद गर्न सकिने स्तरको खाद्यवस्तुको मूल्य व्यवस्थित गर्नु सरकार र समाजको उत्तरदायित्व हो ।

जनता अत्यन्त गरीबी बन्ने अवस्थामा खाद्यवस्तुहरूको न्यूनतम् मूल्य तोक्नु, र खरीद गर्न नसक्नेका लागि नि:शुल्क वितरण गर्नु पनि सरकारको दायित्व हो । प्राकृतिक प्रकोप वा अन्य आपत्कालमा यसबाट प्रभावित जनतालाई खाद्य सामाग्री सहयोग स्वरूप प्रदान गर्नु पनि सरकारी दायित्व भित्रनै पर्दछ भने कोभिड-१९ कोरोना भाइरस महामारीको



नेपाललाई समेत आक्रान्त पारीरहेको अवस्था धेरै नेपालीहरूले राज्यको राहतहरू पाउन सकेको छैन ।

अर्धसामन्ति र अर्ध औपनिवेशिक अर्थतन्त्र भएका मूलुकहरूमा ठूला जमिन्दारहरूले जमीन ओगट्नु कृषि तथा जल खेतिका साधनमाथि शोषण गर्नु, खेतबाट कुट असुल्नु, चर्को व्याज लगाउनु र बटुवारा मोहीप्रथाबाट खाद्य उत्पादनको बाली हड्प्ने जस्ता कार्यहरू अझैसम्म भइरहेका छन् । गाउँ क्षेत्र र शहरी क्षेत्रमा पनि पिछडिएको उत्पादन गरीवी र भोकमरी प्रशस्त देखिनुको पछाडि यही कारण रहेको छ ।

स्रोत साधनहरूको निजीकरण ठूला बाँधहरूको निर्माण तथा विशाल वनस्पति खेती क्षेत्रको विकास जलखेती तथा अन्य नयाँ-नयाँ तरिकाको मुनाफाजन्य कृषि निगमका रणनीतिहरूले हाम्रा पवित्र जल, जमिन, जंगल तथा अन्य सामुदायिक स्रोत साधनहरू ध्वस्त पारेका छन् । खाद्य उत्पादनका लागि जमीनको भाग घट्दै गइरहेको छ । जमीन तथा साधनहरू कृषकको नियन्त्रणबाट बाहिरिंदै छन् । फल स्वरूप गरीबहरू झन् गरीब हुँदैछन् । चर्को मूल्यमा खाद्यान्न आयात् गरिन्छ, जुन साँस्कृतिक रूपमा अनुपयुक्त र असुरक्षित पनि छ । यसरी भोक र कुपोषण जतातत‌ै बढेको छ ।

खाद्य अधिकार, खाद्य उत्पादन अधिकारसँग गाँसिएको छ । जनताको खाद्य सम्बन्धी



development in Kathmandu and Bhaktapur to replace the old system to cope with the need of the rising population. This capacity will be extended to two other major urban center by the end of the Sixth Five Year Plan. The rural water supply program consist of providing piped water with standpipes and shallow wells equipped with hand pumps to the rural areas. The Sixth Five Year Plan has a special emphasis on the rural water supply to make available drinking water to further 2.99 million rural people thus bringing sage water supply to a total of 3.853 million rural people. The water supply and sanitation decade (1981-1990) just launched has also a sanitation programme to provide sanitation facilities to 19-4 percent of the rural population (2-15 million people). This will go a long way to improve the sanitation of the rural area which has not so far been converted.

Development of technology and technical capability.

With the execution of projects in the subsequent plans, technical capability to build project in all sectors has ground gradually, The author feels it worth mention the headway me in the development of hill irrigation projects once thought to be almost failure. Already suitable devices have been found for us in the development of irrigation in the different hilly regions of Nepal. These services have come across though a constrain effort to find new way an means in the process of experience of learning by observations and learning by doing.

These include use of trench type head works, short length concrete pipes and appropriate hydraulic design befitting the hill terrain. These methods should be propagate and used in all types of hill terrain and suitable improvements introduced in from time to ttime . To suit environment the hill canals in Nepal suffer from constraint landslides from hill sections above the canal alignment and hill sections below it. It is assumed that ideas will continue to occur in trenches To meet such contingency, it is always preferable to use short piece concrete pipe lengths (Hume pipes) in such trenches for conveyance of water. The auther would like to refer this 'Mobile bed' compared with the lining of the whole canal length in the stretch which is referred to an 'Rigid Bed'. The 'Mobile Bed' has the advantage of sustaining any settlement resulting from the slide and in the worst case any individual short piece afflicted by breakage can be immediately replaced and the canal water supply restored. Whereas in the case of 'Rigid Bed' the damage caused by landslide and settlement of canal bed or washing off the whole canal length in the worst case flowing the slide ins enormous and the restoration of can supply can be done only after a heavy repair involving time and at a substantial cost. Similarly the use of trench type headwork for diverting water into the hill canal from the fast flowing streams with steep bed slopes has been a unique success. The beauty of the structure lies in the fact that the structure is made almost in level with the stream bed with the minimum of obstruction to the incoming flow. The row to be diverted into the canal supplied by the underground trench which in turn is feed from the flow diverted by a low ill rising from the river bed a part of the trench type headwork. The conventional type of diversions putting solid barriers across the streams do not seem to work at all specially during floods causing structures to be washed off in part or full thus cutting off supply to the canal for indefinite periods. Restoration could take place at a great cost after a long time. Whereas damage cause to the trench type headwork is minimum during floods possibly with the removal of some of the steel bar sifted with the trench which can be rise after floods. The use of trench type headwork has thus been found very useful and it is being widely used each time with some improved version, The introduction of trench type head works and this 'Mobile Bed' in the hill canal has brought all the strength and confidence for the development of irrigation and mini hydro plants in the hilly areas of Nepal.

It will be opportune here to mention the role played by Hydrology and Meteorology in the development of water resources. It is essential to have correct data and information for the planning of water resources. The systematic collection of data on rivers and climatological information of the country started in 1961. Since that time hydrology and meteorological networks have been installed in different parts of the country begins with priority areas First. Efforts should be make to expand the networks to overall the river basins of the country to get the true picture of our water resources. Data so collected should be carefully processed and put in the data bank that they are available at all times for all aspects. Off water resources planning.

**Role of water resources in the National economy:**

The water resources is considered to be the best resource the country is endowed with. His Majesty Kind Birendra has guided the national at all times to develop this resource for the overall development of

With the completion of subsequent economic development plans. The infrastructure development in Power, Irrigation and drinking water was also gradually boosted. By the end of the Fifth Five Year Plan, Nepal has almost a dozen hydropower plans scattered over the counted. Though this development is moderate compared to the vast potential, on has to bear in mind that things have to be started from the scratch over the development period of just two and half decades. Similarly the irrigation facility way made available to about 200,000 hectares of land in the Terai plain and the hill over the same period. For the first time intensives irrigation was indroduced into the country with the introduction of on farm development in some of the Irrigation projects to increase the irrigation intensity and to increase yield overt the unit piece of land. This is all the more importance in view of the limited area available for cultivation. The thrust in the drinking water was also made with the availability of 139,100,000 liters of portable water per day to cater the need of 1.55 million people. It is to be appreciated that the people from the hills were also the major beneficiaries.

**Present program:**

The capability of the excuting agencies has been gradually rising over the time, the economic development plans were competed. This can be seen in the rise of out on the water resources projects over the target for achievement. Though over the five subsequent economic development plans, the achievement in pour was a meagre 53 MW additional which looks pretty impressive compared to our past performance. Similarly target 230,000 hectares of additional land under irrigation. This is also more than what was achieved during the completion of five subsequent plans. There is also an ambitious plan in drinking water to cater the portable water to about 30 percent of the total population. At present portable water is available to about 10-56 percent of the total population. Compared to what exists now the programme plan the rural people benefit in from the portable drinking water were 861,000. These figure is likely to increase to 3,853 million or 25.85 percent of the total population by the end of the Sixth Five Year plan. This is encouraging especially in view of the great difficulty faced by the rural people in fetching a pail of water.

A short brief may be given of projects now under construction. In poorer sector two of the hydro-electric projects viz Kulekhani I and Devighat (Trisuli) each with an installed capacity of 60 MW an 14 MW are being implemented. Kulekhani I is expected to develop its first 30 MW by December 1981 an d the second 30 MW by the earlier part of 1982. Devighat project being made with the co-operation of India is expected to go into commission in 1984. At the same time. Two other hydro-electric projects viz Marsyangdi with a capacity of 70 MW and Sapta Gandaki (Devghat ) with a capacity of 200 MW are in the advanced stage of the feasibility study with Marsyangdi possibly going into implementation phase in 1982.

Two other project viz Mulghat (Tamor) and Kulekhani II each having capacity of 65 MW and 33 MW are also under study. Besides, these other large projects are also under study. Of these Chisapani (Karnali) with a capacity of 3600 MW is worth mention. The coming decade its is expected will give a face lift in our effort towards hydro–electric development.

In irrigation sector, some of the major irrigation projects now under implementation are Sunsari-Morang (27,400 ha) west Koshi 25,900 ha) Kamala (2500 ha), Narayani Zone (40,900 ha) Chitwan valley, Gandak West (12,400 ha) and Bagmati (58,000ha). Besides this there are other several medium and small irringation project that are under construction. These all irrigation projects some of which are already partially completed on commission are expected to give a boost to our agricultural production. Nepal basically being an agricultural country needs more irrigation project which can provide viable supply of water of irrigation. Storager projets could provide such viable supply and efforts I n future should be geared towards the realization of this and while not forsaking the other meands includinghthe expoitaion of larege potential of groudnd water in the e Terai and the development of small irrigation project in the hills.

The water supply and sanitation sector is divided into our segments, rural water supply. Rural sanitatiom urban water supply and urban sanitation. Right now urban water supply is availble to the Kathmandu valley land almost all the towards in the Terai. The urban water supply is being further strengthened with the implementation of new projects in these areas. By the end of the Fifth five Year Plan, urban water supply was available for 690,000 people. Urban water supply will be made available to further 260,000 people by the end of the Sixth five Year Plan, thus serving 950,000 people living in the urban area. There new several system is being



अधिकारको सम्मान गर्नु भनेकै हरेक व्यक्तिको खान पाउने र खाद्य उत्पादन गर्न पाउने अधिकार स्वीकार गर्नु हो । यस भन्दा पनि महत्वपूर्ण कुरा के छ भने यो अधिकारको घनिष्ट सम्बन्ध कृषक कृषि मजदूर र जनताहरूको खाद्य उत्पादनका लागि आवश्यक स्रोत साधनहरूमाथि पहुँच र नियन्त्रणलाई प्रभावकारी सुरक्षा प्रदान गर्नु हो ।

खाद्य सम्प्रभूताको वास्तविक अर्थ जनताको खाद्य सम्बन्धी अधिकार सुरक्षित गर्नु हो । भोकाएका जनतालाई आन्दोलित गरी सरकारका खाद्य गोदामहरूमा थुपारिएका खाद्य सामाग्रीको दावी गर्नु, जमिन्दारहरूले ओगटेका जमीनको पुर्नवितरण गरी सामूहिक खेती प्रणालीमा लैजानु, जनताको सामुहिक शक्ति स्थापित गर्नु पनि हो । खाद्य अधिकार भन्नाले यसको समान र प्रवर्द्धनको आश्वासन मात्र नभएर यसबाट वास्तवमा नै जनताहरू लाभान्वित हुनुपर्दछ । खाद्य सम्प्रभूता वा खाद्यमाथि जनताको अधिकारको खास सार पनि यही नै हो ।

किसान र अन्य खाद्य उत्पादकहरू यी अधिकारहरू पुन:प्राप्ति गर्न र आफूमा निहित राख्न लामो समयदेखि संघर्षरत छन् । यस संघर्षबाट उनीहरू विश्व व्यापारिकरण, शोषण र दमनका सबैखाले हत्कण्डाहरूबाट मुक्त हुन चाहान्छन् । यसबाट नै मानव अधिकारको अभिवृद्धि खाद्य अधिकारको प्रवर्द्धन तथा खाद्य उत्पादन सम्बन्धी अधिकारको समान र बाँच्न पाउने अधिकारको सुरक्षा हुनेछ ।

खाद्य सुरक्षाबारे भोक विरूद्धको अधिकार वा खान पाउने अधिकारको कुरा गर्दा स्वास्थ र सक्रिय जीवनका लागि आवश्यक पर्ने सन्तुलित भोजन अनिवार्य शर्त हो । पर्याप्त र पोषनयुक्त भोजन सबै नागरिकलाई उनीहरूले चाहेको समयमा उपलब्ध गराउनु पर्दछ । यो विषयहरू खाद्य सुरक्षा सम्बन्धी प्रारम्भिक अवधारणाको रूपमा व्यक्त गरिएको पाईन्छ । भौतिक र आर्थिक दुबै हिसाबले खान पाउने अधिकार नागरिकको पहुँचभन्दा टाढाको विषय बन्नु हुँदैन । खाद्य सुरक्षा त्यतिबेला भएको मान्न सकिन्छ, जतिबेला देशका सबै नागरिकले खान पाउने छन् । खाद्य सुरक्षा सम्बन्धी यो परिभाषा विश्व खाद्य शिखर सम्मेलनले तय गरेको हो । यो परिभाषामा विश्व खाद्य तथा कृषि संगठन (एफ.ए.ओ.)को सबै सदस्य राष्ट्रका सरकार सहमत भएका छन् । सम्मेलनले खाद्य सुरक्षा गर्नमा सरकारमा रहेको एकल भूमिकाको समेत पहिचान गरेको थियो । यस्तो महत्वपूर्ण विषय आर्थिक तथा राजनीतिक दबावको हतियार बन्न नहुने कुरामा पनि सरकारी सहभागीताहरू सहमत भएका थिए ।

विश्वव्यापी रूपमा खाद्य सुरक्षाको रूपमा नियाल्ने हो भने, विश्वको कूल उत्पादनको लगभग ८६ प्रतिशत उत्पादन १४ प्रतिशत धनाढ्यको हातमा केन्द्रित छ । बाँकी ८६ प्रतिशत जनता केवल १४ प्रतिशत उत्पादनको उपभोग गरिरहेका छन् एक अर्को तथ्यले बताउँछ, अहिले विश्वका सबै जनतालाई प्रचुर मात्रामा खाद्यान्न पुग्ने स्थिति विद्यमान रहेको भएपनि संसारमा ८० करोड भन्दा बढी मानिस दिनहुँ भोक-भोकै आफ्नो जीवन गुजारिरहेका छन् । उपरोक्त जनसंख्या मध्येको करीब




दुईतिहाई मानिस एशियामा बसोवास गर्दछन् सन् ९० दशकतिर प्रत्येक वर्ष लगभग ६० लाख जनता भोकमरीको चपेटामा परेका थिए । आर्थिक उद्धारीकरणको नीति कृषि क्षेत्रमा लागू गरिएको कारणले खाद्यान्नमा थोरैले आधिपत्य जमाएका छन् । यतिबेला खाद्य सुरक्षाको विषय थोरैका लागि मुनाफाको विषय बनेको छ भने धेरैका लागि खान बाँच्न पाउने वा जीवन रक्षासँग सम्बन्धित रहेको छ । खाद्य असुरक्षा गर्ने हेतुले कसैमाथि आर्थिक नाकावन्दी गर्न नपाइने कुरा समेत विश्व खाद्य शिखर सम्मेलनमा पारित भएको भएपनि त्यसको पालना कहीँ कतैबाट भएको छैन । खाद्य सुरक्षा जस्तो समवेदनशील विषयमा अन्तर्राष्ट्रिय स्तरमा पनि कसैले नाकावन्दी गर्न नपाइने प्रावधानको सिर्जना गरिएको भएपनि त्यो निरर्थक सावित भएको छ । २०७२ साल असोज २ गते नेपालको गणतान्त्रिक संविधान २०७२ घोषणा भए पछि भारतले अघोषित नाकावन्दी गर्न पुग्यो । कहीं कतै नाकाबन्दी वा प्रतिवन्ध लगाईरहेको भए त्यसलाई पनि तत्काल हटाउनुपर्ने निर्णय भएपनि सो कार्वाही हुन सकेको छैन ।

हाम्रो देश सन् ८० को दशकतिर खाद्यान्न निर्यात गर्दथ्यो । तर अहिले हामीलाई आवश्यक पर्ने सम्पूर्ण खाद्यसामाग्री र कृषिजन्य वस्तुहरू हामी आयात गर्दछौं कुनैपनि राज्यको प्रमुख जिम्मेवारी खाद्य सुरक्षा गरी आफ्नो देशका नागरिकलाई खानाको व्यवस्था मिलाउने हो । खाद्यानमा देशलाई आत्मनिर्भर बनाउने हो । तर के स्थिति यस्तै छ त ? हाम्रो देश कृषि प्रधान देश हो । जहाँका ६५ प्रतिशत जनताले आफ्नो पेशाको रूपमा कृषिलाई अँगालेका छन् तर किसान भोक-भोकै परिरहेका छन् । खासगरी देशका दुर्गम भेगहरूमा वर्षौ निजस्तो भोकमरी कुपोषण र हैजाको कारणले थुप्रै नागरिकको ज्यान गएको यथार्थ तथ्य हाम्रा अगाडि ताजै छ । संसारभरी यसरीनै मानिसहरू मरिरहेका छन् । संसारबाट भोकमरीको अन्त्य गर्ने जस्तो अत्यन्त चुनौतिपूर्ण कार्य विश्व खाद्य शिखर सम्मेलनले तय गरेको भएपनि सो योजना अनुसार कामहरू हुन सकेका छैन । विभिन्न देशका सरकारले यस सम्बन्धमा व्यक्त गरेका प्रतिवद्धताहरूबाट ठोस उपलब्धी लिन सकेको छैन । सन् २०१५ सम्ममा विश्व खाद्य तथा कृषि संगठनले प्रक्षेपण गरे अनुसार संसारबाट प्रत्येक वर्ष झण्डै दुईकरोडको दरले गरीबी घटाउने योजनालाई पूरा गर्न सक्नु पर्दथ्यो । तर त्यसो हुन सकेको छैन । अहिलेकै दरमा भोकमरी घटाउने हो भने पनि विश्वबाट भोकमरीको अन्त्य गर्न अझ ६० वर्ष लाग्ने कुरा सार्वजनिक भएको छ । अर्कोतिर सन् १९९६मा आयोजित विश्व खाद्य शिखर सम्मेलनले विश्वबाट सन् २०१५ सम्ममा गरीबी र भोकमरीको संख्या आधाले अर्थात ४० करोडले घटाउने निर्णय गरेको भएपनि

सो समयसम्म तोकिएको संख्या भोकमरीबाट मुक्त हुने कुनै छाँट छैन ।

खाद्य सुरक्षाको पहिलो खर्च खाद्य सम्प्रभुता हो भन्ने अवधारणा पनि अहिले भएको छ । त्यसैले सरकारका अधिकांश कार्यक्रम खाद्य उत्पादन वितरण र व्यवस्थापनमा सम्प्रभूता प्राप्त गर्नका लागि गरिनुपर्दछ । यस्तो सम्प्रभूता अझ स्थानीय तहमा केन्द्रित हुनुपर्दछ । यहाँ स्थनीय तह भन्नाले खाद्यान्न उत्पादन गर्ने किसान र गाउँलाई नै केन्द्रित हुनुपर्दछ भन्ने हो । संसारका विभिन्न देशहरूमा आर्थिक उद्धारीकरण विश्व व्यापारीकरण र खुलाबजार अर्थनीति अवलम्बन गर्नुभन्दा अगाडि सरकारी साधन-स्रोत स्थानीय तहतर्फ नै केन्द्रीत थियो । तर, अहिले संरचनागत सुधार कार्यक्रमको नाममा राज्यद्वारा संरक्षित गरिनुपर्ने क्षेत्रहरू सरकारको प्राथमिकताको विषयभित्र पर्ने गरेका छैनन् । यसैगरी सार्वजनिक सम्पत्ति सरकारी साधन स्रोतहरू पनि यस क्षेत्रबाट अन्यत्र मोडिएका छन् । कृषि क्षेत्रका लागि छुट्याएको वजेट पनि कृषिको व्यापारीकरणको दिशातर्फ उन्मूख छन् । व्यापार निर्यात प्रवर्द्धनमा जोड दिएको छ । नागरिकका नाममा लिएको ऋण अनुदान पनि संरचनागत सुधार कार्यक्रमले तोकेको र प्राथमिकता प्राप्त अनेक व्यापारिक सम्झौताको कार्यन्वयनको लागि प्रयोग गरिएको पाइन्छ । यिनै कारणले खाद्य सुरक्षामा संकट आइरहेको छ । खाद्य तथा कृषि संगठनका सदस्य राष्ट्रहरूमा खाद्य असुरक्षा दिन-प्रतिदिन झन-झन बढेको छ ।

अहिले कृषि क्षेत्रलाई व्यापारको डायरा भित्र पारेर खाद्यान्नमा झन् संकट ल्याएको छ । विश्व व्यापार संगठनले खाद्य सुरक्षामा समेत गतिरोध उत्पन्न गराएको छ । कृषिको अन्तर्राष्ट्रिय बजार ध्वस्त बनाएको छ । जसको कारणले विश्व खाद्यान्न संकटतर्फ धकेलिइरहेको छ । संगठनका अनेकौं भेदभावपूर्ण सम्झौताहरूले एकातिर विकसित औद्यौगिक देशलाई संरक्षण गरेका छन् भने अर्कोतिर विकासोन्मुख र अति कम विकसित देशहरूले पाउँदै आएका सुविधाहरू एक पछि अर्को रूपमा गुमाउने स्थितिको सिर्जना गरिदिएको छ । केही महिना अगाडि संगठनको दुहामा आयोजना गरिएको चौथौं मन्त्रि स्तरीय विकासोन्मुख देशका प्रतिनिधिहरूले कृषि क्षेत्रको विकास र खाद्य सुरक्षामा टेवा पुऱ्याउन संगठन भित्र केही सुधार चाहेका थिए । जसका लागि विकास बक्स प्याकेज अगाडि सारिएको थियो । यदि यो अवधारणा पारित भएको भए खाद्य सुरक्षा कायम गर्न थोरै भए पनि मद्दत मिल्ने र ग्रामीण क्षेत्रको विकासमा थोरै सुधार पुग्ने कुरामा ति देशका प्रतिनिधिहरूको दावी थियो । तर यो अवधारणालाई बैठकले स्वीकृत नगरेका परिणाम स्वरूप कुनै निर्णय हुन सकेन । यद्यपी विकास बक्स जस्तो सामान्य सुधारको प्याकेजले खाद्य सुरक्षामा तात्विक टेवा पुऱ्याउने कुरामा विश्वस्त हुन भने सकिँदैन । खाद्य सुरक्षाको पूर्ण प्रत्याभूतिको लागि एउटै मात्र विषय हुनसक्छ त्यो हो विश्व व्यापार संगठनको कृषि सम्बन्धी सम्झौता खारेज गरी संगठनलाई कृषि क्षेत्रबाट बाहिऱ्याउने अर्थात कृषि क्षेत्रलाई व्यापारिक डायराबाट हटाउनु ।

आज विश्वमा खाद्यान्न संकट आउनुको अर्को महत्वपूर्ण कारण व्यापारिक खेती प्रणालीले पनि हो । वहुर्राष्टिय निगमहरूको खाद्यान्न उत्पादनमा रहेको स-शक्त उपस्थिति र हस्तक्षेप पनि हो । यी निगमहरू विभिन्न देशमा हजारौं एकड जमीन कब्जा गरी ठूलो परिणाममा खाद्यान्न उत्पादन गरिरहेका छन् जसले गर्दा साना किसानको उत्पादन विस्थापित भइरहेको छ जसको परिणामस्वरूप किसान खेतीपातीबाट अलग भइरहेका छन् । त्यसैले यो खेती प्रणालीको विरूद्धमा पारिवारिक खेती प्रणाली अपनाउने विषयमा जोडदिन आवश्यक भएको कुरा अफ्रिकी देशका गैह्र-सरकारी संस्थाका प्रतिनिधिहरूको निष्कर्ष रहेको छ । विश्वका अन्य भू-भागहरूमा पनि यो मान्यता खण्डित नै हुने स्थिति भन्ने छैन । संसारमै अहिलेको आवश्यकता भनेको दिगो ग्रामीण आर्थिक विकास हो । उसलाई नव-उद्धारवादले विस्थापित गरेको छ र यो आज कृषि क्षेत्र र खाद्य सुरक्षाको सर्वथा चुनौतीको विषय बनिरहेको छ । अर्कोतिर विकसित र औद्यौगिक राष्ट्रहरूले आफ्नो उत्पादनहरूलाई उच्चस्तरमा संरक्षणको व्यवस्था गरी उत्पादन सस्तो बनाएका छन् भने हाम्रो जस्तो अति कम विकसित र विकासोन्मुख देशका सरकारले आफ्ना उत्पादक किसानलाई दिँदै आएको अनुदान सहुलियतपूर्ण रूपमा हटाउन ठूलो दवाव सहनुपरेको छ । फलस्वरूप विकासोन्मुख देशका सरकार किसानलाई सुविधा प्रदान गरिरहेका यी सुविधा हटाउन वाध्य भएका छन् ।

यस सम्वन्धमा विकसित औद्योगिक शक्तिशाली देशहरूले तेश्रो विश्वका किसानलाई तवाह बनाइरहेका छन् केही उदाहरण हेरौं । अमेरिकी भारी अनुदान प्राप्त मकै विनारोकतोक मेक्सीकोमा भएको प्रवेशले त्यहाँका २० लाख किसानको उठीवास भएको छ । आफ्नो उत्पादन मकैको लाभकारी मूल्य नपाएको परिणाम स्वरूप किसानहरू मकै खेती गर्न छाडेका छन् । कामको खोजीमा अन्यत्र भौतारिएका छन् । गरीबी झन्-झन् बढेको छ । किसानहरूको जीवनस्तर झन्-झन् खस्कदै गएको छ । खाद्य सुरक्षामा झन् चुनौंती आएको छ ।

संसारका विकासोन्मुख तथा अति कम विकसित देशहरूको कृषि क्षेत्रको हबिगत यस्तो हुनु खाद्यान्नमा झन-झन् संकट आउनु र किसान कृषि पेशाबाट अलग हुनु एउटै कारण छ चाहे त्यो हैटीमा होस्, चाहे केन्यामा, मेक्सीको या भारतमा नै किन नहोस् यी सबै स्थितिको जिम्मेवार आर्थिक उद्धारीकरण हो नव उद्धारवाद । विश्व व्यापारीकरणको भूमिकाले यसलाई बढाएको छ । खुला बजार अर्थनीतिका गलत तौर तरिकाहरू जिम्मेवार छन् ।

संयुक्त राष्ट्र संघीय खाद्य तथा कृषि संगठनको आयोजनामा सन् १९९६ मा पहिलो पटक विश्व खाद्य शिखर सम्मेलन भएको थियो । सम्मेलनमा संगठनका एकसय त्रियासी सदस्य राष्ट्रको सहभागीता थियो । सम्मेलनको अन्तमा संगठनका सदस्य राष्ट्रबीच सन् २०१५ सम्ममा विश्वबाट भोकमरी पीडित जनताको संख्या आधाले घटाउने अर्थात ८० करोडबाट ४० करोडमा झार्ने सहमति भएको थियो । रोम घोषणा-पत्रको रूपमा सार्वजनिक उक्त सम्मेलनको महत्वपूर्ण अन्तर्वस्तु यही थियो । ५ वर्षपछि गत जुन महिनाको १० देखि १३, २००२ सम्म ईटालीको रोममा पुन: संसारभरीका राष्ट्र प्रमुख सरकारका प्रनितिधिहरू भेलाभई आफूले बनाएको कार्ययोजनाको सिंहावलोकन गरे । अहिलेकै दरमा भोकमरीको संख्या घटाउने हो भने पहिलो खाद्य शिखर सम्मेलनको लक्ष्य प्राप्त हुन नसक्ने ठहर सम्मेलनले गऱ्यो । अहिलेसम्मको प्रगति सन्तोषजनक नरहेको सरकारका प्रतिनिधिहरू स्वयम्ले स्वीकार गरे । यो लक्ष्य प्राप्तिका लागि भोक विरूद्ध अन्तर्राष्ट्रिय मोर्चा कायम गर्ने जसका लागि सरकारी अन्तर्राष्ट्रिय संस्थाहरू गैह्र-सरकारी र निजी क्षेत्रको संयुक्त प्रयास आवश्यक रहेको सम्मेलनले महसूस गऱ्यो । त्यसैगरी थप साधन स्रोत परिचालन गर्नुपर्ने कुरामा सम्मेलनको जोड थियो । सन् २०१५ सम्ममा भोकमरी पीडित जनताको संख्या आधाले घटाउने



# Water Resources Development in Nepal

**Introduction :**

Nepal has a vast potential of water resources. The country is crisscrossed by a large number of rivers (Fig.) It has for large rivers viz, the Mahakali, The Karnali The Sapta Gandaki and the Sapta Kosi and more than six thousand medium and small rivers to its account. These four large Rivers are perennial in nature and they are fed by snow and glacier melt from the Himalayas and the monsoon rainfall which account for nearly 90 percent of the country's surface water. The water from these great river systems is supplemented by the flow of a number of smaller rivers draining the lower mountainous regions and the foothills bringing the annual run-off close the200,000 million cubic meters. Additionally there exists a big reservoir of groundwater in the Terai and in the interior midland valleys.



Nepal has ye barely tapped the potential of this great natural asset. From the average annual run-off total withdrawals at preset for all human use do not exceed 1000 million cubic meters 90.5 percent of the total run off). Nepal is said to possess 83,000 megawatts or a lightly higher figure than this is assumed to be ranging in size from a few kilowatts to several thousands of megawatts and with choices between big storage, diversion and run of the river type projects. Even, out of this fires, only 53 Megawatts the economically feasible potential. Only 4 percent of the population and of total commercial energy consumption, hydro- electricity accounts for only 11 percent with the imported petroleum 65 percent and coal 24 percent accounting for the remainder. Of an irrigable area estimated to be close to 1.5 million hectares only about 0.2 million hectares (13.3%) have been brought under irrigation and of a total population of 14.2 million approximately 1.55 million (10.56% have convenience access to safe surface or ground water supplies, Water there for presents tremendous possibilities for the future .

Yet before the advent of democracy in Nepal in 1950, very little was done in the development of this major resource. In power Nepal had its first ever hydro power plant in Pharping commissioned in 1911 with an installed capacity of 500 KW. It took another 19 years before a second hydro plant with an installed capacity of 640 KW was commissioned in Sundarijal in 1930, Another Hydro-electricity project call the Morag hydro-electric project with an installed capacity of 1600 KW was commissioned in 1939 in the district of Morang. This project does not exist anymore following heavy damage. Thus the hydro-power that existed before the lanching of the First Five Year Plan, totaled just a meagre 2740 KW. In irrigation too, the situation was no better before the First Five Year Plan. There existed four canal systems viz the Chandra canal, (Saptari), Juddha canal (Sarlahi), Jagdishpur Reservoir (Kapilvastu) and the Pardi bund ( Kaski) that provided irrigation facilities to 17,200 hectares of land in total. The drinking water available during that period was 40,485,200 liters per day that benefitted a population of 281, 430 mostly serving the urban areas. Of Kathmandu and its vicinity.

**Present Status :**

Nepal's economic development took a turn for the better with the launching of its First Five Year Plan in 1956 when all development activities basically infrastructure building took place in a planned way and the development of water resource had also its fair share. To begin with there were several constraints viz financial constraints, manpower constraints, infrastructural constraints etc. There is however did not totally impede the path to development.

**सम्पादकीय** ........

दल लगायत सम्पूर्ण देशवासीको एकतालाई धन्यवाद नदिइरहन सक्दैन । भलै राष्ट्रको लागि बलिदान हुन दिन नपरोस् देशको लागि शुभ कार्य हो ।

अब देशको भूमिबाट भारतीय सेना नेपालबाट फिर्ता गराउनु २०१९ सालमा जनगणना भएका नेपालको सम्पूर्ण भू-भागमा नेपाली प्रशासन सक्रिय गराउने, यस विषयमा भारत आनाकानी गरे नेपालको सामु दुईवटा विकल्प बाँकी रहेको छ ।

१ अन्तर्राष्ट्रिय पहल, दवाव :

नेपालको संविधानमा लिम्पियाधुरा, कालापानी र लिपुलेक फिर्ता गर्न अन्तराष्ट्रिय अदालतमा जाने, भारत यदि शान्तिपूर्वक रुपमा नेपालको जमीन फिर्ता गर्न चाहँदैन भने नेपालले अन्तर्राष्ट्रियकरण गरी वैधानिक रुपमा मुद्दा दर्ता गर्ने, यो नै उचित उपाय नेपालको लागि उपयुक्त हुन सक्छ ।

२. शक्तिको प्रयोग :

नेपालको संविधानमा वैधानिक रुपमा लिम्पियाधुरा, कालापानी र लिपुलेक नेपालको कानूनी रुपमा आइसकेको छ । यदि भारत सरकारले नेपालको भू-भाग छोड्दैन भने नेपालको भू-भागमा कानूनी प्रशासनको स्थापना गर्दा जनताको दुःखसुखकासाथ अगाडि बढ्छ पर्छ । नेपालको तर्फबाट प्रशासनिक प्रयोग गर्दा भारतको हस्तक्षेत्र कस्तो हुन्छ । त्यसको प्रतिकार गर्नु पर्छ । जहाँ युद्ध पनि हुन सक्छ ।

नेपाल र भारत एक असल मित्र राष्ट्र पनि हो । हामीसँग रोटी र बेटीको सम्बन्ध पनि सदियौं देखि रहँदै आएको छ । यस्तो सम्बन्ध कतिपय देश धेरै देशमा यति लामो समय हुँदै सक्दैन । हाम्रो देश सानै भए पनि हामीसँग अदम्य साहस छ । जोस र जाँगर छ । हामीले भारतलाई सदियौं देखि सहयोग गर्दै आएको छ । यो कुरा भारतले भुल्नु हुँदैन । इतिहासमा भारत स्वभाविक रुपमा ठूलो देश हो । तर हाम्रो देशको तत्कालीन शासकहरूको रवैयाको कारण भारतले हेप्ने प्रवृतिको विकास बढ्दै आएको छ । जसको मुख्य कारण हामी बीचको गरीबी नभई मानसिक गरीबीको कारण भएको छ । हामी आत्मनिर्भर बन्न अझै नसकेको कारण, कतिपय कुरामा भारत माथि निर्भर बन्नु परेको कारण भारत सरकारले हेप्दै आएको छ । यो परम्परालाई "समृद्ध नेपाल र सुखी नेपाली" बन्नुको विकल्प छैन । त्यसकारण आत्मनिर्भर भएर भारतको हेप्ने मनोवृतिलाई परास्त गर्न एउटै मात्र विकल्प भनेको समृद्धि नै हो । समृद्धि भएपछि सीमाको भू-भागको कुनै समस्या रहँदैन ।

# कागती खेती प्रविधि

**परिचय :**

यसलाई अङ्ग्रेजीमा Lime भनिन्छ । भने वानस्पतिक नाम Citrus aurantilolia हो । यो Rosaceae परिवारमा पर्छ । नेपालमा कागती खेती पहिलेदेखि गर्दै आए पनि बिजु बिरुवा उत्पादन गरी लगाउने चलन थियो । यसरी तयार भएको बिरुवाबाट फल उत्पादन हुन ५-६ वर्ष लाग्ने भएकाले कलमी गरी बिरुवा उत्पादन गरेको २-३ वर्षमा नै फल्ने र हाँगै पिच्छे सुन्तला, कागती, मुन्तला र जुनार राख्न सकिन्छ । यसरी तयार भएको बिरुवामा फल्दाखेरी आफूलाई चाहिने फल एउटै बोटबाट उत्पादन हुनुका साथै हेर्दाखेरी पनि अचम्म लाग्ने र कम जग्गा भएका व्यक्तिलाई यस्तो बिरुवाबाट सबै प्रकारको फल उत्पादन गरी खान सकिन्छ । यसरी तयार भएको कलमी बिरुवामा वर्षको २ पटक मल हाल्न जरुरी छ ।



कुनै व्यक्तिलाई अरिङ्गाल, बारुलो, कमिला, माहुरीले टोकेमा निबुवा, ज्यामीर र कागतीको रस चुक अमिलो बनाइराखेको बाक्लो रसले जिउभरि चुक अमिलो दलिदिने र आधा चम्चा खुवाइदिनाले निको हुनुको साथै स्वास्थ्यका लागि निकै राम्रो हुनेछ । गाउँघरमा, स्वास्थ्य चौकी नभएको ठाउँमा यो प्रविधि प्रयोग गरेमा अरिङ्गालले टोकेको घाउ निको हुनुका साथै केही व्यक्तिलाई नाकमा पानी बस्ने जुका पसेमा पनि जुका अमिलो राखिदिएमा मरेर बाहिर आउँछ ।

**हावापानी :**

यसको खेती समुद्रसतहबाट ७५०-१४०० मिटर, वार्षिक वर्ष १०० देखि २०० सेमि मिटर र माटोको पिएच ५.०-७.० सम्म भएको हुनुपर्छ र मलिलोपन भएको माटो हुनुपर्छ ।

**कलमी गर्ने तरिका :**

कागतीलाई कलमी गर्नुभन्दा पहिले तीनपाते (ट्राइफोलियट) बिरुवा कलमी साइजको तयार भएपछि माघ र साउनमा कलमी गर्न सकिन्छ ।

पानीको निकास

नर्सरी र बिरुवा रोप्नु भन्दा पहिले पानीको निकास गर्न चारै तर्फ खोल्चा बनाउनु पर्छ । यसरी निकास बनाउँदा पानी परेको बगेर जान्छ । र जरा कुहिने रोगबाट बोट नोक्सानी हुन बाट बचावट हुन्छ ।

**बिरुवा लगाउने समय र जात :**

बिरुवा रोप्नुभन्दा पहिले जग्गा रेखाङ्कन गर्नु जरुरी हुन्छ । यसरी नाप भएको जग्गामा खाल्डो १-२ महिना अगाडि तयार गरिराख्ने र त्यस्तो खाल्डोमा कुनै काम नलाग्ने वस्तु राखी बालीदिनु पर्छ र जसले गर्दा रोगले आक्रमण गर्ने कम हुन्छ । त्यस्तो खाल्डोमा सारेको बोट हलक्क बढ्छ । एक बोटबाट अर्को बोट ४ मिटर फरकमा रोप्नु पर्छ । अमिलो जातको बिरुवा जेठदेखि साउनसम्म लगाउन सकिन्छ । कागतीको जात स्थानीय, युरेका, वनारसी र गलमल छन् ।

**रोग र कीरा :**

सुन्तला जातमा जस्तै रोग र कीरा लाग्ने भएकाले सोही बमोजिम उपचार गरेमा नियन्त्रण हुन्छ ।

लेखक : वासुदेव कर्माचार्य : नेपालमा फलफूल खेती र कलमी गर्ने प्रविधि



आफ्नो पूरानो प्रतिवद्धता दोहोऱ्याउँदै सम्मेलन सम्पन्न भएको थियो ।

सम्मेलनले प्रत्येक नागरिकका लागि सन्तुलित र सुरक्षित भोजनको अधिकार अर्थात खान पाउने अधिकार प्रत्याभूति गर्नुपर्ने आफ्नो विगतको ठहरलाई पुनर्पुष्टि गरेको छ । खाद्य सुरक्षाको विषय राजनैतिक र आर्थिक दवावको हतियार बन्न नहुने पूरानै अडानलाई पनि सम्मेलनले पुनः दोहोऱ्याएको छ । त्यसैगरी सम्मेलनले अधिकाँश देशहरूको राष्ट्रिय बजेट क्रमशः तल झर्दै गएको विकसित देशका तर्फबाट विकासोन्मुख देशको विकासको प्रक्रियालाई सहयोग पुऱ्याउने अभियान प्रतिका प्रतिवद्धताहरू पूरा नभएका खाद्य उत्पादन वितरण र कृषि क्षेत्रका दिगो विकास ग्रामीण जनताको स-शक्तिकरण हुन नसकेको जस्ता विषय र प्रशङ्गहरू उठेपनि तिनको उचित निदानको लागि ठोस अग्रसरता र योजनाको अभाव भन्ने त्यस पटकको सम्मेलनले देखाएको थियो ।

विगतमा तय गरेको भोकमरी घटाउने लक्ष्यलाई पूरा गराउन अबका प्रत्येक वर्ष औसतमा दुई करोड भन्दा बढीका दरले भोकाहरूको संख्या घटाउनु पर्ने सम्मेलनको निष्कर्ष रहेको छ । गरीवी घटाउने र खाद्य सुरक्षा कायम गर्ने जस्ता विषयहरू सँग-सँगै लैजानु पर्ने सम्मेलनले महसूस गरेको छ । मानव अधिकारको समान आधारभूत स्वतन्त्रता र विकासको अधिकार कानूनी शासनको प्रत्याभूति र सवल आर्थिक नीतिहरूको पक्षमा सम्मेलनमा वहस पैरवी भएको र घोषणा-पत्रमा यी विषयहरूले पनि स्थान पाएका छन् । विभिन्न जनजाति, भाषा-भाषी, लिङ्ग, धर्ममा कुनै पनि विभेद गर्न नहुने विषयमा पनि सरकारका प्रतिनिधिहरूबीच सैद्धान्तिक सहमति थियो । आर्थिक सामाजिक साँस्कृतिक र मानवीय समस्या समाधानार्थ अन्तर्राष्ट्रियस्तरमा परस्पर सहयोगको आदान प्रदान हुनुपर्ने खाद्य सुरक्षा र कृषि क्षेत्रको विकासको लागि खाद्य तथा कृषि संगठनको भूमिका बढाउनु पर्ने सम्मेलनले अगाडि सारेका प्रस्तावहरूको कार्यन्वयनको लागि संयुक्त राष्ट्र संघ खाद्य तथा कृषि संगठनले सदस्य राष्ट्रलाई सहयोग पुऱ्याउनु पर्ने जस्ता सैद्धान्तिक विषयमा सम्मेलन एकमतोमा पुगेको पाइन्छ । विकासोन्मुख तथा अति कम विकसित देशहरूले विश्व व्यापीकरणका असर र चुनौतीहरू सामना गर्नु परेको र यो निक्कै कठिन रहेको पनि सम्मेलनले महशुस गरेको थियो ।

*सम्मेलनले एफ.ए.ओ. ट्रष्ट फण्ड स्थापनामा जोड दिएको छ जसलाई प्राकृतिक प्रकोप आपत्कालीन सहयोग र खाद्य सुरक्षा कायम गर्नमा भोक विरुद्ध लड्नका लागि स्रोतका रूपमा परिचालन गर्ने जस्तो नीतिगत निर्णय लिएको छ । जुन सकारात्मक पक्ष हो । सम्मेलनमा विकसित देशहरूले आफ्नो कूल ग्रार्हस्थ्य उत्पादनको ०.७ प्रतिशत विकासोन्मुख देशको प्रक्रियालाई प्रत्यक्ष सहयोग पुऱ्याउने कुरामा जोड दिएको पाइन्छ ।*

सम्मेलनले एफ.ए.ओ. ट्रष्ट फण्ड स्थापनामा जोड दिएको छ जसलाई प्राकृतिक प्रकोप आपत्कालीन सहयोग र खाद्य सुरक्षा कायम गर्नमा भोक विरुद्ध लड्नका लागि स्रोतका रूपमा परिचालन गर्ने जस्तो नीतिगत निर्णय लिएको छ । जुन सकारात्मक पक्ष हो । सम्मेलनमा विकसित देशहरूले आफ्नो कूल ग्रार्हस्थ्य उत्पादनको ०.७ प्रतिशत विकासोन्मुख देशको प्रक्रियालाई प्रत्यक्ष सहयोग पुऱ्याउने कुरामा जोड दिएको पाइन्छ । त्यसैगरी तेश्रो विश्वका देशहरूको ऋणग्रस्तताको बारेमा छलफल भए पनि जस्तो ऋण मिनाहाका लागि ठोस टेवा पुग्न सकेको देखिएन । यसो हुनुमा यस सम्मेलनमा अधिकांश विकसित तथा औद्योगिक देशका तर्फबाट राष्ट्र प्रमुख तथा सरकार प्रमुखले भाग लिएका थिएनन् । यो अत्यन्त आलोचनाको विषय हुनुपर्ने थियो । औद्योगिक र विकसित मुलुकमा आयोजक इटाली र अहिले युरोपियन समुदायको सभापति रहेको स्पेनले मात्र सम्मेलनमा उच्च स्तरमा भाग लिएका थिए । अन्य सबै विकसित देशबाट सरकारी अधिकारीहरूको प्रतिनिधित्व रहेको थियो । सम्मेलन विश्वबाट गरीबी, भोकमरी र कुपोषणको समाप्तीका लागि बृहत्तर अन्तर्राष्ट्रिय सहयोग बृद्धि गर्नुपर्ने जस्ता आव्हान गर्दै समाप्त भएको थियो । यो आफ्नो उद्देश्य प्राप्तिमा कति सफल हुने हो ? त्यो त आगामी दिनमा मुल्याङ्कन गरिने विषय हो । अहिले सम्मेलनले आगामी लक्ष्य पूरा गर्न आवश्यक कार्ययोजना र प्रतिवद्धता सहितको ठोस निर्णय भने गर्न सकेको छैन मात्र भन्न सकिन्छ ।

विश्व खाद्य शिखर सम्मेलनसँग-सँगै गैह्र-सरकारी संस्थाहरूको समानान्तरण सम्मेलनको आयोजना पनि जुन ८ देखि १३ सम्म रोममा नै गरिएको थियो । किसान, महिला, मजदुर, आदिवासी, जनजाति, वातावरणकर्मी तथा गैह्र-सरकारीसंघ संस्थाका ६०० भन्दा बढी संगठनका प्रतिनिधिहरू सम्मेलनमा सहभागी थिए । सरकारीस्तरबाट व्यक्त प्रतिवद्धता विगत भन्दा झन् फितलो र कम्जोर रहेकाले त्यसलाई सम्मेलनले अस्वीकार गऱ्यो । सरकारको विगतको लक्ष्य पूरा गर्न आवश्यक पर्ने पर्याप्त कार्ययोजनाको व्यवस्थित स्वरूप आउन नसकेकाले गरीबी निवारन हुन नसक्ने ठहर गरी सरकारी घोषणा-पत्रलाई त्यही पुरानो असफल औषधीको संज्ञा दिँदै गैह्र-सरकारी संस्थाहरूले आफ्नो धारणा व्यक्त गरेका थिए । त्यसैगरी खाद्य तथा कृषि संगठनले ५ वर्ष अगाडिको सरकारी प्रतिवद्धता पूरा नहुनुमा दुईवटा विषयलाई अगाडि सारेको थिए । पहिलो, सदस्य राष्ट्का सरकारहरूको राजनैतिक इच्छा शक्तिको अभाव र दोश्रो हो पर्याप्त साधन स्रोतको परिचालनमा कमी । संगठनको विश्लेषणमा केही सत्यता देखिए पनि यही कारणहरूले मात्र सरकारी प्रतिवद्धता असफल भएको भन्ने कुरामा पर्याप्त आधारहरू छैनन् । के सरकारले राजनैतिक प्रतिवद्धता व्यक्त गर्दैमा साधन स्रोतको थप पुर्नव्यवस्थाले यही समस्या समाधान हुन्छन् होला ? यथार्थमा यस्तो होइन भोक विरुद्धको अधिकार वा मानवले बाँच्न पाउने अधिकार खाद्य सुरक्षा कायम गर्ने विषय वा खाद्य सम्प्रभुताको विषय भनेका आधारभूत मानव अधिकारका विषयहरू हुन् । नत यिनलाई सरकारको थोरै साधन स्रोतको व्यवस्थापनबाट प्राप्त गर्न सकिन्छ न यी राजनैतिक इच्छा शक्ति मात्र विषयवस्तु हुन् । यी विषयको प्राप्ती राज्यले अख्तियार गर्ने नीतिमै आधारभूत रूपमा अन्तर्निहित रहन्छन् । यतिबेला राज्यले लिएका नीतिहरू भोकमरी घटाउने भन्दा त्यसलाई चढाउन प्रमुख रूपमा सहयोगी बनेका छन् । आर्थिक उद्धारीकरण विश्वव्यापारीकरण र खुल्लाबजार अर्थ व्यवस्थाको अन्धाधुन्ध अवलम्बन र अनुकरण नै सरकारी प्रतिवद्धता प्राप्तीमा प्रमुख रूपमा बाधक र जिम्मेवार रहेको निष्कर्ष निकाल्दा मात्र सत्यको नजिक पुगिन्छ । भोकमरी पीडित जनतालाई राहत पुऱ्याउनु पर्ने सरकारले विश्व व्यापारीकरणको प्रक्रियालाई संरक्षण सम्वर्द्धन र विस्तार गर्न थप समस्या र जटिलता थपिदिएको छ जसले जीवनका सबै क्षेत्रका

दिन प्रतिदिन संकट निम्तीरहेको छ। खाद्य असुरक्षा बढाइरहेको छ। खाद्य सम्प्रभुता जनता र राज्यमा निहित हुन सकिरहेको छैन। आफ्नो देशको बजार खुल्ला गरी जनताको निर्वाहमुखी व्यवसायिक खेती प्रणाली ध्वस्त गराई दिनाले खाद्य सुरक्षा र सम्प्रभुतामा सर्वथा चुनौती थपिएको अत्यन्त तितो अनुभव रहेको छ। देशको आर्थिक, सामाजिक कृयाकलापमा बढ्दोत्तरी ल्याउने अर्थतन्त्रका आधारभुत संरचना र स्तम्भको रूपमा रहेका सार्वजनिक संस्थाहरूको अन्धाधुन्द निजीकरणले औद्योगिक संरचना भत्किन गई विश्वका अधिकांश देशहरू चर्को मुद्रास्फर्ती व्यहोर्दै टाट पल्टिन लागेका छन्। सार्वजनिक सम्पति माथि जनताको पहुँचलाई अलग गराउने यस्तो जनविरोधि नीतिनै वास्तवमा भोकमरी विरूद्धको लडाईका प्रमुख बाधक रहेको विश्वका जुनसुकै देश र भेगको अनुभवले सिद्ध गरेको छ। विश्व बैंकको बजारमूखी कठीत भूमि सुधार कार्यक्रम जस्ता किसान विरोधी कार्यक्रमको वकालतले किसानलाई झन् गरीबीतर्फ धकेलीदिएको छ। उनीहरू दिनहुँ भूमिहीन भइरहेका छन्। खाद्य सुरक्षा र भोकमरीका विषयहरू गम्भीर संकटमा परेको निष्कर्ष यो सम्मेलनले निकालेको छ। उक्त सम्मेलनले खाद्य सम्प्रभुता सम्बन्धी अवधारणागत स्पस्टता ल्याएको छ। नीतिगत र सैद्धान्तिक ढंगले यसको व्याख्यालाई अगाडि सारेको छ। यस विषयलाई एउटा आधारभूत मान्यताको रूपमा अगाडि ल्याएको छ। मानवको बाँच्न पाउने अधिकार वा भोक विरूद्धको अधिकार र खाद्य सुरक्षा कायम गर्ने विषयलाई कसैको इच्छालाई केही सहयोग गरेको आधारलाई प्राप्त गर्न सकिन्न। यसका लागि उत्पादनका साधनमाथि जनताको पहुँच स्थापित हुन जरूरी छ। उत्पादन प्रणाली र व्यवस्था न्यायोचित र समान हुन अनिवार्य हुन्छ। उत्पादनका साधनमा जनताको पहुँच नपुऱ्याएसम्म भोकमरी विरूद्ध लड्न सकिदैन। खाद्य सुरक्षा कायम गराउन सकिंदैन। गरीबी निवारण गर्न सकिदैन। कृषि क्षेत्रको उत्पादनमा बृद्धि ल्याउन सकिंदैन। खाद्य सुरक्षा र सम्प्रभुता कायम गर्न उत्पादनमा सहभागी रहेका उत्पादक शक्तिहरूको सशक्तिकरण हुन अनिवार्य शर्त हो। उत्पादक शक्तिको सशक्तिकरणको अर्थ उत्पादनका सबै कृयाकलापमा उत्पादक र उसका प्रतिनिधिले नीति निर्माण गर्ने हैसियत राख्ने विषय हो अर्थात् कुन वस्तु उत्पादन गर्ने, उत्पादित वस्तुको वितरण प्रणाली कस्तो हुने, बजारनीति कस्तो लिने ? उत्पादनको लाभकारी मूल्य निर्धारण कसरी गर्ने ? उत्पादकलाई संरक्षण गर्न राज्यले के कस्ता नीति अवलम्बन गर्ने ? उत्पादकको हित रक्षार्थ कस्तो अनुदान र सहुलियत नीति बनाउने ? राज्य उत्पादनको कुन चरनबाट अगाडि बढ्ने ? कृषिको दिगो विकासका लागि कस्तो नीतिको अख्तियारी गर्ने ? खाद्य सुरक्षा र सम्प्रभुता कायम गर्न कस्ता ऐन कानूनको निर्माण गर्ने ? वातावरण कसरी संरक्षण गर्ने जस्ता अनेकन विषयहरू अत्यन्त महत्व राख्ने विषय हुन्। यी विषय माथिको नीतिगत निर्णय स्वयम् उत्पादक शक्ति र सम्बन्धित राज्यको अधिकार क्षेत्रभित्रका विषयहरू हुन्। यसमा कसैको दवाव र हस्तक्षेप हुनुहुन्न। कसैमाथि परनिर्भर भएर होइन स्वतन्त्र ढंगले जनपक्षीय नीति अवलम्वन गर्ने परिपाटीको स्थापना र सुदृढीकरणले मात्र खाद्य सम्प्रभुता कायम गराउन सकिन्छ।

खाद्य सम्प्रभुता जनता र राज्यमा निहित गर्न उत्पादनका साधनमा तिनै जनता स्थानीय समुदाय र राज्यको स्वामित्व कायम हुनु पहिलो शर्त हो। उत्पादनका साधन भन्नाले खासगरी जमीन, जंगल, जल, जडिबुटी, बिउ, बिजन, ऋण र प्रविधिलाई अन्तर्राष्ट्रिय रूपमा लिने गरिन्छ। कथित खुल्ला बजार अर्थतन्त्रले जनताको पहुँच र स्वामित्व रहेका यी साधन स्रोत माथि अहिले क्रमश: चुनौती थपिरहेको छ। विश्व व्यापारिकरणको प्रक्रियाले उत्पादनको साधनमा जनताको अधिकारलाई संकुचन गराइरहेको छ। उद्धारीकरणको नीतिले जनताको जीवन निर्वाहका लागि आवश्यक पर्ने साधनबाट क्रमश: विस्थापित गराउदैछ। साधन स्रोतमाथिको जनअधिकार क्रमश: कमजोर हुँदैछ। यो प्रक्रियाको प्रवेशले गरीब देशको उत्पादन प्रतिस्पर्धी हुन सकेको छैन। उत्पादन वितरण र विनिमयमा राज्यको भूमिका अत्यन्त कमजोर भएर गएको छ। सबै विश्व बजारले निर्धारण गर्ने भन्ने मान्यताले कमजोर आर्थिक अवस्था भएका देशहरूको हालत चौपट भएको छ। राज्यको आफ्नै उत्पादन नीति असफल भइसकेको जत्तिकै छ। राज्यको आफ्नै छुट्टै मूल्यनीति कायम हुन सकेको छैन। उत्पादकले आफ्नो उत्पादनको उचित र लाभकारी मुल्य पाउन सकिरहेका छैनन् यस परिप्रेक्षमा जनता र राज्यका लागि खाद्य सम्प्रभुता कायम गर्नु प्रमुख चुनौती बनिरहेको छ। जुन विषयले मानवीय जीवनलाई अधिकारसहित सशक्तिकरण गर्नमा जोड दिनेछ। जसको सार र अन्तरवस्तु राजनैतिक र आर्थिक अधिकारको हिसाबले जनतालाई पूर्ण सक्षम सवल र सशक्तिकरणमा जोड दिनु नै हो।

गैद्ध-सरकारी सम्मेलनले खाद्य सम्प्रभुता प्राप्तीको महत्वपूर्ण विषयलाई विभिन्न क्षेत्रका पेशागत तथा सामाजिक आन्दोलन मार्फत जोड दिने निर्णय गरेको छ। आफ्नो आगामी कार्ययोजनामा यस विषयलाई प्राथमिकताका साथ उठाउने निर्णय गरेको छ। विश्व व्यापारीकरणको प्रक्रियाले अहिले जनताको सबै पंक्ति र क्षेत्रलाई असर गरेको छ। यो प्रकृयालाई पर्दा पछाडिबाट तेज गर्ने काम जी ८ का राष्ट्रबाट भइरहेको छ। मञ्चमा अनेकौं अन्तर्राष्ट्रिय आर्थिक वित्तीय तथा मौद्रिक संस्थाहरू खासगरी अन्तर्राष्ट्रिय मुद्राकोष विश्व बैंक र विश्वव्यापार संगठन उपस्थित छन्। यिनै निकाय मार्फत आज संसारभरीका जनताको अधिकार हनन् भइरहेको छ। स्वाधीन र सार्वभौम राष्ट्रहरूको स्वतन्त्र अस्तित्वमा आँच पुगेको छ। पूँजीवाद र साम्राज्यवादको केन्द्रका रूपमा विकसित गरिएको विश्व व्यापार संगठन नै अझ यतिबेलाको जनताको हित भन्दा पनि आफ्नै हितमा अगाडि आएको छ। यसले कृषि क्षेत्रमा हात हालेपछि किसानको जीवनस्तर तहस नहस भएर गएको छ। यसले सबैभन्दा बढता असर कृषि क्षेत्र र किसानहरूलाई पारेको छ। त्यसैले संसारभरीका जनसंगठन किसान संगठन र गैद्ध-सरकारी संस्थाका प्रतिनिधिहरूले विश्व व्यापार संगठनलाई कृषि क्षेत्रबाट हटाउने सर्वसम्मत प्रस्ताव पारित गरेका छन्। अहिले यस संगठन मार्फत विश्व व्यापारीकरणको प्रक्रियालाई जुन गति र स्तरबाट अगाडि बढाउँदैछ त्यही गति र स्तरमा यसको सशक्त प्रतिरोध गर्न जरूरी छ भन्ने ठहर र निष्कर्ष सम्मेलनले निकालेको छ। यसलाई राष्ट्रिय, क्षेत्रीय र अन्तर्राष्ट्रिय मञ्चहरूमा लगातार उठाउने प्रतिवद्धता पनि व्यक्त भएको छ। यसका विरूद्धको आन्दोलनले कुनै एक क्षेत्र ईलाका र भेग मात्र समेटेर हुँदैन। यसले अब विश्वव्यापी रूप लिन जरूरी छ। त्यसैले क्षेत्रीय र अन्तर्राष्ट्रिय रूपमा यसको सशक्त प्रतिवाद गर्नु पर्दछ। यसका लागि संसारभरीका जनसंगठनहरू एउटै ठाउँमा उभिए मात्र जनता परिचालन गर्न सकिन्छ। परम्परामा ऐक्यवद्धता कायम गरी आन्दोलनलाई सशक्तता प्रदान गर्न सकिन्छ। किसानहरूको हक, हितको लागि सशक्तिकरण गर्न र संस्थागत गर्न सम्पूर्ण गरीबी निवारण कार्यसमेतको सफलताको लागि हुनु पर्छ।



# अम्बा खेती प्रविधि

**परिचय :**

अम्बा अधिराज्यको तराई, समतल, पहाडी तुषारो हिउँ नपर्न एकै स्थानमा पाइने भएता पनि पहिले-पहिले अमेरिकाको मेक्सीको र पेरु प्रान्तको वासिन्दा हो भनी भनी वैज्ञानिकहरूको भनाइछ। अम्बा मिर्टलेसी (Myrtlecea) वंशागत सिडियम (Psidium) घराना (प्रसिद्ध) फल हो। यसको वानस्पतिक नाम (Priduim gwajava) हो। अग्रेजीमा Guava बेसिजनमा अम्बा फल बजारमा प्रशस्त मात्रामा देखिन्छ। तर यसको खेती हुने स्थान निकै देखिन्छ। हुनन यसको कलमीबाट बिरुवा त होइन गुटीबाट बिरुवा उत्पादन गर्दा माग अनुसार बिरुवा उत्पादन नहुनाले माग भएको बिरुवा उपलब्ध गराउने निकै नै कठिनाई भएको छ। बीउबाट बिरुवा उत्पादन गर्दा उन्नत जात बिरुवा नभई बियाँ र कलमी गर्न अनुसन्धान गरी बिरुवा उत्पादन गर्न अति नै जरुरी भएको छ। यसमा सम्बन्धित प्राविधिकले विचार पुऱ्याउन जरुरी छ। बीउबाट बिरुवा उत्पादन गर्दा सिडलेस बिरुवा कहिले पनि उत्पादन हुन सक्तैन। त्यसरी कलमी गरेको बिरुवामा चाँडै फल फल्ने, बढी उत्पादन हुने, फलको साइजमा पनि निकै ठूलो हुने, हेर्दाखेरि पनि राम्रो देखिने र बोटको उचाई पनि सानो हुनुका साथै बोट पनि राम्रो देखिन्छ।

**हावापानी :**

यसको खेती समुद्र सतहदेखि ९,०० मिटरसम्मको उचाइमा उपयुक्त हुन्छ। तुषारो सहन नसक्ने तर सुख्खा सहन सक्ने हुन्छ।

**माटो :**

अम्बाको लागि पिएच ४.५-८.२ चाहिन्छ भने कम मलिलोपन देखि मलिलोपन भएको माटो आवश्यक पर्दछ। यसको लागि पानी जम्न नहुने भएकाले निकासको व्यवस्था हुने जरुरी हुन्छ।

बिरुवा उत्पादन गर्ने तरिका :



यसको बिरुवा कलमीबाट उत्पादन नगरी बीउबाट उत्पादन गर्ने चलन भएकाले बीउबाट बेर्ना उत्पादन गर्न बिउलाई १०-१६ दिनसम्म पानीमा भिजाएर बीउ व्याडमा राखेमा चाँडै नै उम्रिन मद्दत गर्छ। यसरी बीउ राखेको एक महिनामा पछि बेर्ना उत्पादन हुन्छ। उत्पादन भएको बेर्नाको उचाई २-३ इन्च लामो हुनासाथ पोली व्यागमा सार्नु पर्छ। बेर्ना सारेपछि प्रत्येक दिन पानी हाल्न भुल्नु हुँदैन। बिरुवा सारेपछि मोटो चिस्यान हेरी पानी दिनु पर्छ।

**रोप्ने तरिका र सार्ने समय :**

बिरुवा विभिन्न तरिकाबाट रोप्नपर्दछ। एक बोटबाट अर्को बोट ६ मिटर, एक ड्याङ्गबाट ७ मिटर फरक गरी रोप्नु पर्छ खाल्डोको साइज १ मिटर गहिराई १ मिटरको गोलाकार खाल्डो बनाउनु पर्छ प्लान्टि बोर्डको सहयताबाट रोप्ने अति जरुरी हुन्छ। अम्बालाई जेठदेखि असार सम्म रोप्न सकिन्छ। प्रति हेक्टर ७-१० टन फल उत्पादन हुन्छ।

**रोगकीरा :**

अम्बा बोटमा बढी स्केल कीराले आक्रमण गर्ने भएकाले वर्षमा १-२ पटक विषादी छर्नाले नियन्त्रण हुन्छ। नुभान या धनवात २-३ मिलि १ लिटर पानीमा छर्नाले कीरा नियन्त्रण हुन्छ। तर फल टिप्ने १०-१५ दिन अगाडि विषादी छर्नु हुँदैन।

फ्रुट फ्लाई (Fruit Fly) यो कीराले फल पाक्ने बेलामा कमलो फलमा फुल पार्दछ। केही दिन पछि नै फुलबाट बच्चा निस्की फलको गुदी खाई फल सुकाई दिन्छ। कीरा लागेको फल झरी त्यसभित्र रहेको कीरा लाभ्रे निस्की माटोमा बस्छ। लाभ्रे कीरा माटोमा प्युपाको रुपमा बस्छ। अर्को वर्ष भिँगाको रुपमा माटोबाट निस्की पुनः अम्बाको फलमा आक्रमण गेर्ने भएकाले माथि उल्लेखित गरेको विषादी २-३ पटक छर्नाले कीरा नियन्त्रण हुन्छ। यदि विषादी नभएमा गाइको गहुँत ३ महिनासम्म जर्किनमा राखी १ भाग गहुँत २ भाग पानीमा मिसाई छर्दा किराहरू नियन्त्रण हुन्छ।

हाँगाहरूमा प्वाल पारी नोक्सान गर्ने भएकाले प्वाल पारेको हाँगाहरू सिकेचरको सहायताले काटी बालीदिने या मट्टीतेलमा कपास डुबाई प्वाल परेको हाँगाहरूमा राखिदिनाले बोटमा भएको कीरा नियन्त्रण हुन्छ।

बोट ओइलिने रोग (Guava Wilt) :

बोट वरिपरि पानी बढी भएमा या पानी जमेमा यो रोग बढी लाग्छ। वर्षात बढी भएको समय यो रोग एक बोटबाट अर्को बोटमा चाँडै फैलिन्छ। रोग लागेको बोट उखेली बालीदिनाले र बोट कणे वरिपरि कुलेसो बनाई निकासाको व्यवस्था गर्नु पर्छ।

**अम्बाको ऐन्थ्रेक्नोज रोग (Guava Anthracnose) :**

अम्बामा कहिलेकाँही यो रोगले निकै नोक्सानी गरेको देखिन्छ। यो रोग लागेको फल खान हुँदैन। खाए पनि केही स्वाद हुँदैन। यो रोग लागेको फल छिप्पिए पछि फलको गुदी सुकेको जस्तो हुन्छ र गुदीको रङ्ग बिग्रेर जान्छ। छिप्एिको फलमाथि गोलो कालो दाग देखा पर्दछ। र पछि यो कालो दाग ठूलो आकारमा परिणत भै फलको सबै भागमा लागि फल नै सुकेर जान्छ र खान उपयुक्त हुँदैन।

**रोगको उपचार :**

यो रोग नियन्त्रण गर्न बोर्डोक्स मिश्रण ५:५:१०० बनाई १५ दिनको फरकमा छर्ने या डाइथेन एम ४५, १ लिटर पानीमा २-३ ग्राम राखी २-पटक १५ दिनको फरक गरी छर्नाले रोग नियन्त्रण गर्न निकै मद्दत गर्छ।

# शून्य लगानीमा पाङ्गारिक खेती

**यहाँको परिचय दिनुहोस् ?**

खड्गभक्त पौडेल नेपाल कृषि अनुसन्धान परिषद्को पूर्व कर्मचारी, अनुसन्धान तथा विकास कार्यक्रम प्रमुख, नेपालिज फार्मिङ्ग इन्स्टिच्युटका वैज्ञानिक ।

**तपाईले कृषि अनुसन्धान परिषदमा काम गर्दा के-के गर्नु भयो ?**

२०३९ सालमा आलुमा लाग्ने डढुवा रोग रसायनिक विधीबाट उपचार गर्ने तरिका, परवानीपुर कृषि अनुसन्धान केन्द्रबाट ( परवानीपुर सेलेक्सन-१)भेण्टा, २०५८ सालमा प्लाष्टिक टनेल हाउस, सुन्तला, स्याउ, जुनार आलुको लागि व्यवसायिक रुपमा प्रयोग गर्न सकिने २४ टन क्षमताको शुन्यशक्ति शित भण्डार निर्माण, २०५८ सालमा गोलभेडा ( एन १६२) सिर्जना होइन । पहिलो पटक किसानको खेतमा पुऱ्याएको छ । २०५८ सालमै पहिलो पटक (कस्ट इफेक्टिभ अर्गानिक फार्मिङ्ग) प्रविधिको विकास लगायत छन् ।

**तपाईले अविस्कार गर्नु भएको प्रविधिबाट किसानहरूले के-के फाइदा लिन सक्छन् ?**

जीवातु अर्गानिक खेती प्रविधि, फोहरमैला दुर्गन्ध नियन्त्रण गर्ने लाभदायक जीवाणुहरूको समूह "जीवातु" हो । हाल कस्ट इफेक्टिभ अर्गानिक फर्टिलाइजर नेपाल, अफगानिस्तान र भुटानमा विस्तार भइरहेको छ ।

यसका फाइदाहरू देशको भौगोलिक अवस्था अनुसार एग्रो इकोलजिकल जोनमा प्रयोग गर्न सकिन्छ । जहाँ भौगोलिक अवस्था अनुसार बालीमा लाग्ने विभिन्न खालका रोग, कीराहरूलाई सजिलै नियन्त्रण गर्दछ । विभिन्न बालीमा लाग्ने समस्त रोग, समस्त कीरा नियन्त्रण र विभिन्न किसिमका खाद्यतत्वको कमी जीवातुबाट पूरा गर्न सकिन्छ ।

**भविष्यमा कृषि क्षेत्रको विकासको लागि के-कस्ता परिणाममूखी योजनाहरू बनाउनु भएको छ ?**

नेपालको ३१ लाख ९१ हजार हेक्टर जमिनमा कस्ट इफेक्टिभ अर्गानिक फार्मिङ्ग गर्नुपर्छ भनेर लागि रहेको छु । कष्ट इफेक्टिभ प्रविधिबाट खेती गर्दा नेपालको ४० लाख युवाहरूलाई रोजगार प्राप्त हुन्छ । देशले ठूलो मात्रामा कृषिजन्य अर्गानिक खाद्यवस्तु उत्पादन गरि विदेशमा निर्यात गर्न सकिन्छ ।

प्राङगारिक खेती प्रविधिमा जाँदा माटोको प्राङ्गारिक उर्वरा शक्ति बढ्छ । १ हेक्टर अर्थात २० रोपनी जमिनमा जीवातु प्रयोग गर्दा ८८ टन कार्बन डायअक्साइड जमिनमुनि जान्छ । ३० लाख ९१ हजार हेक्टरमा यो प्रविधि विस्तार भयो भने विशाल मात्रामा कार्बन व्यापार गर्न सकिन्छ ।

कार्वन व्यापारबाट देशमा कुल ऋणभार भन्दा बढी आयआर्जन गर्न सकिन्छ । यो हाम्रो भविष्यको योजना हो ।

**नेपालको कृषिमा राज्यले ठूलो लगानी गरिसकेको छ । तर नेपालको कृषिभने झनझन् खस्किँदो छ, विज्ञको हैसियतले के भन्नु हुन्छ ?**

राज्यले कृषिमा आफ्नै ढर्रामा लगानी गऱ्यो । जहाँ लगानी गर्नु पर्थ्यो त्यहाँ गरेन । लगानी रसायनिक खेती प्रविधिमा गऱ्यो । इको फ्रेण्डली प्रविधिमा गएन । जसको कारण हाम्रो देशको कृषि खस्किएको हो । जसको ज्वलन्त उदाहरण हामीसँग शून्यशक्ति शित भण्डार समेत छैन । मैले बनाएको डिजाइन लगेर, मेरो अनुमति बेगर, अरुसँग कमिशन खाएर बनाएको पाइयो । राज्यमा काम गर्ने मानिसहरू जागिरदार हुन् । जागिरे प्रथाको मानसिकताको कारण देशको कृषि बढ्न सकेन । उनीहरूबाट कृषिमा ठूला परिवर्तनको कुनै आशा गर्न सकिदैन । यदि राज्य यही ढर्रामा लागि रह्यो भने हाम्रो देशको कृषि सय वर्षमा पनि परिवर्तन आउँदैन ।

**तपाईको प्रविधि राज्यको सञ्जाल भित्र पुऱ्याएर काम गर्दा कृषिमा छिटो विकास हुँदैन ?**

हुन्थ्यो । राज्यको ठूलो सञ्जाल छ । बजेट छ । तर मन छैन । राज्यको तर्फबाट धेरै समय लाग्छ । राज्य मौन बस्यो भने १ वर्षमा गर्ने काम ५० औं वर्ष लाग्छ ।

हामी धेरै टाढा जानु पर्दैन । त्यो मल बनाउने बित्तिकै अर्बौ रुपैयाँको रसायनिक मल विस्थापित हुन्छ । जीवातु झोल मल उपयोग गर्दा ५० अर्ब बराबरको रसायनिक औषधीहरू विस्थापित हुन्छ । तर राज्य मौन छ ।

उदाहरणका लागि कवीरको डाँठमा प्वाल पार्ने सेतो गबारो कीरालाई जीवातुले बाहेक अरुले नियन्त्रण गर्न सकिदैन । आफ्नै देशमा स्वभिमान भएर काम गर्ने प्रशस्त सम्भावना हुँदाहुँदै पनि युवाहरूलाई विदेशमा जान बाध्य बनाएका छन् । ४० लाख बेरोजगार युवाहरूलाई कसरी रोजगार दिने भन्ने सरकारले सोचेको छैनन् । विदेशमा शिर निहुराएर काम गर्ने वातावरणको अन्त्य गर्नेतिर



**खड्गभक्त पौडेल**
**कृषि मल, वैज्ञानिक**

सरकारको ध्यान जानु पर्छ । जबसम्म आफ्नै देशमा सुहाउने कृषि प्रविधि जीवातु जस्तो प्रविधिको प्रयोग गर्दैनौं तबसम्म हामी कृषिमा आत्मनिर्भर बन्न सक्दैनौं ।

**हामीहरू कृषि-कृषि भनिरहँदा अरु क्षेत्रको विकास आभेलमा पर्दैन ?**

कृषिमा सुधार नभइकन पर्यटन र जलविद्युतको पनि विकास र सुधार हुँदैन किनभने ९० प्रतिशत गाउँशहरमा जलविद्युतको कारण झगडा छ । शान्ति नभएसम्म कुनै कुराको पनि विकास हुँदैन ।

जातिय भेदभावका कुरामा के फरक छ ? गरीव ब्राह्मण र गरिव दलितलाई हेर्ने दृष्टिकोणमा कुनै फरक पाउनु भएको छ ? विभेद भनेको भोट बैंकको कुरा मात्र हो । समृद्ध दलितलाई मानवअधिकुरा कुरा लागु हुन्छ ? विश्वमा २ वर्ग मात्र छन् । धनी र गरीव । हाम्रो काम गरीवलाई समृद्ध गराउने हो ।

**तपाईको भिजन र मिशन अनुसार नेपालमा प्राङगारिक खेती प्रविधिबाट ठूलो परिवर्तन गर्ने लक्ष्य देखिन्छ । सरकारले तपाईलाई यो कार्यमा सहयोग दियो भने के गर्नु हुन्छ ?**

यदि नेपाल सरकारले नेपालिज फार्मिङ्ग इन्स्टीच्युटलाई ५ अर्वको बजेट सहयोग गरेको खण्डमा देशको अर्थतन्त्र १० वर्षभित्र कायापलट हुन्छ । नेपालको प्रतिव्यक्ति कुल ग्राहस्थ आय १० हजार अमेरिकी डलर पुग्नेछ । ४० लाख युवाहरूलाई ३ वर्षभित्र विदेशबाट फर्काउने छ । अहिले उपभोग गरिरहेको रसायनिक खाद्यवस्तु चामलको खुद्रामूल्य भन्दा अर्गानिक चामल सस्तोमा खुवाउन सकिन्छ ।

**देश संघीयतामा अघि बढीसकेको छ । अब देशको कृषिको मोडल कस्तो हुनु पर्छ ?**

चाहे केन्द्रीकृत सरकार होस् चाहे संघीयता समृद्ध ल्याउन कस्ट इफेक्टिभ अर्गानिक फार्मिङ्गमै जोडि दिनु पर्छ ।

*प्रस्तुती : धनबहादुर मगर*



# कोरोनाबाट जोगिदै काम गर्न किसानलाई आग्रह

*कोभिड-१९ कोरोना भाइरस महामारीको सम्बन्धमा कृषि तथा पशुपन्छी विकास मन्त्रालयको अनुरोध*

कोरोना भाइरसको विश्व्यापी महामारीको संक्रामक प्रशार न्यूनिकरण गरी नेपाली जनताको जीवन रक्षार्थ गरिएको बन्दाबन्दीको अवस्थामा समेत कृषि सम्बन्धी गतिविधि नियमित नराखे भोलीको दिना खाद्य असुरक्षाको अवस्था आउन सक्ने सम्भानवना छ । यस्तो अवस्था आउन नदिन बन्दाबन्दीको समयमा समेत कृषि कर्मलाई जारी राख्ने नेपाल सरकारको निर्णय भएबमोजिम यस क्षेत्रमा संलग्न कृषक, व्यवसायी तथा कृषि, तथा पशुसेवा प्राविधिक, सञ्चारकर्मी लगायत सम्वद्ध सबैमा आ-आफ्नो स्थानबाट निम्न अनुसारको कार्य गर्न/गराउन सहयोगको लागि कृषि तथा पशुपन्छी विकास मन्त्रालय हार्दिक अनुरोध गर्दछ




१. कृषक वर्गलाई संक्रमणबाट बच्न सावधानी उपायहरूको पालना गरी नियमति रुपमा कृषि कर्ममा लाग्न हुन निम्ना अनुसार अनुरोध छ ।

- सम्भव भएसम्म जग्गा बाँझो नराखौं, सिजन अनुसार जुन बाली लगाउन सकिन्छ । सो बाली लगाउने कार्यमा जुटौं ।
- बाली लगाउने, गोड्ने, काट्ने, उठाउने, माछा, मौरी, पशुपन्छी पालन कार्यका साथै उत्पादित वस्तुको बजारीकरणका काम निर्वाध रुपमा जारी राखौं ।
- बाली लगाउने, गोड्ने, उठाउने जस्ता कार्यमा संलग्न हुने प्रत्येक व्यक्तिले आपसमा कम्तिमा ३ फिटको दूरी कायम राखौ र व्यक्तिगत सुरक्षाको लागि मास्क लगाउने, सल वा रुमालले मुख छोप्ने गरौं ।
- कृषि कार्यमा मेशिनको प्रयोग गर्ने, मिलेसम्मा मेशीनको प्रयोग नगरौं मेशिनरीहरूको प्रयोग अगाडि र पछाडि साबुन पानीले हात धुन नबिर्सौं ।
- मेशिन लगायत अन्य सर सामान, उपकरणहरूको प्रयोगमा लैजानु अघि फर्काए पछि राम्रोसँग निर्मलीकरण गरौं ।
- स्वास्थ्य व्यक्ति मात्र कृषि काममा संलग्न होहौं । सम्भावित संक्रामकलाई काममा नलगाऔं ।
- तरकारी र फलफूल नर्सरीबाट बिरुवा वितरण गर्दा, मत्स्या नर्सरीबाट भूरा वितरण गर्दा, दूध सहकारीले दूध संकलन गर्दा, सीमित व्यक्ति मात्र उपस्थित हुने र भौतिक दूरीको पालना लगायत स्वास्थ्यका अन्य सावधानी अपनाऔं । यस्तो गतिविधि गर्दा मास्क प्रयोग गर्ने र साबुन पानीले हात धुने व्यवस्था गरौं । पशुपन्छीका गोठ फार्ममा कार्यगर्दा छुट्टै लुगा र जुत्ताको प्रयोग गरौं । गोठ खोरमा नियमित निसंक्रमण गरौं । पशुपन्छीमा कुनै स्वास्थ्य सम्बन्धी कुनै समस्या देखा परेमा नजिकमा रहेको पशु सेवा प्राविधिक वा पशुपन्छी अस्पताल तथा विज्ञ केन्द्रका प्राविधिकसँग सम्पर्क राखौं । पशुपन्छीका संक्रामक रोक विरुद्ध प्राविधकको सल्लाह अनुसार नियमित खोप लगाऔं ।
- बजारमा लानु पर्ने बाली बस्तु यदि केही समय भण्डारण गर्न सम्भव छ भने भण्डारण गरौं बजार लग्न हतार नगरौं ।
- मल सामान ढुवानीका क्रममा सवारी साधानमा रहने व्यक्तिहरूले स्वास्थ्य सुरक्षाका स्यानीटाइजर राखौं । सवारी साधान चलाउनु अघि र पछि नियमित रुपमा हात धुने गरौं ।
- तरकारी फलफूल जस्ता चाँडै बिग्रने बाली बजार लैजान नसकेमा सम्भव भएमा शित भण्डारमा राख्ने नभएर संरक्षण गरी ( सुकाउने), सिन्की वा गुन्द्रुक बनाउने, अचार बनाउने, जुस बनाउने (आदि) राखौं । माछा बिक्री गर्न सम्भव नभएमा सुकाएर भ्याकुम प्याकिङ्ग गरेर, नूनमा संरक्षण गरेर धुँवा लगाएर तथा अन्य विधिहरूको प्रयोग गरेर संरक्षण गर्न सकिन्छ । बिक्री हुन नसकेको दूधलाई खुवा, घिउ, पनीर लगायतका दुग्ध पदार्थ बनाएर संरक्षण गरौं ।
- धान, तरकारी घाँस लगायतका बालीका बीउ, बिजन, मल, बिषादी, दाना, पशुपन्छीका औषधी खोप, दाना, कृत्रिम गर्भाधान सेवा वा अन्य उपकरणका लागि समयमा नै नजिकका कृषि तथा पशु सेवा प्राविधिकसँग समन्वय गरी सम्बन्धित कृषि सहकारी कम्पनी वा एग्रोभेट, भेटरीनरी औषधी पसलमा सम्पर्क राखौं ।
- बाली बिरुवाको नियमित निरीक्षण गरौं । रोग कीराको समस्या भएमा नजिकमा उपलब्ध कृषि प्राविधिकसँग सम्पर्क राखौं ।
- फलफूलको बिरुवाको माग गर्नु परे । तोकिएका स्रोत केन्द्र वा सम्बन्धी क्षेत्रमा क्रियाशील सम्बन्धित कृषि प्राविधिकसँग सम्पर्क राखौं ।
- कृषि कर्ममा संलग्न व्यक्तिले काम गर्ने ठाउँ वरिपरि थुक्ने वा सिङ्गान फाल्ने नगरौं । काम गर्दा सकेसम्म आँखा, मुख, कान नछोऔं ।

२. काममा जानु अगाडि, कार्यस्थलमा पानी, चिया तथा खाजा खानु अगाडि घरमा पुगेपछि अनिवार्य रुपमा साबुन पानीले हात धुने गरौं ।

३. स्थानीय तहको सहकार्यमा कृषक समूह र सहकारीले कृषि वस्तुको बजार व्यवस्थापन, कृषि सामाग्रीको माग र संकलन र ढुवानीमा सहयोग, गरी किसानको समस्या समाधानको लागि सहजीकरण गरौं ।

४. तीन तहको सरकार र अन्य निकायमा कार्यरत कृषि तथा पशु प्राविधिकलाई कृषक मनोवल बढाउने खालका सूचना र जानकारी गराउन हुन अनुरोध छ । कृषकले भोग्नु परेको समस्या समाधानका लागि जसले जहाँबाट

सकिन्छ। सहजीकरण गरौं। कृषकसँग सूचना र सञ्चारको विभिन्न माध्यम प्रयोग गरी सम्पर्क कायम गरौं। यो समयमा गर्नु पर्ने काम ध्यानदिनु पर्ने कुराहरूको बारेमा प्राविधिक जानकारी प्रदान गरौं कृषकलाई आवश्यक मल, बीउ, विजन, विषादी, दाना, खोप, औषधी तथा खोप उपकरण स्थापनाका लागि सहयोग गरौं।

४.कृषकको समस्या बारेमा लेख्दा वा बोल्दा तिनका मनोवल बढाउने, उत्प्रेरित गराउन र जाँगर बढाउन खाल्का जानकारी गर्न सबै सञ्चारकर्मी मित्रहरूलाई अनुरोध छ। कृषि कर्ममा सामाग्रीको उपलब्धता, उत्पादित वस्तुको सम्भावित वस्तुको बजारीकरण, प्राविधिक सेवा टेवा सम्बन्धी जानकारी लगायतका अन्य सूचना प्रकाशन र प्रशारण गरी सहयोग गरि दिनुहुन अनुरोध छ।

६. कतिपय पशुपन्छी सामाग्रीका खुद्रा विक्रेताहरूले अहिलेको असहज परिस्थितिमा सूचारु राख्नु भएको छ। यसलाई कायम राख्दै अफ बढी सेवाको लागि अनुरोध छ। स्थानीय तर प्रशासनसँगको समन्वयमा निर्धारित भौतिक दूरी काम हुनेगरी खुल्न नसकेको पसलहरू खोल्ने व्यवस्था मिलाउन र पसल आउन नसक्ने कृषकहरूका लागि होम डेलिभरीको व्यवस्था मिलाउन वा सामूहिक रुपमा माग संकलन गरी ढुवानीको व्यवस्था मिलाई दिनुहुने अनुरोध छ।

७. स्थानीय तहका पदाधिकारी र स्थानीय प्रशासनको समन्वयमा व्यक्तिगत स्वास्थ्यको सबै विधिहरू परिचालन गरी कृषि बजार सञ्चालक र व्यवस्थापकहरूलाई अनुरोध छ।

८. स्वादेशी तरकारीको प्रर्याप्त उत्पादन भएकाले यसको बजारीकरणको लागि सहयोग पुऱ्याउन तरकारी आयतकर्ता र थोक बिक्रेतालाई अनुरोध छ।

९. कृषि उपज, कृषि सामाग्री, कृषि कर्मका लागि आवश्यक वस्तुहरू ढुवानी सहजीकरणका लागि स्थानीय प्रशासन र सुरक्षाकर्मीले खेलेको भूमिकाको सह्राहना गर्दै कतै अवरोध नहुने गरी कृषिजन्य वस्तुहरू र कृषिजन्य सामाग्रीहरूको ढुवानी र कृषिजन्य उपज र माछा मासु बिक्री गर्ने पसल खोल्ने व्यवस्था मिलाई दिनुहुन पुन: अनुरोध छ।

१०. दाना ह्याचरी, दुध प्रशोधन जस्ता उद्योगहरूमा श्रमिक कामदारहरूलाई भौतिक दूरी कायम राख्दै व्यक्तिगत स्वास्थ्य सुरक्षाको उपायहरू अवलम्वन गरी नियमित कामकाजमा लगाउन। सबै उद्यमीहरूलाई अनुरोध छ।

# खाद्य अभियानको ध्यानाकर्षण

*सम्माननीय प्रधानमन्त्री श्री केपी शर्मा ओली ज्यू, मन्त्री मार्फत श्री घनश्याम भुसाल ज्यू*
*कृषि तथा पशुपन्छी विकास मन्त्रालय*
*नेपाल सरकार, सिंहदरबार, काठमाडौं।*

**विषय :** तत्काल खाना र भविष्यको कृषि सपार्नको लागि ध्यानाकर्षण

सम्माननीय प्रधानमन्त्री ज्यू,

यस विषयमा हामीले २०७७ बैशाख ५ गते यहाँको ध्यानाकर्षणका लागि अनुरोध गरेको व्यवहोरा अनुरोध नै छ। बन्दाबन्दीले आम जनसमूदायको तत्काल खानाको कुराको उपलब्धतामा पर्ने प्रभाव र भविष्यको लागि

*कोभिड-१९ को विश्वव्यापी विस्तार र सबै तहका मानव समुदायमा सिर्जना गरेको महामारीको भय, तत्काल खाने कुरा र अन्य दैनिकीमा देखिएको समस्याहरू निकै त्रासदी पूर्ण छन्। हामी अहिले सम्भावित मानव संकटको संघारमा छौं। यस्ता विपत्तकीको सबैभन्दा महत्वपूर्ण सुरक्षा कवज भनेको खानेकुरा नै हो। अहिले हामीसँग खानेकुराको प्रयाप्त मौज्दात छैन। र वितरण र पहुँचमा पनि समस्या छ। आयातित खाद्यान्नको समेत अभाव बढ्न थाले सँगै महँगी ह्वात्तै बढेको छ।*

खाने कुराको संकट टार्न सरकारले लिनुपर्ने बाटो पहिल्याउने छलफल र विचार विमर्शमा पर्याप्त ध्यान पुगेन की भन्ने लागेकाले हामीले यो सन्दर्भलाई पुन: स्मरण गराउँदै यी सुझाव प्रस्तुत गर्ने घृष्टता गरेका छौं।

कोभिड-१९ को विश्वव्यापी विस्तार र सबै तहका मानव समुदायमा सिर्जना गरेको महामारीको भय, तत्काल खाने कुरा र अन्य दैनिकीमा देखिएको समस्याहरू निकै त्रासदी पूर्ण छन्। हामी अहिले सम्भावित मानव संकटको संघारमा छौं। यस्ता विपत्तकीको सबैभन्दा महत्वपूर्ण सुरक्षा कवज भनेको खानेकुरा नै हो। अहिले हामीसँग खानेकुराको प्रयाप्त मौज्दात छैन। र वितरण र पहुँचमा पनि समस्या छ। आयातित खाद्यान्नको समेत अभाव बढ्न थाले सँगै महँगी ह्वात्तै बढेको छ। मौसमी र छोटो उत्पादन चक्र भएका खाद्य वस्तुमा स्थानीय बजार र वितरण प्रणाली प्रभावकारी नहुँदा तत्काल एकातिर किसानका उपज, अर्कोतिर मानिसले खान नपाउने, समस्या समेत बल्झेको छ। विदेशमा श्रम गर्न गएको ठूलो समूहले विदेशमा काम माग र दाम मात्र गुमाएको छैन। देशमा श्रमको आपूर्ति सँगै मामको माग पनि बढाउने छ। भारत लगायत देशले केही समय खाद्यान्न निर्यातमा प्रतिवन्ध लगाउने सम्भावना समेतको ख्याल गर्दै स्थानीय तहमै जोहो गर्न आवश्यक छ। मौज्दातको वितरण प्रभावकारी बनाउने र निकट भविष्यको लागि खाद्यान्नको उपलब्धता कायम राख्न संक्रमणकालीन र दीर्घकालीन रणनीतिहरू आवश्यक भएका छन्। यस बारेमा यहाँ र यहाँका सहयोगीहरू अनभिज्ञ हुनुहुन्न।

संविधानको व्यवस्था अनुसार आगामी जेष्ठ १५ भित्र आगामी वर्षका नीति, कार्यक्रम र वजेट ल्याउनुपर्ने हुन्छ। सम्बन्ध सरकारी निकायका कर्मचारी र यसको जिम्मेवार अधिकारीहरू सदा झै यसको तयारीमा जुटेका छन् पनि यी कुरालाई आत्मसाथ गर्दै समय छँदै आवश्यक वहस र विश्लेषण गरी आगामी वर्षको लागि उपयुर्क्त नीति, कार्यक्रम र त्यस अनुसार खर्चको व्यस्था गर्न आवश्यक भएको छ। यस सन्दर्भमा किसानको प्रतिनिधी र यसमा सरोकार राख्ने नागरिकका दृष्टिले कृषिका क्षेत्रमा सरकारले तत्काल चाल्नु पर्ने कदम समेत सुझाएका छौं।

आगामी वर्षका कृषि तीति, कार्यक्रम तथा वजेटले लिनु पर्ने मूल दिशा।

यी सुझावहरू कोभिड-१९ को नयाँ सन्दर्भ र सरकारले प्रस्तुत गर्ने वार्षिक कार्यक्रममा स्थानीय तहमा खाद्य उत्पादन, आम जनसुमदाय सम्म खानाको पहुँच र यसका लागि गरिनु पर्ने तदनुरुपका नीतिगत प्रावधानहरूको व्यवस्था गर्न केन्द्रित हुनुपर्ने देखिन्छ।

१. खाद्य उत्पादनका लागि तत्कालीन प्रस्ताव :

किसान परिवारलाई तत्कालै उपलब्ध हुने गरी नगद प्रभाव गर्ने व्यवस्था मिलाउने, यस्ता नगद उपलब्ध गराउने व्यवस्था मिलाउँदा क्रमसेकम नेपालका ठूलो परिणाममा र विना रोकटोक कृषि उपज आयत गर्ने मुलुक भारतले पनि प्रति किसान परिवार उपलब्ध गराएको



-कार्यस्थलमा संक्रमणको जोखिम कम गर्न सकेसम्म थोरै कामदारहरूको समूह बनाई कामदारहरूको एकअर्का बिचको दूरी ६ फिट कायम गर्ने।
-आफूले काम गर्ने कार्य क्षेत्र सँधै सफा राख्नुका साथै डिस्इन्फेक्ट गर्ने र काममा प्रयोग हुने सामाग्रीहरू पनि पटक-पटक सफा गर्ने।
-मेशिनरी औजार धेरै छुइने र सम्पर्कमा आउने सतह, भाडा वर्तन, खाद्य पदार्थ तयार गर्ने सतह, आदि प्रयोग पश्चात राम्ररी धुने तथा सफा राख्ने।
-प्याकेजिङ्ग नगरिएका तथा खुल्ला रुपमा राखिएका खाद्य पदार्थहरू हात नधोई नचलाउने।
-उपभोक्ता/ग्राहकद्धारा छुइने सतहहरू जस्तै ढोकाको ह्याण्डल, उपकरण, टेबुल, सामान राख्ने कार्ट (Grocery Cart handles) चेक-आउट काउण्टरहरू स्यानीटाइजरको प्रयोग गरी पटक-पटक डिस्इन्फेक्ट गर्ने।
-स्यानीटाइजर प्रयोग गर्दा लेवल अनुसार गर्ने।
-सेवा प्रदायक होटल रेष्टुरेन्ट खाद्य पदार्थ तयार गर्ने विविध, होम डेलिभरी सेवा प्रदान गर्दा निम्न कुराहरूमा ध्यान दिने।
-राम्ररी पाकेको खाद्य पदार्थ मात्र उपलब्ध गराउने।
-पकाएको खाने कुरा सामान्य तापक्रममा २ घण्टा भन्दाबढी नराख्ने।
-पकाएको वा चाँडै बिग्रने खानालाई ५ सेन्टीग्रेडको तापक्रममा रेफ्रिजिरेटरमा राख्ने।
-खाना पस्किदा खानाको तापक्रम ६० डिग्री सेन्टीग्रेड भन्दा बढी हुनु पर्ने।
-लामो समय जोखिमपूर्ण तापक्रममा ५ डिग्री सेन्टीग्रेड देखि ६० डिग्री सेन्टीग्रेडसम्म खाद्य पदार्थ भण्डारण नगर्ने।
-खाद्य पदार्थ परिचालनमा संलग्न कर्मचारी तथा कामदारहरूलाई खाद्य स्वच्छता र खाद्य पदार्थ परिचालनका सुरक्षित विधि सम्बन्धी तालिम दिने।
-संक्रमण नियन्त्रणका लागि ग्राहक/उपभोक्तालाई देहाय वमोजिम गर्ने/गराउने।

क) सबै ग्राहकका लागि एउटै भाँडा वर्तन वा डिस्पेन्सर प्रयोग हुने सेवा जस्तै सलाद बार (salad bar) बुफे Buffe) पेय पदार्थ स्टेशन (Beverage Service Station)हरू बन्द गर्ने।

ख) खाद्य पदार्थ वा विल भुक्तानीका लागि लाइन बस्दा ग्राहकहरूको बीच आवश्यक सामाजिक दूरी कायम गर्न सहयोग गर्ने।

ग) ग्राहकहरूलाई खाद्यान्न भण्डारण तथा खुद्रा पसल, होटल रेष्टुरेन्टहरूमा घर पालुवा जनवार ल्याउन रोक लगाउने/दुरुत्साहन गर्ने।

घ) ग्राहकका लागि खाद्य पदार्थ पस्कन प्रयोग हुने प्लेट चम्चा, गिलास, बटुका आदि तातो पानीले धुने/सफागर्ने।

ङ) ग्राहकहरूको लागि हात धुने साबुन र सफा पानी र स्यानीटाइजरको व्यवस्थापन गर्ने।

**४. फुड पिक-अप वा डेलिभरी सेवा :**

-खाद्य स्वच्छताका ५ सन्देश (स्रोत-विश्व स्वास्थ्य संगठन) सरसफाई राख्ने, स्वच्छ पानी र खाद्य वस्तु मात्र प्रयोग गर्ने, राम्ररी पकाउने, पकाएको र नपकाएको खाद्य वस्तुहरूलाई छुट्टा-छुट्टै राख्ने र खानालाई सुरक्षित तापक्रममा राखी संरक्षण गर्ने/अवलम्वन गर्ने।
-विरामी भएको व्यक्तिलाई खाद्य पदार्थ परिचालन गर्न नदिने।
-खाद्य पदार्थ परिचालन गर्नु अघि, खोकी वा हाच्छुँ गरेपछि शौचालयको प्रयोग पश्चात वा सबैको प्रयोगमा आउने सतह जस्तै: ढोका, टेबुल पैसा, आदि छोएपछि, अन्य कुनै सामान समाए पछि खाना खानु अघि कामदारहरूलाई कम्तिमा २० सेकेण्ड साबुन र सफा पानीले हात धुन लगाउने वा स्यानीटाइजरको प्रयोग गर्ने।
-धेरै छुइने/सम्पर्कमा आउने सतहहरू जस्तै : ढोका डोरवेल, विल भुक्तानी, गर्ने काउन्टर (Touch Pad) मकारी साधान आदि पटक-पटक डिस्इन्फेक्ट गरी सफा राख्ने।
-ग्राहकलाई सामाजिक दूरी कायम राख्न सहयोग गर्न खाद्य पदार्थ डेलिभरीका लागि पिक अप जोन) निर्धारण गर्ने।
-खाद्य पदार्थ डेलिभुरी गर्ने व्यक्तिलाई मास्कको प्रयोग व्यक्तिगत सुरक्षा, सामाग्रीको व्यवस्था गरी सो प्रयोग गर्न प्रोत्साहन गर्ने।
-खाद्य पदार्थ डेलिभरी गर्ने व्यक्तिलाई स्यानीटाईजर डिस्इन्फेक्टयान्ट टिस्यु पेपर वा पेपर टावल आदि उपलब्ध गराउने।
-खाद्य पदार्थ डेलिभरी गराउँदा, वितरण गर्दा सामाजिक दूरी कायम राख्न हातले छोएर लिनेदिने कार्य नगर्ने।
-खाद्य पदार्थ डेलिभरी गर्दा तातो खाना तातै र चिसो खाना चिसै राख्नका निमित्त उचित भाँडोको प्रयोग गर्ने।

क) चिसो खाद्य पदार्थका लागि खाद्य ग्रेडको कुलेन्ट (Coolent) जस्तै आइस प्याक प्रयोग गर्न सकिने।

ख) तातो खाद्य पदार्थका लागि इन्सुलेटेड हट केश, प्रयोग गर्न सकिने।

-वाह्य संक्रमणबाट जोगाउन डेलिभरी गर्दा खाद्य पदार्थलाई राम्रोसँग र्यापिङ्ग वा प्याकेजिङ्ग गर्ने।
-खाद्य पदार्थ डेलिभरी गर्ने कुलर तथा हटकेश नियमित रुपमा सफा र स्यानीटाइज गर्ने।

माथि उल्लेखित सावधानीका साथै नेपाल सरकारले कोभिड-१९ रोगको संक्रमण नियन्त्रण सम्बन्धमा गरेको आदेश निर्देशन सम्बन्धी समेत परिचालन गर्ने/गराउने।

नेपाल सरकार
*कृषि तथा पशुपन्छी विकास मन्त्रालय*
*खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग*

## जेठ महिनाको कृषि कर्म

**खेतीपाती :**

-धानको सिफारिस भएको जातको व्याड राख्ने
-मध्य पहाडमा मकै बाली भित्र कोदो रोप्ने।
-फलफूल बगैचाँका बोटबाट अनावश्यक सकरहरू/चोर हाँगाहरू हटाउने।
-सदावहार फलफूलका बोटहरूमा ढुसी रोगनाशक विषादी छर्ने।
-चैते धानमा पतेरो कीरा लाग्ने सम्भावना हुने भएकाले नियन्त्रण गर्न आवश्यक प्रकृया अपनाउने।
-पहाडी क्षेत्रमा हिल, सेती, रेन्सम र लुम्ले-१, जातको उन्नत भटमास रोप्ने।
-जुनार, सुन्तलाको फेंद कुहिने रोग नियन्त्रण गर्न बोर्डोपेष्ट लगाउने।
-गाईवस्तुलाई खोरेत रोग विरुद्ध खोप लगाउने।
-गाई वस्तुलाई आन्तरिक परजीविबाट बचाउन जुकाको औषधी खुवाउने।

**पशुपालन :**

-तराई तथा मध्य पहाडमा वहुवर्षीय घाँसको बीउ छर्ने।

# सामाजिक दूरी कायम गर्न अनुरोध

*कोभिड-१९ महामारीको अवस्थामा खाद्य उत्पादन तथा बिक्री वितरणमा सहभागी हुने खाद्य व्यवसायी तथा कामदारहरूले अपनाउनु पर्ने सावधानी :*

कोभिड-१९ रोगको महामारी हालसम्म अन्तराष्ट्रिस्तरमा भए गरेका अध्ययन अनुसन्धान र सोको संक्रमण मानिस-मानिस बीचको सम्पर्कबाट फैलिने गर्दछ। खाद्य पदार्थबाट मानिसमा उक्त रोगको संक्रमण हुने हालसम्म कुनै तथ्य प्रमाण पुष्टि भएको छैन। यस प्रकारका भाइरसहरू प्लाष्टिक स्टिल, कागज जस्ता वस्तुहरूको सतहमा केही समय सम्म सक्रिय रहने कुरा प्रयोगशालामा भएको कुराबाट देखिएको भनि विश्व स्वास्थ्य संगठनको प्रतिवेदनमा उल्लेख भएको हुँदा, स्वच्छ र गुणस्तर खाद्य पदार्थ उत्पादन तथा आपूर्ति व्यवस्थामा आवद्व हुने व्यवसायी एवं कामदारलाई कोभिड-१९, को संक्रमणबाट जोगाई उनीहरूको स्वास्थ्य सुरक्षा कायम राख्नु अत्यन्त जरुरी छ। सो सम्बन्धमा खाद्य पदार्थ उत्पादन भण्डारण ढुवानी बिक्री वितरण, होटल रेष्टुरेन्ट तथा खाद्य पदार्थ परिचालनमा खटिएका व्यक्तिहरूको स्वास्थ्य सुरक्षा सिनिस्चि गर्न अपनाउनु पर्ने स्वच्छता सरसफाई व्यक्तिगत सुरक्षा सामाग्री-(Personal protective equipment)को प्रयोग सम्बन्धी अवलम्वन सम्बन्धी सावधानीहरू :

*१. कामदार तथा कर्मचारीहरूको स्वास्थ्य सुनिस्चितता :*

खाद्य व्यवसायीहरूले अनिवार्य रुपमा कार्य क्षेत्रमा खटिने कामदार तथा कर्मचारीहरूलाई कोभिड-१९ रोगको संत्रक्रमणबाट सुरक्षित राख्न दैनिक निम्न बमोजिम सावधानी अपनाउने।

(प्रि-संक्रमन टेप्ट -जस्तै : शरीरको तापक्रम नाप्ने, लक्षणहरूको पहिचान गर्ने।

-कामदारहरूलाई कम्तिमा २० सेकेण्ड साबुन र सफा पानीले पटक-पटक हात धुन लगाउने। तथा स्यानीटाइजरको प्रयोग गर्ने।

-काम गर्ने कार्य क्षेत्र सरसफाई गरी डिस्इन्फेक्ट गर्ने साथै काममा प्रयोग हुने सामाग्रीहरू पनि पटक-पटक सफा गर्ने।

-कामदारले मास्कको प्रयोग गर्ने र कामदार सँग कम्तिमा ६ फिटको दुरी कायम राख्ने।

-कोभिड-१९ रोगसँग सम्बन्धित जानकारी र काम गर्दा अपनाउनु पर्ने सावधानी सम्बन्धी अन्य जानकारीको लागि अधिकारिक निकाय (जस्तै : नेपाल सरकार विश्व स्वास्थ्य संगठन ) दिएको निर्देशनहरूको पालना गर्ने/गराउने।

-कोभिड-१९ रोगको लक्षणहरू बारे सबै कामदार कामदार एवं कर्मचारीहरूलाई सुसूचित गराउने।

-कोभिड-१९ को रोग सम्बन्धित लक्षणहरू देखा परेमा आफ्नो सुपरभाइजरलाई जानकारी गराउने र बिरामी कर्मचारीलाई तत्काल स्वास्थ्य परिक्षण गरी चिकित्सकको सल्लाह बमोजिम कार्य गर्न निर्देशन दिने।

-कुनै कामदारमा कोभिड-१९ रोग लक्षण देखिएमा कामदारले काम गर्दा संसर्गमा आएको क्षेत्रको डिस्इन्फेक्ट गर्ने। र अन्य कामदारहरूका पनि स्वास्थ्य परिक्षण गर्ने।

-कुनै पनि संक्रमित रोगका लक्षण देखिएका कामदारलाई कामदारलाई काममा नलगाउने।

कामदार तथा कर्मचारीहरूको व्यक्तिगत सरसफाई :

-खाद्य पदार्थ तयार वा परिचालन गर्नु अघि खोकी वा हाच्छ्यु गरेपछि शौचालयको प्रयोग पश्चात वा सबैको सम्पर्कमा आउने सतह जस्तै ढोका, टेबुल, पैसा आदि छोए पछि अन्य कुनै सामान समाए पछि खाना खानु अघि कामदारहरूलाई कम्तिमा २० सेकेण्ड साबुन र सफा पानीले हात धुन लगाउने तथा स्यानीटाइजरको प्रयोग गर्न लगाउने।

-आँखा, मुख, नाक, कान तथा अन्य अंग छुने चलाउने कार्य नगर्ने। यदि छोएमा तुरुन्त साबुन पानीले हात धुने।

-तयारी खाद्य पदार्थ (रेडी टु इट फुड) परिचालन गर्दा पञ्जा ग्लोव मास्क अन्या सामाग्रीहरूको सुरक्षा प्रदान गर्ने।

-खोक्दा वा हाच्छ्यु गर्दा टिस्यु वा रुमालले नाक मुख छोप्ने र उक्त टिस्यु डस्विनमा फाली साबुन पानीले हात धुने।

-कार्य स्थलमा संक्रमणको जोखिम कमगर्न सकेसम्म थोरै कामदारहरूको समूह बनाई कामदारहरूको एक अर्को विचको दूरी कम्तिमा ६ फिट कायम गर्ने।

-आफूले काम गर्ने कार्य क्षेत्र सँधै सफा राख्नुका साथै डिस्इन्फेक्ट गर्ने र काममा प्रयोग हुने सामाग्रीहरू पनि पटक-पटक सफा गर्ने।



-व्यक्तिगत सुरक्षा कायम राख्न मेशिनरी औजार धेरै छुइने सर्म्पकमा आउने सतहहरू जस्तै ढोका डोर बेल, बिल भुक्तानी गर्ने काउन्टर, (Touch Pad) सवारी साधान आदिमा स्यानीटाइजरको प्रयोग गरी पटक-पटक डिस्इन्फेक्ट गर्ने।

३. खाद्य पदार्थको उत्पादन तथा प्रशोधन, भण्डारण, ढुवानी तथा बिक्री बितरण तथा सेवा प्रदायक :

-खाद्य उत्पादन, प्रशोधन तथा सेवा प्रदायकहरूले खाद्य स्वच्छताको (५सन्देश स्रोत-विश्व स्वास्थ्य संगठनको) अवलम्बन गर्ने।

-सरसफाई राख्ने र स्वच्छ खाद्यवस्तु मात्र प्रयोग गर्ने। राम्ररी पकाएको नपकाएको खाद्य वस्तुहरूलाई छुट्टा-छुट्टै राख्ने। खानलाई सुरक्षित तापक्रममा राखी संरक्षण गर्ने।



नगद अनुदान बराबरी वा सो भन्दाबढी रकम उपलब्ध गराउन आवश्यक छ। छ र यस्तो रकम अरु रोजगार नभएका र आफैले श्रम गर्ने किसानलाई मात्रदिने व्यवस्था मिलाउने। यो खाद्य संकट सम्बोधन गर्दै कृषि क्षेत्रबाट रोजगारी र आम्दानी बढाउन असल अभ्यासको शुरुवात हो। तत्काल सरकारले अरु वस्तुगत सहयोगको चाँजोपाँजो गर्न नभ्याउने भएकोले यसो गर्न महत्वपूर्ण छ। किसानको आफ्नो सुविधा अनुसार आवश्यक इन्तजाम गर्न सक्छन्। जसका लागि स्वास्थ्य विमा अनिवार्य गर्न सकिन्छ।

श्रमिक किसानलाई तत्कालका लागि पर्याप्त खाने कुराको वन्दोवस्त मिलाउन र यस्तो खाद्य सामाग्री स्थानीय तह मार्फत वास्तविक किसान परिवार पहिचान गरी उपलब्ध गराउने कुरा निश्चित गराउनु पर्छ। यस्ता श्रमिक किसानहरू जस्ले जमीन पाएमा आफै खेतीपाती गर्न आँट गर्छन उनीहरूलाई खेतीपातीको लागि आवश्यक सेवा र सामाग्रीहरूमा पहुँच बढाउने सहज बनाउनुका साथै उपयुक्त बातावरण यथाशिघ्र उपललब्ध गराउने कामको जिम्मेवारी स्थानीय तहले लिने वा वडा तहमा संयन्त्र बनाउने।

नगर तथा नगर उन्मूख वस्तीहरूमा कौशी करेसा बारीको लागि चाहिने उत्पादनसँग सम्बन्धित सामाग्रीहरू सहज रुपमा उपलब्ध गराउने व्यवस्था मिलाउन नगरपालिका र वडा तह र कृषि तथा पशुसेवा विकास केन्द्र बिच सहकार्य गर्ने यसमा संघीय सरकारले एक्मुष्ट अनुदान उपलब्ध गराउने। नगरपालिकाले स्रोत र साधान उपलब्ध गराउने, सेवा केन्द्रको सट्टा कृषि शाखाहरूले सहजीकरण गराउने, समन्वय ढाँचा बनाउने। यो सबै गर्न स्थानीय सरकारले किसानको वर्गीकरण गरेर पहिचान सहित परिचय पत्र दिने व्यवस्था मिलाउने।

२. आम जनसमुदायसम्म खानाको पहुँच बढाउन तत्कालीन प्रस्ताव।

शहरी श्रमिकलाई रोजगारदाता मार्फत नगद साझेदारी गर्ने अनौपचारिक क्षेत्रका श्रमिकलाई ठाउँ-ठाउँमा स्थनानीय सरकारको सुपरिवेक्षणमा स्वयम्सेवी संस्था मार्फत भण्डारहरू सञ्चालन गर्ने बन्दोबस्त मिलाउने, यस्ता काममा सरकारी संयन्त्र प्रभावकारी हुन सक्दैन।

फलफूल र तरकारीको नर्सरी समेतका लागि बीउ, मल र औजारमा अनुदान दिन त्यस्तो अनुदान दिँदा कृषिका प्रतिनिधी संलग्न कृषि तथा पशु विकास सवा केन्द्र मार्फत उपलब्ध गराउन व्यवस्था गर्ने।

३. नीतिगत प्रस्तावहरू :

**क) तत्काल :**

-सबै स्थानीय सरकारले खानेकुरा र खेतीपातीको अवस्था चित्रण हुने अभिलेख जारी गर्न सहजीकरण गर्ने। साथै प्रदेशलाई समेत यसो गर्न हुने कुरा सुझाउने।

-रसायन र विषादीको बढी उत्पादन गर्ने होडमा माटो प्रकृति र मानिस सबैको स्वास्थ्य समेत ख्याल गर्दै दिगो खेतीपाती अपनाउने यस्तो गर्दा भविष्यको लागि खानेकुराको उत्पादन घट्न नदिन र किसानको लागत समेत बढ्नु दिनु हुँदैन। सँगै अहिलेको खाद्य प्रणाली माटोमा भएको जैविक तत्व पोषणको ऱ्हास र रसायनको दुष्परिणाम समेत बढ्न दिनु हुँदैन। सँगै अहिलेको खाद्य समेत घटाउदै लैजाने परिवारको तहमा वस्तुभाउ उत्पादनको लागि पशुपालन र प्राकृतिक स्रोतमा आधारित जैविक कृषि पद्धतिलाई प्रवर्द्धन गर्ने। यसले साना र सिमान्तकृत परिवारको तत्कालीक नदगको आवश्यकता समेत थेगेको कुरा पनि बिर्सनु हुँदैन।

-खेतीयाग्य तर प्रयोगमा नआएको निजी तथा सार्वजनिक जमिनलाई उत्पादन गर्न प्रोत्साहन गर्ने नीति अविलम्व लिने। विदेशबाट फर्केका र शहरबाट गाउँ पुगेका युवा तथा वर्षौ देखि यसबाट वञ्चित समुदायलाई यस्तो जमीन उपलब्ध गराउने बाँझो जमिनको उपयोगी बढाउने। यस्तो कार्य गर्ने प्रोत्साहन ब्याज दिने बन्दोवस्त मिलाउने।

-शहरी क्षेत्रमा रहेका खाली जमीन कौशी र करेसा बारीमा तरकारी खेती गर्न र नगर उन्मूख काँठ क्षेत्रमा खाद्य उत्पादनमा प्रोत्साहन गर्न पालिकाहरू मार्फत कृषि तथा पशु विकास सेवा केन्द्रको सट्टा कृषि शाखाको समन्वयमा बीउ र अन्य खेतीपातीको दिगो खेती पातीका उपयुक्त र सरल प्रविधि सामाग्री रैथाने बीउ र जैविक मल उपलब्ध गराउने। यस्ता बीउ तथा कृषि उत्पादन सामाग्री सहज रुपमा उपलब्ध गराउन यसका साना बिक्रेताहरूलाई प्रोत्साहन प्याकेजको बन्दोवस्त गर्न स्थानीय तहलाई आवश्यक साझेदारी रकम उपलब्ध गराउने। साना व्यवसायी किसानलाई वित्तिय संस्था मार्फत खाद्यान्न उत्पादनमा निर्व्याजी वा सहुलियतपूर्ण ऋण अनुदान उपलब्ध गराउने। तर यस्तो निब्याजी र सहुलियतपूण ऋणको वितरण भने दोहोरिनु हुँदैन। बरु यस्ता संस्था मार्फत खाद्यान्न उत्पादनमा दिइएको यो अनुदान सरल, छिटो र स्थानीय तहको रोहवरमा दिने व्यवस्था गर्ने। स्थानीय सरकारकोमा नै बीमाको व्यवस्था गर्ने।

अत्यन्तै कमजोर अभ्यासमा रहेको अनुसन्धान र प्रसारलाई यथाशक्य प्रभावकारी र परिणाममूखी बनाउन किसान-किसान समुदायको सहभागीतामा आधारित सामुदायिक कृषि अनुसन्धान तथा प्रशारमा जोड दिने।

**ख) प्रदेश सरकार र स्थानीय तहले लिनु पर्ने केही नीतिगत प्रावधानहरू :**

लकडाउन जारी रहेमा खाद्यान्न, तरकारी, पशुपन्छीजन्य उत्पादनका लागि बीउ र ब्याडको बन्दोबस्त गरी किसानलाई निसंकोच र भयरहित तरिकाले खेतबारीमा जानसक्ने वातावरण बनाउने।

-भरखरै र निकट भविष्यमा विदेश जानबाट रोकिएका र विदेशबाट फर्केका युवा जनशक्तिलाई स-सम्मान कृषि पेशामा आकर्षित गर्ने। वातावरण सिर्जना गर्न स्थानीय तह र प्रदेश सरकारको आपसी सहकार्यमा सहयोगको प्रस्ताव सहित योजना बनाउने यस तर्फ अग्रसर स्थानीय तह प्रदेशका अनुभवका आधारमा स्थान विशेष योजना बाउने ।

-उत्पादन प्रकृयालाई सघन र एकीकृत गर्दै कृषि उपज मूल्य श्रृंखला प्रभावकारी बनाउने समूह तथा सहकारीमा आधारित कृषि उपज प्रशोधन, भण्डारण, बजारीकरण र वितरण प्रकृयालाई सहज बनाउन साना किसानमा आधारित कृषि सहकारीलाई सहयोग गर्ने। मुख्यतया तत्कालीन कृषि उपज र खानेकुरा भण्डारण प्रशोधन र बजारीकरणका लागि भाडा तथा अन्य व्यवस्थापन अनुदान दिने नीतिलिँदै दीर्घकालीन रुपमा यिनलाई प्रोत्साहित गर्ने नीति लिने।

-स्थानीय तहमा जाने कृषि बजेटको अनुदान वितरण खाद्य उत्पादनको आधारमा यी स्थानीय तहलाई उत्पादनको आधारमा वर्गीकरण गरी उपलब्ध गराउने। तथा सोही अनुरुप गर्न प्रदेश सरकारलाई नीतिगत निर्देशन दिने।

-कार्यक्रमहरूको प्रभावकारी अनुगमन लागि सेवा केन्द्रको सट्टा कृषि शाखा देखि मन्त्रालय सम्मको हरेक तहमा किसान संघ संगठनहरू, नागरिक समाजका प्रतिनिधीहरू र सञ्चारकर्मी सम्मिलत चालित समूह सोको सार्वजनिक सुनुवाई गर्ने र त्रैमासिक रुपमा

प्रदेश सरकार मार्फत सोको प्रतिवेदन संघमा पठाउने। व्यवस्था मिलाउने। सबै तहमा बजेटको लागि पनि तत्काल यस्तो समुहसँग पनि परामर्श गर्ने।

**ग) दीर्घकालीन नीतिगत प्रस्ताव :**

हाल मन्त्रालयले प्राङ्गारिक र कृषि प्रवर्द्धन गर्न सह-सचिवको संयोजनमा बनाएको प्राङ्गारिक कृषि प्रवर्द्धन इकाई सचिवालय रहने गरी आत्मनिर्भर र दिगो खेतीपातीका लागि एउटा विशिष्ट निकाय ( प्राङ्गारिक परिषद)को निर्माण गर्ने। खाना र खेतीपातीको यस्तो भयावह अवस्था हुनुको मूल कारण प्रकृति सम्मत जीवन पद्धतिमा आएको ह्रासको यसलाई पनि यस्तो निकायले सम्वोधन गर्नुपर्छ।

-मध्यकालीन र दीर्घकालीन कृषि प्रवर्द्धनको राणनीति योजना र कार्यक्रम बनाउन यस वर्षको शुरु देखिनै कृषि मन्त्रालय र मातहतका कृषि प्रवर्द्धन सम्बन्धित प्रसार, अनुसन्धान र शैशिक संरचना, कृषि सामाग्री संस्थान र दीर्घकालीन कृषि प्रवर्द्धन रणनीति पुनरावलोकन गर्ने।

-यी सँगै आयत प्रतिस्थापन, व्यापार प्रवद्धन र वाह्य स्रोत व्यवस्थापन र अन्य मन्त्रालय वित्तीय र सहयोगी संस्थाहरूको सहकार्य र समन्वयको ढाँचा, बनाउने र यसको निरन्तर परिमार्जन गर्दै जाने सोँच बनाउने नीतिगत पहल गर्ने।

माथि उल्लेखित सुझावहरूलाई आत्मसात गरी खाना र खेतीपातीका साथै सरोकारवालाहरूको खासगरी साना तथा श्रमिकहरूको आँट र उत्साह जगाउन यहाँको सम्वोधनहरूमा नछुट्याई सरकारको तर्फबाट भरोसा दिलाउन आग्रह गर्दछौं। यहाँहरूले आम निर्वाचनको बेला नेपालको वाम गठवन्धनको तर्फबाट प्रस्तुत गरेको घोषणा पत्रमा १० वर्षमा मुलुक (अर्गानिक) प्राङ्गारिक बनाउने तथा त्यस लगतैको सम्मानीय राष्ट्रपतिज्यूको सम्वोधनमा समेत यो कुा उल्लेख भएको कुरा स्मरण गराउन चाहान्छौं। यसको प्रगतिका बारेमा धेरै सरोकारवालाहरूले प्रश्न गर्न थालेका छन्। आफ्नो वाचा पूरा गर्न सरकारले भरपुर कोशिस गर्ने छ भन्ने छ हाम्रो अपेक्षा र सदासयता छ। अन्त्यमा यसतर्फ समयमै सरकारलाई सचेत हुन र उपयुक्त पहल गर्न जोडदार रुपमा यो सवाल उठाएर सरकार र आम जनसमुदाय र सराकारलाई झक-झकाइ राख्न पनि सम्वद्ध सबै सरोकारवालाहरूलाई समेत यसै पत्र मार्फत हार्दिक अनुरोध गर्न चाहान्छौं। यस दिशामा अभियान सँधै सरकारसँग सहकार्य गर्न तयार रहेको व्यहोरा अनुरोध गर्दै उल्लेखित सुझावहरू कार्यन्वयन हुनेमा विश्वास व्याक्त गर्दछौं।

*नवराज अधिकारी*
*संयोजक*
*कृषिका लागि खाद्य अभियान*

# कृषक महासंघको सुझाव

काठमाडौं १७ बैशाख

*माननीय मन्त्री ज्यू कृषि तथा पशुपन्छी विकास मन्त्रालय*
*सिंहदरवार, काठमाडौं*

**विषय :** संघीय सरकारको आव २०७७/०७८ को नीति तथा कार्यक्रम र बजेट मार्फत सम्वोधन गर्नु पर्ने। कृषि क्षेत्रहरूको सुझाव पेश गरिएको बारे।

कोरोना भाईरस कोभिड-१९ को सुक्ष्म जीवाणुले संसारभरका मानिस तिनका क्रियाकलापलाई असर गरेको छ। सिंगो मानव जगत आज यही जिवाणुसँग जुधीरहेको छ।



यसबाट सिर्जित व्यवस्थापन गर्दै नागरिकलाई सुरक्षित राख्नु राज्यको दायित्व हो। खानाको स्रोत मूलत जमीन, जंगल र जलबाट प्राप्त हुन्छ। कृषि यसको मूल आधार हो। यसको स्रोत भएकाले कृषि मानव स्वास्थ्य पनि हो। नेपालको संवैधानिक व्यवस्थाले हरेक नागरिकलाई पर्याप्त पोषणयुक्त तथा गुणस्तरीय पहुँचमा पहुँचको अधिकार प्रत्याभूत गरेको छ। संविधानले कल्पना गरेको समाजवादको अभ्यास कोशेढुंगा पनि यही हो। यसको आधार भनेको आत्मनिर्भर कृषि नै हो। आजको दिनमा ३८ लाख नेपाली किसान कृषि कर्म गरिहेकै छन्।

देशका तहगत सरकारहरू आर्थिक वर्ष २०७७/७८ का नीति तथा कार्यक्रमको वजेट बनाउने तयारीमा रहेको सन्दर्भमा कृषि प्रधान देश नेपालले कृषि प्रणाली र खाद्य प्रणाली मार्फत आत्मनिर्भरताको पाइला अगाडि सार्नको लागि सार्थक हस्तक्षेप गर्ने र देशलाई चाहिने खाद्यान्न आफै उत्पादन गर्छौं भन्ने राष्ट्रिय संकल्प गर्ने सही समय यही हो। यसर्थ नीति तथा कार्यक्रम निर्माणमा तपशिल वमोजिमको कार्यक्रम समावेश गरी वजेट विनीयोजना गरी/गराई सम्मानित किसान र समृद्ध राष्ट्रको यात्राको लागि किसानहरूको छाता संगठन राष्ट्रिय कृषक समूह महासंघ नेपाल हार्दिक अनुरोध गर्दछ।

कृषि विकासका लागि नीति तथा कार्यक्रम एवम् बजेटले समेत्ने क्षेत्र।

१ कोरोना कोभिड-१९ को कारण सिर्जित विषम् परिस्थितिमा उत्पादन गुमाउन पुगेको किसान तरकारी उत्पादन, कुखुरा पालक, पुष्प व्यवसायी, बाखा, बँगुर पालक, केरा उत्पादक आदिका लागि क्षतिपूर्ति सहितको किसान राहत क्षतिपूर्ति सहितको किसान विशेष राहत (बीउ, मल, दानाको बिक्री मूल्य) व्यवस्था गरी किसानी पेशालाई प्रोत्साहित गरियोस्।

२. विप्रेशषणमा योगदान गरिरहेको ठूलो हिस्सा नेपाल फर्किए र फर्किदैछन्। विदेशबाट फर्कने नेपालमा रहेको युवाशक्ति र यसको सम्पादन गरी स्थानीय सरकार मार्फत कृषि क्षेत्रमा रोजगारी सिर्जना गर्ने कार्यक्रम तयार गरौं। ग्रामीण सहकारी र मझौला उद्योगको माध्यमबाट उनीहरूको अनुभवको परिचालन गर्न सकिन्छ। यसबाट स्वाभिमानी कृषि अर्थतन्त्र निर्माणको आधार बन्न सक्छ। त्यसर्थ युवा लक्षित कृषि, हरित कृषि रोजगार हरित कृषि रोजगार कार्यक्रमलाई विशेष प्राथमिकता दिइयो।

३. कूल ग्राहस्थ उत्पादनको २८ प्रतिशत रहेको कृषि क्षेत्रको विकासको लागि कम्तिमा २०० प्रतिशत वजेट विनियोजन गरी आत्मनिर्भर उन्मूख कृषि वजेट विनियोजन गरी कृषि वजेटलाई शर्त बनाइयोस।



एम.जी. प्रति के.जी. माछाको दरले दानामा मिसाई १५ दिनसम्म खुवाउनुहोस्। साथै प्रति कट्ठा जलाशयको उपचारका लागि कोर्सोलिन टि.एच. (Kohrsolin TH) ३० मिलि लिटर र चुना १४ के.जी. का दरले प्रकोप हेरी एक हप्ताको अन्तरालमा बढीमा तीन पटकसम्म प्रयोग गर्नुहोस्।

◆ तराईका जिल्लाहरूमा कार्प जातका माउ, खाने माछा तथा हुर्कौला भूराको शरीरमा हुक बनाई त्यान्द्रो जस्तो झुण्डीरहेको वाह्य परिजीवी (लर्निया)को व्यवस्थापनको लागि घाम लागेको दिनमा पोखरीमा पानीको गहिराई कम्तिमा १-१.५ मिटर कायम राखि निरन्तर एरिएसन दिई साईपरमेथ्रिन(६५, ५-८ मिलि लिटर अथवा डेल्टामेथ्रिन १-२ मिलि लिटर अथवा पोटासियम परम्याग्नेट ०.६५ ग्राम प्रति कट्ठा जलाशयमा २-३ घण्टासम्म पोखरी उपचार गरि कम्तिमा २५-३०५ प्रतिशत पोखरीको पानी फेर्नुहोस्।

◆ कार्प माछा भुरा हुर्काउने पोखरीमा वातावरण बदलाबसँगै शिकारी जीव (खपटे, वग, गाइने कीरा आदि) को प्रकोप देखिएमा पोखरीमा ४ फिट पानी गहिराई भएको अवस्थामा मालाथियन ५०५ ई.सी., प्रति कट्ठा ४०० एम.एल. मालाथियन १० लिटर पानीमा घोलेर अथवा ग्रामेक्जेम ३.५ मिलिग्राम प्रति कट्ठाका दरले पोखरीको चारैकुनामा छर्कनुहोस्। यसो गर्दा जलीय सुक्ष्म जीवहरूको ह्रास हुनगई पोखरीको उत्पादन क्षमता कम हुने भएकोले भोलिपल्ट १.५ के.जी. डि.ए.पी.र०.५ के.जी. यूरिया बेग्लाबेग्लै भिजाउने र पोखरीको चारैकुनामा छर्कनुहोस्।

◆ प्रि-मनसुनको समयमा परेको पानीले ट्राउट माछामा पातलो पहेँलो दिसा (कक्सिडियोसिसरोग) देखि नसक्ने हुँदा दानामा टोल्ट्राजुरिल -त्यति (Razuril) ७ मिलिग्राम प्रति के.जी. माछाका दरले भटमासको तेल (०.७५ प्रतिके.जी. दाना) मा मिसाई खुवाउनुहोस्। पहेँलो दिसा सँगै रगत पनि मिसिएको देखिएमा भिटामिनको (Vitamin K) १०० मिलिग्राम प्रति के.जी. दानामा थप गरी ७ दिनसम्म दिनुहोस्।

◆ टिलापिया माछाको प्रजनन् समय भएको हुँदा एक लिङ्गीय टिलापिया उत्पादक ह्याचरी कृषकहरूले आवश्यक टिलापिया ब्रुड (२००-३०० ग्राम) छनौट गरेर प्रजनन् पोखरीमा हापामा सेटिङ्ग गरी प्रति वर्ग मिटर तीन माछाका दरले स्टक गर्नुहोस्। हप्तामा कम्तिमा एकपटक हापाका पोथीहरूको मुखको जाँच गर्नुहोस् र निषेचित अण्डाहरू माछाको मुखबाट संकलन गरी समान परिपक्वताको अण्डाहरू एउटै इन्क्युबेटरमा अण्डा कढाउनुहोस्। एक लिङ्गीय टिलापिया उत्पादनका लागि ४-५ दिन पूरानो पहिलो पौडी खेल्ने भुरालाई ४५५ सीपी भएको दाना वा सिद्राको धुलोमा प्रति किलो ग्राम दानामा ६० मिलिग्राम १७ मिथाइल टेस्टोस्टेरोन मिसाई २१ दिनसम्म इण्डोर ट्याङ्कीमा प्लान्क्टन मुक्त पानीमा हुर्काउनुहोस्

*मिलिग्राम प्रति के.जी. माछाका दरले भटमासको तेल (०.७५ प्रतिके.जी. दाना) मा मिसाई खुवाउनुहोस्।*

**घाँसेबाली :**

◆ मकैचरी घाँस (Teosinte) को एकपटक मात्र कटिंग लिनुपर्ने अवस्थामा जेठ महिनामा समेत लगाउन सकिन्छ। मकैबालीमा जस्तै मौसमको अवस्था हेरि खनजोत र मलखाद प्रयोग गरि मकैचरी, मकैघाँस र जुनेलो घाँसको बीउ रोप्नुहोस्। बीउ रोप्दा ३-४ से.मी. गहिराईमा हुने गरी एक लाईन देखि अर्को लाईनको दूरी २५-३० से.मी. कायम राख्नुहोस्।

◆ वर्षेघाँस लगाउने समय भएकोले तालिकामा उल्लेख गरे बमोजिम घाँसेबालीहरू लगाउनुहोस्

घाँसका नामहरू सिफारिस क्षेत्र
घाँसको जातहरू बीउको मात्रा (के.जी. प्रति हेक्टर) मलको मात्रा
(नाइट्रोजनः फस्फोरसः पोटास) प्रति हेक्टर छर्ने तरिका मकै तराई तथा मध्य पहाड मनकामना, देउती, अरुण ३०-३५ ८०:६०:४० लाईनमा अथवा हलोको पछाडी
जुनेलो तराई तथा मध्य पहाड एम पि चरी, स्थानिय, स्विस सरगम २५-३० ८०:६०:४० मकै छरेजस्तै गरी छर्ने
टियोसेन्टी तराई तथा मध्य पहाड सिर्सा ३५-४० ८०:६०ऽ४० लाईनमा अथवा हलोको पछाडी सुडान तराई तथा मध्य पहाड पिपर स्वीट सुडान १०-१५ ८०:६०:४० लाईनमा अथवा हलोको पछाडी बाजरा तराई तथा मध्य पहाड जोइन्ट बाजरा १०-१२ ८०:६०:४०

**धानको बीउ छान्ने विधि :**

◆ तीन लिटर पानीमा मसिनो धानको लागि लगभग ५०० ग्राम र मोटो धानको लागि ६०० ग्राम नुन एउटा बाल्टीनमा राम्ररी घोल्ने।

◆ घोलिएको नुन-पानीमा एक किलोग्राम जति धानको बीउ खन्याउने, एकैछिन चलाउने र १-३ मिनेट जति बीउलाई तैरिन र थिग्रिन दिने।

◆ तैरिएका र थिग्रिएका बीउलाई अलग-अलग झिकेर छुट्टै राख्ने। बाँकी बीउलाई त्यसरी नै सोही नुन-पानीको घोल प्रयोग गर्दै छुट्याउने।

◆ बीउको मात्रा धेरै वा थोरै भए सोही अनुरुप नुन-पानीको घोलको मात्रालाई बढाउन वा घटाउन सकिन्छ।

◆ थिग्रिएको बीउलाई सफा पानीले २ पटक सफा गरी ब्याड राख्ने।

◆ छरुवा धान भए सिधै छर्ने। यसरी छानेको बीउलाई सोही दिन ब्याड नराख्ने वा नछर्ने भए बीउलाई पानीले पखाली छहारीमा राम्ररी सुकाएर राख्न सकिन्छ।

◆ तैरिएको बीउलाई पनि पानीले पखालेर र सुकाएर अन्य प्रयोजनमा ल्याउन सकिन्छ। नुन-पानीको घोललाई गाईभैंसीको कुँडो बनाउँदा प्रयोगमा ल्याउन सकिन्छ।

◆ बीउलाई साफ, साफल वा बेभिष्टिनले ३.० ग्राम प्रति के.जी.को दरले मिसाएर बन्द भाँडोमा वा बाल्टिनमा सबै दानामा लाग्ने गरी उपचार गर्ने। उपचार गरेको ३-४ दिनभित्र ब्याडमा बीउ राख्ने।

हरियो मलको रुपमा ढैँचा प्रयोग गर्दा माटोमा नाईट्रोजन स्थिरीकरण गर्नुका साथै माटोमा प्राङगारिक पदार्थको मात्रा थप्ने गर्दछ। विभिन्न अनुसन्धानबाट प्राप्त नतिजा अनुसार ढैँचा खेती गरेको खण्डमा बालीलाई आवश्यक पर्ने नाईट्रोजनको २५५ भाग परिपूर्ति हुने हुनाले नेपालमा पाईने ढैँचाका जातहरू सेस्बानियारोस्ट्राटा (Sesbaniarostrata) र सेस्बानिया क्याना बिना - Sesbaniacannabina) धान खेती गर्नुभन्दा ४५ दिन अगाडि धान लगाउने खेतमा ४० के.जी. प्रति हेक्टरका दरले खनजोत गरी लगाउनुहोस्। यी मध्ये सेस्बानियारोस्ट्राटामा काण्ड र जरामा समेत वायुमण्डलीय नाईट्रोजन सोसेर लिनसक्ने राईजोबियम ब्याक्टेरिया भएको गिर्खाहरू मौजुद हुन्छन्। जसले नाईट्रोजन स्थिरीकरणको मात्रा बढाउछ। ढैँचा लगाएको ६-७ हप्ता (फूलफुल्नेअवस्था) पछि खेतमा पानी राखि बोटलाई जोत्न सजिलो हुनेगरी काट्ने र जोतेर माटोमुनि पारेर सडाउनुहोस्। यसरी सडाएर राखेको हरियो मल ढैँचाले ८०-१५० के.जी. नाईट्रोजन प्रति हेक्टर स्थिरीकरण गर्न सक्ने पाईएको छ।

◆ भर्खरै व्याएका वा दूधालु पशुहरूलाई पूर्णरुपमा दूध ननिखारी दुहुनाले थुनेलो भई फाँचो (कल्चौडो) नै बिग्रन सक्ने हुँदा बजारिकरण गर्न नसकिएपनि दूध सबै निखारेर दुहुनुहोस्। दूधका अन्य परिकारहरू बनाई प्रयोग गर्ने वा भण्डारण गर्नेतर्फ पनि सोच्नुहोस्।

◆ दिउँसोको तापक्रम बढ्दै गईरहेको हुँदा पशुहरूलाई पर्याप्त मात्रामा सफा र ताजा पानी उपलब्ध गराउनुहोस्।

◆ पशुहरूमा किर्नाको टोकाईबाट लहमुते रोग (प्रायः कफी रंगको वा रातो रंगको पिसाब फेर्ने उक्त पिसाब आधाघण्टा जति सफा टेस्टट्यूब र शिसाको गिलासमा नहल्लाई राख्दा सतहमा रगत नजम्ने) सर्ने भएकोले यसबाट पशुहरूलाई बचाउन बुटक्स औषधी २ एम.एल. प्रति लिटर पानीमा मिसाई पशुको शरीर भरी दल्नुहोस्।

◆ गाई, भैंसी, भेडा, बाखामा खोरेत, चरचरे र एन्थ्राक्स (पटके रोग) तथा भेडा, बाखामा पिपिआर विरुद्ध खोप लगाउने समय भएकोले नजिकैको प्राविधिकसँग सम्पर्क गरी आफ्नो पशुवस्तुलाई समयमै खोप लगाउनुहोस्। पशुवस्तुहरूलाई दिउँसोको समयमा खोप नलगाई साँझ र बिहानको समयमा मात्र लगाउनुहोस्।

◆ पि.पि.आर. रोग लागेका बाखाको आँखा, नाक, मुख (थुतुनो) मनतातो पानीमा सफा कपास भिजाई दिनमा २ पटक ५५ बोरो-ग्लिसिरिनले सफा गर्नुहोस्। सहायक (Secondary) संक्रमण भएमा अक्सीटेट्रासाइक्लिन वा सेफिट्एक्जोन समूहका औषधी प्रयोग गर्नुहोस्।

◆ माउ बाखा मरेमा वा दूध कम आएमा गाईभैंसीको दुध अथवा निम्न अनुसारको झोल बनाई पिलाउनुहोस्।

| **सामाग्रीहरूको** | **मात्रा :** |
|---|---|
| कुखुराको अण्डा | १ ओटा |
| मनतातो पानी | २०० एम.एल. |
| दूध | ३०० एम.एल. |

लिक्विड प्याराफिन वा तोरी, तील, बदाम, सूर्यमुखीको तेल १० एम.एल.

◆ व्याएका बाखाहरूलाई सन्तुलित दानाको समयमा विशेष व्यवस्था गर्नुहोस्। घरमा नै सन्तुलित दाना बनाउन निम्न अनुसार मिश्रणको नाप अनुसारको प्रयोग गर्नुहोस्।

| कच्चा पदार्थ | भाग : |
|---|---|
| मकै र धान र कोदो र गहुँ | ७२ |
| पिना र दाल र गेडागुडी | २५ |
| नून | १ |
| खनिज मिश्रण | २ |
| जम्मा | १०० |

**कुखुरा, हाँस, बँगुर :**

◆ आफ्नो फार्ममा रहेका सम्पूर्ण निरोगी सुँगुर-बँगुरहरूलाई, क्लासिकल स्वाईन फिवर, पि.आर.आर.एस. जस्ता बिषाणुजन्य रोगहरूको विरुद्ध खोप लगाउनुहोस्। यी खोपहरू जिल्लामा रहेका भेटेरीनरी अस्पतालहरूमा उपलब्ध हुन्छ। यसमध्ये पि.आर.आर.एस.को खोप पोथी माउहरूलाई ३० दिनको फरकमा दुईपटक लगाउनुहोस्। दोस्रो खोप भाले लगाउनु भन्दा पहिले लगाउनुहोस्।

◆ पशुपंक्षीरूलाई खुवाउने अन्न, दाना, ढुटो जस्ता वस्तुहरूलाई ढुसीबाट जोगाउन सुख्खा ठाउँमा भण्डारण गर्नुहोस्। सुँगुर, बँगुर र कुखुराहरूलाई ढुसीजन्य संक्रमण निकै छिटो र व्यापक रुपमा देखिने हुँदा डल्ला परेको, हेर्दा नै स्पष्टसँग ढुसी लागेको र चिसो-ओसिलो स्थानमा राखिएका दाना, अन्न वा ढुटो प्रयोग नगर्नुहोस्।

◆ कुखुरा वा सुँगुर बँगुरहरूमा ढुसीजन्य संक्रमण भएको अवस्थामा लिभर टोनिकहरू खुवाउनुका साथै १ ग्राम नीलोतुथो ६-८ लिटर पानीमा राम्रोसँग घोली ५-७ दिनसम्म खुवाउनुहोस्। नीलोतुथो घोलेको पानी टर्रो हुने र पशुपंक्षीले नखान सक्ने हुँदा पानीमा केही अमिलो चिजहरू जस्तै-चूक, कागतीको रस वा भिनेगर पनि हालेर खुवाउनुहोस्।

◆ असिना, हावाहुरी र मेघ गर्जन सहितको चट्याङका कारण कुखुरा र सुँगुर-बँगुरका साना पाठा-पाठी भड्किने वा उत्तेजित भई डराउने र एक आपसमा खाँदिएर मर्न सक्ने भएकाले सो समयमा खोरमा प्रशस्त मात्रामा बत्ती बालेर जनावरहरूलाई खाँदिनबाट जोगाउनुहोस्।

◆ आफ्नो फार्ममा उत्पादन भएका अण्डालाई बजारीकरण गर्न प्रतिकूल अवस्था (कोभिड-१९ का कारण लकडाउन रहेको-भएकाले चिसो, सुख्खा र घाम नपर्ने स्थान हेरि फार्ममा नै भण्डारण गर्नुहोस्। पानीमा धोईएका अण्डाहरू लामो समयसम्म भण्डारण गर्न नसकिने हुँदा अण्डाको बाहिरि सतहमा फोहोर लागेको छ भने त्यस्ता अण्डाहरूलाई पानीले नधोई सफा, सुख्खा कपडाले पुछेर भण्डारण गर्नुहोस्।

◆ हालको प्रतिकूल (कोभिड-१९ का कारण लकडाउन रहेको)समयमा कुखुराहरूलाई खुवाउने दानाको अभाव हुन सक्ने र अण्डा, मासुको बजारीकरण गर्न पनि समस्या हुन सक्ने भएकाले कुखुराहरूलाई उत्पादन कम गर्न हाल दिइरहेको दानाको एक चौथाई मात्र वा बाँचनको लागि चाहिने दाना (Maintenance ration) दिन सकिन्छ। यस्तो विषम समयमा कुखुराहरूको प्वाँख झार्ने काम (Forced molting) पनि गर्न सकिन्छ।

◆ दानाको अभाव भएको समयमा कुखुराको आहारालाई प्रतिस्थापन गर्न कोम्फ्रे घाँस, खेसरीको पात, गहुँको टुसा मिसाएर खुवाउनुहोस्।

◆ यो समयमा पंक्षीहरूमा मौसमी फ्लु (Low pathogenic avian influenza) को उच्च जोखिम रहेकोले आफ्नो फार्ममा जैविक सुरक्षा अपनाउनुहोस्। फार्ममा एकैपटक धेरै कुखुरामा श्वासप्रश्वास सम्बन्धि रोगको लक्षण देखापरेमा, अण्डा उत्पादन एक्कासी घटेमा, मृत्युदर बढी भएमा भेटेरीनरी प्राविधिकलाई जानकारी गराउनुहोस्।

**मत्स्यपालन :**

◆ सिल्भर कार्प माछाको र बिगहेड कार्प माछाको प्रजनन् समय भएको हुँदा माउमाछाको व्यवहार परिवर्तनको दैनिक रेकर्डका आधारमा भौतिक दूरी कायम गरी प्रत्येक हप्ता माउ पोखरीबाट परिपक्व माउ छनौट गरेर करीब २४ घण्टा होल्डिङ्ग ट्याङ्कीमा अनुकुलन गरी प्रजनन् गर्नुहोस्। शारीरिक तौलका आधारमा ओभाटाईड (Ovatide) हर्मोन सिल्भर कार्पजातका छनौट भाले र पोथी माउ माछालाई क्रमश: ०.४ र ०.८ मिलि लिटर प्रति किलोग्राम तथा बिगहेड कार्प जातका छनौट भाले र पोथी माउ माछालाई क्रमश : ०.२५ र ०.५ मिलि लिटर प्रति किलोग्रामका दरले दिई पोथीको दोब्बर संख्यामा भाले हुनेगरी स्पनिङ्गका लागि छाड्नुहोस्। ह्याचरीको पानीको तापक्रम २४(२६ डिग्री सेल्सियस भएको अवस्थामा १४-१६ घण्टापछि अण्डालाई कृत्रिम निषेचन पूर्णतया सुख्खा बाटामा गर्नुहोस्। निषेचन भएको अण्डा २०-३० घण्टा पछिको र लिन्छ। भुराको र लिएको पाँचौँदिनबाट भुरालाई ल्याक्टोजेन दूध पाउडर वा उसिनेको अण्डाको पहेँलो भागको झोल बनाईदिनुहोस्।

◆ वातावरणीय उतार-चढावले कार्प माछामा इ.यु.एस. (Epizootic Ulserative Syndrome) संक्रमित भई शरीरमा स-साना राता धब्बाहरू देखि गहिरो घाउ देखापरेमा सिफालेक्सिन (Ciphalexin) ८०



४. स्थानीय तहमा गरीबीको रेखामूनी रहेका भूमिहीन कृषक, मजदुर, साना किसान खाद्य संकटको जोखिममा रहेको परिवारको विवरण राख्न र यसलाई समय समयमा अद्यावधि गर्ने आवश्यक रहेकोले वास्तविक किसानको पहिचान, अनुदान प्रणालीको व्यवस्थापन, बाँझो जमीनको कृषि प्रयोजनमा उपयोग गर्नका साथै राज्यद्वारा उपलब्ध हुने राहत प्याकेज सेवा सुविधा विमा, सुल, ऋण मल, औजार आदि (सहुलियतलाई वास्तविक किसानसँग जोड्नको लागि स्थानीय तहको अगुवाईमा किसानको पहिचान, वर्गीकरण र परिचय पत्रको आधारमा सेवा सुविधा वितरण गर्ने कार्यक्रमलाई प्राथमिकता दिइयोस्।

५. भूमिहीन सिमान्त महिला र साना किसानलाई सहजीकरण गर्ने र उत्साहित गर्ने गरी उन्नत बीउ विजन सिंचाई प्रविधि वा कृषि विमा, सहुलियत कृषि ऋण, मलखाद र किसान बजार जस्ता वियषमा विशेष सहुलियतको व्यवस्था गरियोस्। वास्तविक साना किसानलाई अनुदान र कृषि सेवाको दायरामा ल्याउन विद्यामान समस्या ग्रष्ट अनुदान वितरण प्रणालीको विकल्प खोजी लक्षित किसानहरू सम्म सेवा विस्तारको व्यवस्था मिलाइयोस्।

६. पशु र बाली विमा नीति किसानमैत्री रहँदा-रहँदै पनि ग्रामीण समुदायको साना किसान र सिमान्त किसानहरूको पहुँच पुग्न नसकेको यथार्थलाई मनन गरी ग्रामीण समुदायको भूमि हीन, साना र सिमान्तकृत वर्गले महशुस गर्नेगरी विमा कम्पनीहरू अनिवार्य रुपमा ग्रामीण समुदायमा पुग्न प्रणाली निर्माण गरी स्थानीय सरकार समेतको आर्थिक लगानी सहितको अगुवाइमा बाली र पशु विमा कार्यक्रम सञ्चालनको लागि बजेटको व्यवस्था गरियोस्। बाली विमा लागतमा उत्पादनमा गर्ने व्यवस्था मिलाइयोस्।

७. पालिका भित्रको वडा भूमिहीन, वेरोजगार आदिको विवरण तयार पारी उनीहरूलाई त्यस स्थानमा उपलब्ध खेर गइरहेको कृषियोग्य जमीन लामो अवधीको लागि उपयोगका लागि जग्गा भाडामा लिई खेती अभ्यासलाई स्थानीय तहहरूमार्फत उपलब्ध गराउने र मापदण्डमा आधरित योजनावद्ध कृषि उद्यम अभ्यास अवलम्बन गरियो।

८. स्थानीय तह, कृषक समूह, कृषि सहकारीको समन्वयमा सामूहिक र चक्लावन्दी -जमीनको अवस्था हेरी साना, मझौला, ठूला गरी आवश्यक पूर्वाधार सहीत विशेष क्षेत्र घोषणा गरी उत्पादनलाई जोड दिइयोस्।

९. हरेक बालीबाट किसानले न्यूनतम् बचत गर्ने गरी निश्चित मापदण्ड बनाई बाली लगाउनु पुर्वनै समर्थन मूल्य तोकियोस्। तहगत सरकारको कसिलो समन्वयमा समर्थन मूल्य नघट्ने गरी किसानको उत्पादन खरीद गरीदिने ग्यारेन्टी गरियोस्।

१०. स्थानीय सरकार र कृषि सहकारी, कृषक समूहको साझेदारीमा मूल्य श्रृंखला र दिगो बजार प्रणालीको विकास गरियोस नेपाली किसानले उत्पादन गरेका कृषि उपजलाई निर्यात सूचीमा निर्यात सूचीमा समावेश गरी गराई निकासी, पैठारीमा नेपाली किसानहरूले भोग्दै आएको झमेला सदाको लागि अन्त्य गरी कृषि उपज सहज रुपमा अन्तराष्ट्रिय बजारमा प्रवेश सुनिश्चितता गरियोस्।

११. आवाधिक रुपमा तुरुन्त बिग्रेर जाने कृषि उपजहरू बिक्री नहुने, अवस्थामा वा बिक्री भइरहने समयमा पनि सूचारु हुनेगरी लामो समयसम्म स्टोर गर्न सकिने वा सो उपजलाई प्रशोधन गर्ने गरी हरेक स्थानीय तहमा उपयुक्त संरचनाको विकासलाई प्राथमिकता दिइयोस्। पशुपन्छी र मासु अन्य उत्पादनको बजार छुट्टै हुनेगरी व्यवस्थापन गरियोस्।

१२. पारिवारिक खेती प्रणालीको प्रवर्द्धन एवं प्राङ्गारिक खेती मार्फत दिगो तथा आत्मनिर्भर मूखी कृषि मार्फत स्वच्छ उत्पादन र स्वास्थ्य मानव जीवनको लागि पोषणयुक्त रैथाने बाली बीउ संरक्षण, सम्वर्द्धन र प्रवर्द्धनका लागि विशेष अभियान, कम्पोष्ट मल र घरेलु विषादीको उत्पादन प्रयोगलाई प्रोत्साहित दिनको लागि विशेष अनुदानको व्यवस्था मिलाइयोस्।

१३. कृषक समूह पशु सेवा समूह भनेको कृषि पेशामा संलग्न सीमान्त, भूमिहीन महिला साना किसानहरूको संगठित रुप हो। राज्यले सबै किसानहरूलाई सेवा सुविधा उपलब्ध गराउन नसक्दा सरकारको क्षमता अनुसार प्रष्ट सेवा, समूहमा मिलेर बाँडचुँड गरी व्यवस्थापन गर्नु पर्ने वाध्यताले कृषक समूह र पशुसेवा गठन भई देशको कृषि उत्पादनमा टेवा पुऱ्याउँदै आएका छन्। कृषि समुह वा पशुसेवा समूहले न त कुनै संघ संस्थाको परियोजना पाउँछ न त सरकारको परियोजनागत अनुदान कृषक समूह, पशुसेवा समूहहरूले २/५ रुपैयाँ वचत हितकोष संकलन बैंक र साहुले नपत्याउँदा पनि २-५ सय ऋणको रुपमा परिचालन गरी २/४ वटा कुखुरा पालन गरी जीविका चलाउँदै आएको अवस्थामा सरकारले संघ-संस्थालाई करको दायरामा ल्याउने वहानामा कृषक समूह, पशु सेवा समूहहरूले एक्लिन पर्ने भनी गरेको व्यवस्था किसान र समूहको हीत विपरित भएकाले कृषक समूह, पशु सेवा समूहले स्थायी लेखा नं. प्यान लिने व्यवस्था हटाइयोस्।

१४. नेपालको संवैधानिक व्यवस्थापन हरेक नागरिकलाई प्रयाप्त पोषण युक्त तथा गुणस्तरीय खाद्यमा नियमित पहुँचको अधिकार प्रत्याभूतको सुनिश्चितताको आधारका रुपमा स्थानीय तहमा बीउ, बैंक र खाद्य भकारीको व्यवस्था गरियोस्।

१५. किसान स्वास्थ्य बीमा एवम् योगदानमा आधारित किसान पेन्सनको व्यवस्था गरियोस्।

१६. कृषि सम्बद्ध मन्त्रालय र प्रदेशसम्मका संरचना कामकाजी हुन नसक्दा, किसान कमजोर भए। यसर्थ कृषि कर्मको थलो स्थानीय तहको कृषि प्राविधिक क्षमताको वास्तविक अवस्थालाई मनन गर्दै नतिजा उन्मूख कृषि विकासको लागि प्रत्येक वडामा कृषि र पशु प्राविधिक पालिका तहमा कृषि तथा पशु विज्ञहरु कृषि तथा पशु विज्ञहरूको व्यवस्थापन गरियोस्।

१७. नीति तथा कार्यक्रम मार्फत नै बीउ खेती गर्ने जमीन, कृषि सामाग्री, प्राविधिक सेवा, उत्पादनको व्यवस्थापन र बजारीकरणको लागि प्रदेश सरकार र स्थानीय तहलाई स्पष्ट खाका उपलब्ध गराई कृषि विकासको लागि प्रोत्साहन गरियोस्।

१८. २० वर्षे कृषि रणनीतिलाई पुनरावलोकन गरी संघीय संरचना र परिवेश अनुसार साना किसान मैत्री एवं आत्मनिभर उन्मूख कृषि बनाउन यसै रणनीति मार्फत तहगत सरकारका कृषि नीति र कार्यक्रमहरू तया गर्न गराउने व्यवस्था मिलाइयोस्।

१९. जग्गा बाँझो नराख्नको लागि स्थानीय सरकार मार्फत किसानलाई हौसला प्रदान गरी योजनावद्ध उत्पादन (स्थानीय तहको योजना, कृषि प्राविधिकको सहयोग, बिक्रीको सुनिश्चितता) प्रणालीमा सहयोग सहजीकरणको व्यवस्था मिलाइयोस्।

२०. कृषि कार्यक्रमहरूको प्रभावकारिता अनुगमनको लागि स्थानीय तहदेखि संघीय तहसम्म अनुगमन समिति (तहगत सरकार, कृषक समूह, सहकारी राष्ट्रिय कृषक समूह महासंघ सार्थक उत्पादनको व्यवस्थापनको लागि संयन्त्र निर्माण तथा परिचालनको व्यवस्था मिलाइयोस्।

*नवराज बस्नेत अध्यक्ष*
*राष्ट्रिय कृषक समूह महासंघ*

# जेठ महिनाको कृषि प्राविधिक सल्लाह

**वर्षाको परिदृष्य :**

जल तथा मौसम विज्ञान विभागको मनसुनी वर्षा आँकलन गर्ने प्रारुप अनुसार आगामी मनसुन अवधिमा नेपालका अधिकांश भू-भागहरूमा सरदर वर्षा हुने सम्भावना रहेको छ। यद्यपि प्रदेश नं. १, बागमती प्रदेश र गण्डकी प्रदेशको उत्तरी भू-भागमा सरदर वर्षा हुने सम्भावना ५०% भन्दा बढि रहेको छ भने अन्य भू-भागहरूमा सरदर वर्षा हुने सम्भावना ५०% भन्दा कम रहेको छ। नेपालमा मनसुन अवधि भन्नाले सामान्यतया जुन १ देखि सेप्टेम्बर ३० सम्मको चार महिनाको अवधिलाई जनाउँछ।



**मौसमी सारांश :**

◆ हिमाली भू-भागमा साताको मध्यमा हल्का हिमपातको सम्भावना रहेको छ।

◆ प्रदेश नं।१, बागमती प्रदेश, गण्डकी प्रदेश र प्रदेश नं.५ का पहाडी भू-भागका केही स्थानहरूमा साथै कर्णाली प्रदेश र सुदूर पश्चिम प्रदेशका पहाडी भू-भागका थोरै स्थानहरूमा मेघ गर्जन, चट्याङ, सहितको वर्षा र गण्डकी प्रदेश, प्रदेश नं.५, कर्णाली प्रदेश र सुदूर पश्चिम प्रदेशका पहाडी भू-भागका एक/दुई स्थानहरूमा हावाहुरि तथा असिनाको पनि सम्भावना रहेको छ।

◆ प्रदेशनं.१, प्रदेशनं.२, बागमती प्रदेश, गण्डकी प्रदेश र कर्णाली प्रदेशका केही तराईका भू-भागहरू तथा प्रदेश नं.५ र सुदुर पश्चिम प्रदेशका तराईका थोरै भू-भागमा मेघ गर्जन, चट्याङ, हावाहुरि तथा असिनाको सम्भावना रहेको छ।

◆ प्रदेश नं.१ र गण्डकी प्रदेशका पहाडी भू-भागमा न्यूनतम् र अधिकतम् तापक्रममा खासै परिवर्तन नहुने सम्भावना छ भने बाँकी भू-भागमा हल्का बढ्ने सम्भावना रहेको छ।

**कृषि सारांश :**

◆ चैते धानमा झारपात व्यवस्थापनको लागि झारनाशक विषादी प्रेटिलाक्लोर ५०% ई.सी. २५लिटर पानीमा ५०मिलिलिटरको दरले मिसाएर प्रति रोपनीमा धान रोपेको ५ दिनभित्र खेतमा छिप-छिपे पानी भएको अवस्थामा फ्लेटफेन नोजलले स्प्रे गर्नुहोस्। अथवा बिस्पाएरिबेक १०% ई.सी. २५लिटर पानीमा १२.५ मिलिलिटरको दरले मिसाएर प्रति रोपनीमा धान रोपेको १५ देखि २५ दिनभित्र खेतमा छिप- छिपे पानी भएको अवस्थामा फ्लेटफेननोजलले स्प्रे गर्नुहोस्। पछि झार आएमा ४०-५० दिनभित्र एकपटक हातले गोडनु होस्।

◆ वर्षे मकैमा झारपात व्यवस्थापनको लागि अट्राजिन ५०डब्लु.पी. २५ लिटर पानीमा १०० ग्रामको दरले मिसाएर प्रति रोपनीमा मकै रोपेको ५ दिनभित्र स्प्रे गर्नुहोस्। अथवा टेम्बोट्राइन ७५ ५ एस. सी. २५ लिटर पानीमा ८ मिलि लिटरको दरले मिसाएर प्रति रोपनीमा मकै रोपेको २० देखि ३० दिनभित्र माटोमा हल्का चिस्यान भएको अवस्थामा फ्लेटफेननो जलको प्रयोगले स्प्रे गर्नुहोस्।

◆ भटमास लगाउने उपयुक्त समय भएकोले पहाडका लागि तरकारी भटमास १, लुम्ले १, सेती र रान्सम सिफारिस गरिएका भटमासका उन्नत जातको बीउ भरपर्दो स्रोतबाट ल्याएर लगाउनुहोस्।

◆ उखुबालीको नयाँ गुबोमा एकभन्दा बढीस-साना प्वालहरु देखिएमा टुसा पसाउने गवारोको प्रकोप हुने सम्भावना हुन्छ। यो कीराको प्रकोप प्रत्येक वर्ष वर्षायाम शुरु हुन लागेपछि देखिन थाल्ने भएकोले नियमित अनुगमन गर्नुहोस्। यसको प्रकोप कम गर्न उखु रोपेको ४५ र ६० दिनमा ३ ईन्च जति माटो चढाएर हल्का सिँचाईको व्यवस्था गर्नु होस्। परजीवि कीरा ट्राईकोग्रामाको प्रयोग गर्नुहोस्। प्रकोप बढी हुने क्षेत्रमा क्लोरानट्रानिली प्रोलवाफिप्रोनिल ०.७५ देखि १ के.जी. प्रति कट्टाको दरले उखुको ड्याङमा हाली माटोले पुरेर हलुका सिँचाईं गर्नुहोस्। नोक्सानी ज्यादै भएमा थायोडी कार्प २ ग्राम प्रति लिटर पानीको दरले ८००-१००० लिटर घोल तयार गरि १ हेक्टरमा छर्नुहोस्।

◆ केराको गानो कुहिने रोग लाग्न नदिन केरा खेती गरेको जग्गामा पानी निकासको उचित व्यवस्था गर्नुहोस्।

◆ गोलभेंडामा शाकाणुबाट ओइलाउने र डाँठ कुहिने रोग लागेका बोटहरू देखिएमा माटो सहित हटाउनुहोस्। गोडमेल गर्दा सम्भव भएसम्म चोटपटक लाग्नबाट बचाउनुहोस्। पानी निकासको उचित व्यवस्था गर्नुहोस्। रोग लागेमा शुरुको अवस्थामा कपर अक्सिक्लोराइड २ ग्राम प्रति लिटर पानीको घोल बनाई फेद वरिपरि माटो भिज्नेगरि उपचार गर्नुहोस्।

◆ कोरोना भाइरसको महामारीले निम्त्याएको लामो लकडाउनका कारण बजारीकरण गर्न नसकिएको कृषि उपज या पशुजन्य उत्पादनलाई उत्पादनोपरान्तका प्रविधि अपनाई अचार, गुन्द्रुक, सिन्की,केचप, सस, चिप्स, घ्यू, सुकुटी जस्ता परिकारहरू बनाई खेर जानबाट जोगाउनुहोस्।

◆ आफ्ना फार्ममा रहेका सम्पूर्ण निरोगी सुँगुर-बंगुरहरूलाई, क्लासिकल स्वाईन फिवर, पि.आर.आर.एस. जस्ता विषाणुजन्य रोगहरूको



हालेर पानी नपरेको समयमा स्प्रे गर्नुहोस्, अथवा ब्याक्टेरियाजन्य (बी.टी) Bt (डाइपेल, बायोलेप) ३ ग्राम प्रति लिटर पानीमा मिसाएर पानी नपरेको समयमा स्प्रे गर्नुहोस्। प्रकोप कम भएमा मालाथियन ५०% ई.सी. वा रोगर ३०% ई.सी. २.५ एम.एल. प्रति लिटर पानीमा मिसाएर र प्रकोप ज्यादा भएमा क्लोरनट्रानिलिप्रोल (Chlorantraniliprole 18.5 % SC) वास्पिनोसाड (Spinosad 45% SC) १ एम.एल. प्रति ३ लिटर पानीमा मिसाएर पानी नपरेको समयमा छर्कनुहोस्। एउटै विषादी निरन्तर प्रयोग नगरेर आलोपालो गरी प्रयोग गर्नुहोस्।

◆ खुर्सानीको बेर्नालाई करीव ९ इन्च अग्लो ड्याङ बनाई बेर्नाको फेदमा खाल्डो नपर्ने गरी सारेर पानी निकासको उचित व्यवस्था मिलाउनुहोस्।

◆ काँक्रो, फर्सी, लौका, तितेकरेला जस्ता लहरेबालीका बेर्ना सार्नु अगाडि राम्ररी पाकेको गोठेमल १०००-१५०० के.जी., डि.ए.पी. १० के.जी., युरिया ५ के.जी., म्युरेट अफ पोटास ५ के.जी., बोरेक्स १५० ग्राम., र जिंक सल्फेट १५० ग्राम प्रति रोपनीका दरले खाडलमा राम्ररी मिलाई लगाउनुहोस्।

◆ काँक्रो, फर्सी समुहको लहरे बालीलाई फल कुहाउने औंसाबाट जोगाउनको लागि क्युल्युरयुक्त बोटल ट्र्याप प्रति हेक्टर ८ वटाको दरले राख्नुहोस्। साथै प्रत्येक २ हप्तामा नयाँ ल्युरयुक्त बोटल फेर्नुहोस्। मालाथियन ५०% इ.सी., २ एम.एल. प्रति लिटर र २ ग्राम चिनी (भेली) पानीमा मिसाएर प्रति हेक्टर २०-२५ ठाँउमा फूलफुल्नु अगाडीदेखि १५-१५ दिनको फरकमा छर्नुहोस्।

◆ काँक्रो, फर्सी समुहको लहरे बालीमा रातो खपटे कीराका लार्भाहरू जमीनको सतह भन्दा अलिकति मुनी बस्ने भएकोले समय समयमा गोडमेल गर्नुहोस्। कीराले बिहान र बेलुका नोक्सानी पुऱ्याउने भएकोले सम्भव भएसम्म हातले टिपेर नष्ट गर्नुहोस्। कीराको प्रकोप धेरै भएमा साँझपख साइपरमेथ्रिन (१० % ई.सी.) २ मिलि लिटर प्रति लिटर पानीमा मिसाएर माटो र बोट भिज्नेगरि छर्नुहोस्।

◆ गोलभेंडामा शाकाणुबाट ओइलाउने र डाँठ कुहिने रोग (Bacterial wiltand bacterial stem rot) लागेका बोटहरू देखिएमा माटो सहित हटाउनुहोस्। गोडमेल गर्दा सम्भव भएसम्म चोटपटक लाग्नबाट बचाउनुहोस्। पानी निकासको उचित व्यवस्था गर्नुहोस्। रोग लागेमा शुरुको अवस्थामा कपर अक्सिक्लोराइड २ ग्राम प्रति लिटर पानीको घोल बनाई फेद वरिपरि माटो भिज्नेगरि उपचार गर्नुहोस्।

◆ गोलभेंडामा पात खन्ने कीरा (Tutaabsoluta) को नियमित अनुगमन गर्नुहोस्। नर्सरीका बेर्ना वा खेतबारीमा लगाइएका बिरुवाहरूको पात वा डाँठहरूमा तल चित्रमा देखाइएका जस्ता लक्षण देखिएमा व्यवस्थापनका उचित विधिहरू अपनाउनुहोस्। साथै लक्षण देखिएमा कृषि प्राविधिकसँग सम्पर्क राख्नुहोस् वा पैसा नलाग्ने नार्कको फोन नम्बर (११३५ मा हरेक सोमबार दिँउसो २ देखि ४ बजेसम्म सम्पर्क गर्नुहोस्।

**अन्य :**

◆ कोरोना भाइरसको महामारीले निम्त्याएको लामो लकडाउनका कारण बजारीकरण गर्न नसकिएको कृषि उपज या पशुजन्य उत्पादनलाई उत्पादनोपरान्तका प्रविधि अपनाई अचार, गुन्द्रुक, सिन्की,केचप, सस, चिप्स, घ्यू, सुकुटी जस्ता परिकारहरू बनाई खेर जानबाट जोगाउनुहोस्।

◆ गोठेमल वा कम्पोष्ट मललाई खेतमा लगेपछि घाममा सुक्न दिने हो भने १२ घण्टा सुक्दा ६५, ३६ घण्टा सुक्दा २३५ र ७ दिनसम्म सुक्दा ३६५ नाइट्रोजन नोक्सान हुने भएकोले खेतबारीमा मल थुप्रो पारेर वा छिलेर सुकाउनु हुँदैन, त्यसकारण जमीन जोतेर माटोमा मिलाउनुहोस्।

◆ कन्ये च्याउ उत्पादन गर्न चाहने किसानहरूले २२-२७ डिग्री सेल्सियसको तापक्रम र ८०-९० प्रतिशतको सापेक्षिक आर्द्रता कायम गरि च्याउ खेती गर्नुहोस्।

◆ दुधे च्याउ (Milky mushroom) खेती गर्न चाहने कृषकहरुले ढुसी फैलाउन २०-३० डिग्री सेल्सियस तथा च्याउ फलाउन २८-३५ डिग्री सेल्सियस तापक्रम र ८०-८५ प्रतिशतको सापेक्षिक आर्द्रता कायम गरि च्याउ खेती गर्नुहोस्।

◆ मौरी घारमा रोग, सुलसुले र रानु भए नभएको नियमित अवलोकन गर्नुहोस्। हाल मौरीको लागि उपयुक्त मौसम भएकोले घारको नियमित निरीक्षण गरी आधार चाकाहरू साथै सुपर (तल्ला) थप्ने व्यवस्था गर्नुहोस्। साथै घारको संख्या बढाउनु छ भने रानुको उपयुक्त व्यवस्था गरि मौरी गोला विभाजन गर्नुहोस्।

◆ तापक्रम र आर्द्रतामा दैनिक रुपमा उतार-चढाव भइरहेको हुनाले यस्तो बेलामा मौरीको छाउरा कुहिने रोग (Foul brood disease) लाग्ने सम्भावना हुने भएकोले मौरी घारको नियमित अनुगमन गर्नुहोस्।

◆ पूर्वी तराईमा लगाईएको जुटबालीमा लाग्ने भुसिलकीराको व्यापकता यस समयमा बढी हुने भएकोले प्रकोप व्यवस्थापनको लागि बाली लगाएको ५-७ हप्तापछि १५-२० दिनको फरकमा क्लोरपाईरीफस १६% ई.सी. २.५ एम.एल. प्रति लिटर पानीमा स्टिकर मिसाई साँझपख प्रकोप हेरि ३-४ पटकसम्म छर्नुहोस्।

**पशुपालन :**

गाई, भैंसी, भेडा, बाख्रा :


◆ तापक्रम बढ्दै जाने र मौसम पनि बदली भइरहने हालको समयमा पशुहरूमा जुम्रा, उपियाँ, किर्ना, भुसुना जस्ता बाह्य परजीवीहरूको प्रकोप बढ्दै जाने हुँदा आफ्ना पशुवस्तुहरूको नियमित अनुगमन गर्नुहोस्। यस्ता बाह्य परजीवीहरूको प्रकोप धेरै भएमा क्लीनर, बुटोक्स, नोटिक्स, एमिटाज, इक्टोसिस जस्ता औषधिहरू सिफारिस गरिएको मात्रामा पानीमा घोलेर पशुवस्तुको शरीरमा दल्नुका साथै खोर-गोठमा पनि राम्रोसँग छर्कनुहोस्।

◆ हालको प्रतिकूल (कोभिड-१९ का कारणले लकडाउन भएको) समयमा पशुवस्तुहरूलाई खुवाउने दानाहरूको अभाव हुन सक्ने र पशुजन्य उत्पादनहरू बजारीकरण गर्न समस्या हुनसक्ने भएकोले आफूसँग मौज्दातमा रहेको कच्चा पदार्थ, दाना र औषधीहरूलाई विवेकपूर्वक प्रयोग गर्नुहोस्। पशुवस्तुहरूलाई बाँच्नको लागि मात्र चाहिने दाना (Maintenance Ration) दिने गर्नुहोस्। हरियो घाँसपातको जोहो गर्न सम्भव भए वयस्क पशुहरूलाई घाँस मात्र दिई साना र गर्भवती पशुहरूलाई दाना पनि दिनुहोस्।

◆ लकडाउनका कारण हालको प्रतिकूल समयमा दूध उत्पादनमा रहेका पशुहरूलाई दानाको अभाव भएमा स्थानीय रुपमा पाईने अन्न, दलहन बालीका खोस्टाहरू (by-products) र तेलहन बालीका पिनाहरूको प्रयोग गरी दाना बनाई खुवाउनुहोस्। यसका लागि मकै ३० भाग, तेलहन बालीको पिना २० भाग, धानको ढुटो ३० भाग, गहुँ वा गेडागुडीको भुस २० भाग र नून एक (दुई मुट्ठी मिसाई न्यूनतम् आवश्यकताको दाना बनाउनुहोस्। यसमा पानीमा भिजाईएको ४-५ ईन्च लामो हुनेगरी काटिएको पराल वा छ्वाली पनि मिसाई खुवाउनुहोस्।

◆ भर्खरै काटिएको गहुँको भुसा र दलहन बाली जस्तैःमुसुरो, अरहर र मासका खोस्टाहरू पनि पशुहरूलाई खुवाउनको लागि राम्रो हुनेहुँदा उचित रुपमा भण्डारण गरी राख्नुहोस्।

◆ स्याउमा लाग्ने भुवादार लाही कीराको व्यवस्थापनको लागि नियमित अनुगमन गरी एकिकृत व्यव्स्थापन विधि अपनाउनुहोस् । लाही कीराबाट संक्रमित हाँगा, मुनाहरू नष्ट गर्नुहोस् । लजालु स्वभावका परजीवी खपटे कीराहरूले यसलाई नोक्सानी पुऱ्याउने भएकोले यसको सम्वर्द्धन गर्नुहोस्, परजीवी कीरा एफिलिनस माली (Aphelinusmali) को



प्रयोग गर्नुहोस् । खनिज तेल (Mineral oil) १०-१५ एम.एल. प्रति लिटर पानीमा मिसाई भुवादार लाही लागेको स्थानमा भिज्नेगरी सात-सात दिनको अन्तरालमा तीनपटक छर्कनुहोस् ।

◆ सुन्तलाजात फलफूलमा फल कुहाउने औंसाको प्रकोप शुरु हुने समय भएकोले नियमित अनुगमन गरि प्रोटिनको चारो वा पासोको प्रयोग गर्नुहोस् ।

◆ आँपको कोयामा लाग्ने घुनको प्रकोप हुने बगैंचाहरूमा एसीफेट (७५५ एस.पी.) २ एम.एल. प्रति लिटर पानीमा मिसाएर बोटको हाँगाहरू र हाँगाको कापमा १५ दिनको फरकमा ३ पटक (फूल फुल्नु पहिला, फुल झरिसकेपछि र फल केराउ र लप्सी दाना जत्रो भएको अवस्थामा) बेलुकीपख छर्नुहोस् ।

◆ आँपको फल कुहाउने औंसाले फल गुच्चा आकारको भएको अवस्थादेखिनै प्वालपारेर फलभित्र अण्डा पारि माथिबाट बन्दगरी दिन्छ र औंसा बन्दछ । सोही औंसाले फल खाएको ठाउँमा संक्रमण शुरुभई फल कुहेर झर्दछ । यसको लागि भाले झिँगा आकर्षण गर्न फेरोमेन ट्र्याप (मिथाइलयुजिनोल) २-३ वटा प्रति कट्ठाको दरले राख्नुहोस् ।२० लिटरपानीमा ४ लिटर मोलासेसर ५ एम.एल.स्पिनोस्याड ४५५ एस.सी., १ एम.एल. प्रति ३ लिटर पानीमा मिसाई बगैंचामा छर्कनुहोस् । साथै कुहेर झरेको फललाई खाडलमा पुर्नुहोस् ।

◆ आँपको बगैंचामा मधु वा कीरा (Mango hopper) लाग्ने समय भएकोले यसको नियमित अनुगमन गर्नुहोस् । यो कीराको अत्याधिक प्रकोप देखिएमा इमिडाक्लोप्रिड १७.८५ एस.एल.स १ एम.एल. प्रति ३ लिटर पानीमा मिसाई बेलुकीपख छर्नुहोस् ।

◆ लिचीको बगैंचामा प्रत्येक साल सुलसुले (Mite) को प्रकोप हुने भएकोले यसको नियमित अनुगमन गरि प्रकोप ज्यादा भएमा खनिजतेल (सर्वो र एट्सो) १० एम.एल. प्रति लिटर अथवा स्पाईरो मेसिफेन १ एम.एल. प्रति लिटर पानीमा घोलेर १० दिनको फरकमा २ पटक छर्नुहोस् ।

◆ अनारको वयस्क पुतलीहरू सक्रिय हुने मौसम भएकोले अनारको दाना गुच्चा जत्रो भएपछि पेपर व्यागले ब्यागिङ्ग गर्नुहोस् । साथै १५ दिनको फरकमा नीमजन्य विषादी (एजाडिरयाक्टिन) ०.३ ई.सी.,२ एम.एल. प्रति लिटर पानीमा घोली ४ पटक छर्नुहोस् । यस कीराको प्रकोप अधिक देखिने बगैंचाहरूमा क्लोरानट्रानिलिप्रोल (कोराजेन) १८.५ एस.सी. ०.३ एम.एल. प्रति लिटर पानीमा घोली १५ दिनको फरकमा ३ पटक साँझपख बोट भिज्नेगरी छर्कनुहोस् ।

◆ केराको गानो कुहिने रोग लाग्न नदिन केरा खेती गरेको जग्गामा पानी निकासको उचित व्यवस्था गर्नुहोस् ।

◆ केराको बोट ओइलाउने (पानामा रोग) देखिएमा रोग लागेको बोट बिरुवा उखेलेर हटाउने, नयाँ बिरुवा सार्नको लागि रोग नलागेको क्षेत्रबाट ल्याउने तथा कार्वेन्डाजिम (वेभिष्टिन) १ लिटर पानीमा २ ग्राम घोली बोटको फेद भिजाउने तथा पातमा छर्नुहोस् । वाकपर अक्सिक्लोराइड २ ग्राम प्रति लिटर पानीमा घोली बोट र जरा भिज्नेगरी छर्नुहोस्

कफी बाली

◆ प्रि-मनसुनको समयमा हावाहुरीले कफीबालीको बोटहरू भाँचिन सक्ने भएकोले बगैंचाको अनुगमन गरी भाँचिएका बोटहरूलाई काटछाँट गरी मिलाउनुहोस् । वर्षा भएको ४-५ दिनमा कफी फूल्ने भएकोले आवश्यकता अनुसार मलखादको प्रबन्ध मिलाउनुहोस् ।

**मसला बाली अलैंची :**

◆ अलैंची बालीको गानो कुहिने रोग लाग्न नदिन अलैंची खेती गरेको जग्गामा भल तथा पानी निकासको उचित व्यवस्था गर्नुहोस् ।

**तरकारी बालीहरू :**

◆ माघ महिनाको शुरुतिर मध्यपहाडमा रोपेको आलुबालीलाई साताको अन्त्यमा खन्नुहोस्

◆ साताको मध्यतिर वर्षाको सम्भावना रहेकोले मध्य तथा उच्च पहाडमा लगाइएको आलुबालीमा दाना लागिसकेको अवस्थामा दाना कुहिन सक्ने भएकोले पानी निकासको उचित व्यवस्था गर्नुहोस् ।

◆ उच्चपहाड र मध्यपहाडमा फागुन महिनामा बीउको लागि लगाएको आलुबालीमा बेजातका या रोगी, भाइरस संक्रमित (पात बटारिने, टाटेपाटे) बोटदेखिएमा र गिंग (उखेले र नष्ट गर्ने काम) गर्नुहोस् ।

◆ मध्यपहाडमा माघ महिनाको अन्त्यतिर रोपेको बीउ आलुबालीमा साताको शुरुमा बिहानको समयमा हाल्म पुलिङ्ग (डाँठ उखेल्ने) गर्नुहोस् ।

◆ मध्यपहाडमा लगाएको आलुबालीलाई भाइरसको संक्रमणबाट जोगाउन लाही कीराको नियन्त्रण गर्नुपर्ने भएकोले नीमजन्य विषादीजस्तै-नीमतेल ५ एम.एल. प्रति लिटरका दरले हप्ताको एक-दुई पटक साँझको समयमा छर्कनुहोस् ।

◆ आलुबालीमा लाग्ने डढुवा रोग व्यवस्थापनका लागि सेक्टिन २ ग्राम प्रति लिटर पानीमा मिसाई ८-१० दिनको फरकमा २-३ पटक सम्पूर्ण बोट भिज्नेगरी साँझपख छर्नुहोस् ।

◆ तरकारी बालीहरूको नर्सरीमा र बेर्ना सारिसकेपछि फेद काट्ने कीरा र जरा कुहिने रोग लाग्न सक्ने भएकोले क्लोरपाइरिफस २०५ ई.सी., १ एम.एल. प्रति लिटर र कार्वेन्डाजिम-बेभिस्टिन) ५०५ डव्लु.पी., १ ग्राम प्रति लिटर पानीमा घोली बिरुवाको फेदमा जरा भिज्नेगरी छर्नुहोस् ।

**सिमीमा लाग्ने गवारो :**

◆ यसको व्यवस्थापनको लागि माथि उखुबालीमा सिफारिस गरे अनुसार परजीवी कीरा ट्राइकोग्रामाको प्रयोग गर्नुहोस् । शिकारी कीरा-जालीदार हरियो पखेटे कीरा) को प्रवर्द्धन र सम्वर्द्धन गर्नुहोस् ।

◆ कोसामा लाग्ने गवारो (Pod borer) कीरा व्यवस्थापनको लागि १० ग्राम भेली प्रति लिटर पानीमा मिसाई बनाएको घोलमा HaNPV (हेलीएन.पि.भी) २५० LE को १.५ एम.एल.



विरुद्ध खोप लगाउनुहोस् । यी खोपहरू जिल्लामा रहेका भेटेरीनरी अस्पतालहरूमा उपलब्ध हुन्छ । यसमध्ये पि.आर.आर.एस.को खोप पोथी माउहरूलाई ३० दिनको फरकमा दुईपटक लगाउनुहोस् । दोस्रो खोप भाले लगाउनु भन्दा पहिले लगाउनुहोस् ।

◆ माछा तथा पशुपंक्षीरूलाई खुवाउने अन्न, दाना, ढुटो जस्ता वस्तुहरूलाई ढुसीबाट जोगाउन सुख्खा ठाउँमा भण्डारण गर्नुहोस् । सुँगुर, बंगुर र कुखुराहरूलाई ढुसीजन्य संक्रमण निकै छिटो र व्यापक रुपमा देखिने हुँदा डल्ला परेको, हेर्दा नै स्पष्टसँग ढुसी लागेको र चिसो-ओसिलो स्थानमा राखिएका दाना, अन्न वा ढुटो प्रयोग नगर्नुहोस् ।

◆ तराईका जिल्लाहरूमा कार्प जातका माउ, खाने माछा तथा हुर्कौला भुराको शरीरमा हुक बनाई त्यान्द्रो जस्तो झुण्डीरहेको बाह्य परिजिवी (लर्निया)को व्यवस्थापनको लागि घाम लागेको दिनमा पोखरीमा पानीको गहिराई कम्तिमा १-१.५ मिटर कायम राखि निरन्तर एरिएसन दिई साईपरमेथ्रिन (६५, ५-८ मिलि लिटर अथवा डेल्टार्मेथ्रिन १-२ मिलिलिटर अथवा पोटासियम परम्याग्नेट ०.६५ ग्राम प्रति कट्ठा जलाशयमा २-३ घण्टासम्म पोखरी उपचार गरि कम्तिमा २५(३०५ प्रतिशत पोखरीको पानी फेर्नुहोस् ।

◆ कृषि र पशु सम्बन्धी जिज्ञासाको लागि पैसा नलाग्ने नार्कको फोन नम्बर (११३५ मा हरेक सोमबार दिँउसो २ देखि ४ बजेसम्म फोन गर्नुहोस् ।

◆ कृषि-मौसम सल्लाह बुलेटिन नेपाल टेलिभिजनको NTV NEWS Channel बाट प्रत्येक शनिबार बेलुका ८ बजेको समाचार पछि प्रसारण हुने गर्दछ । यसको पुनः प्रसारण आईतबार बिहान ७ बजेको समाचार पछि पनि हेर्न सक्नुहुनेछ ।

प्रदेश भौगोलिक :

क्षेत्र वर्षा र हिमपात अधिकतम् तापक्रम न्यूनतम् तापक्रम बदली हुने अवस्था (सफा, आंशिक, सामान्य, वा पूर्ण) महत्वपूर्ण मौसम

(मेघगर्जन, असिना, कुहिरो) कैफियत (मौसम प्रणाली)

प्रदेश नं १:

हिमाल र उच्च पहाड हिमपात परिवर्तन नहुने परिवर्तन नहुने साताको शुरु र मध्यमा आंशिक देखि सामान्य बदली रही साताको अन्त्यमा सामान्य बदली रहने छ ।

हल्का हिमपातको सम्भावना

पहाड :

वर्षा परिवर्तन नहुने परिवर्तन नहुने साताको शुरु र मध्यमा आंशिक देखि सामान्य बदली रही साताको अन्त्यमा सामान्य बदली रहने छ । मेघगर्जन, चट्याङको सम्भावना

तराई वर्षा र असिना हल्का बढ्ने हल्का बढ्ने साताको शुरु र मध्यमा आंशिक बदली रही साताको अन्त्यमा सामान्य बदली रहने छ । मेघ गर्जन, चट्याङ, हावाहुरी र असिनाको सभावना

प्रदेश नं २ :

तराई :

वर्षा र असिना हल्का बढ्ने हल्का बढ्ने साताको शुरुमा आंशिक बदली, मध्यमा आंशिक देखि सामान्य बदली र अन्त्यमा सामान्य बदली रहने छ । साताको मध्य र अन्त्यमा मेघ गर्जन, चट्याङ, हावाहुरी र असिनाको सभावना

बागमती प्रदेश :

हिमाल र उच्च पहाड हिमपात हल्का बढ्ने हल्का बढ्ने साताभरि नै आंशिक देखि सामान्य बदली रहने छ । हल्का हिमपातको संभावना

पहाड :

वर्षा र असिना हल्का बढ्ने हल्का बढ्ने साताभरि नै आंशिक देखि सामान्य बदली रहने छ । मेघ गर्जन, चट्याङ, र असिनाको सभावना

तराई :

वर्षा र असिना हल्का बढ्ने हल्का बढ्ने साताको शुरुमा आंशिक बदली, मध्य र अन्त्यमा आंशिक देखि सामान्य बदली रहने छ । साताको मध्य र अन्त्यमा मेघ गर्जन, चट्याङ, र असिनाको सभावना

गण्डकी प्रदेश हिमाल र उच्च पहाड हल्का हिमपात हल्का बढ्ने हल्का बढ्ने साताको मध्य र अन्त्यमा आंशिक देखि सामान्य बदली रहने छ ।

हल्का हिमपातको सम्भावना

पहाड :

वर्षा र असिना परिवर्तन नहुने परिवर्तन नहुने साताका अधिकांश दिनहरूमा आंशिक देखि सामान्य बदली रहने छ । मेघ गर्जन, चट्याङ, हावाहुरी र असिनाको सम्भावना

तराई :

वर्षा र असिना हल्का बढ्ने हल्का बढ्ने साताको शुरुमा आंशिक बदली, मध्य र अन्त्यमा आंशिक देखि सामान्य बदली रहने छ । साताको मध्य र अन्त्यमा मेघ गर्जन, चट्याङ, हावाहुरी र असिनाको संभावना

प्रदेश नं ५ :

पहाड वर्षा र असिना हल्का बढ्ने हल्का बढ्ने साताभरि नै आंशिक देखि सामान्य बदली रहने छ । मेघ गर्जन, चट्याङ, हावाहुरी र असिनाको सम्भावना



तराई :

वर्षा र असिना हल्का बढ्ने हल्का बढ्ने साताको शुरु र अन्त्यमा आंशिक बदली रही साताको मध्यामा आंशिक देखि सामान्य बदली रहने छ । मेघ गर्जन, चट्याङ, हावाहुरी र असिनाको सम्भावना :

कर्णाली प्रदेश :

हिमाल र उच्च पहाड हल्का हिमपात हल्का बढ्ने हल्का बढ्ने साताको शुरु र अन्त्यमा आंशिक बदली रही साताको मध्यामा आंशिक देखि सामान्य बदली रहने छ । हल्का हिमपातको सम्भावना

पहाड :

वर्षा र असिना हल्का बढ्ने हल्का बढ्ने साताभरि नै आंशिक देखि सामान्य बदली रहने छ । मेघ गर्जन, चट्याङ, हावाहुरी र असिनाको सम्भावना

**सुदूर पश्चिम प्रदेश :**

हिमाल र उच्च पहाड हिमपात हल्का बढ्ने हल्का बढ्ने साताको शुरु र अन्त्यमा आंशिक बदली रही साताको मध्यामा आंशिक देखि सामान्य बदली रहने छ । ह ल्का हिमपातको सम्भावना ।

**पहाड :**

वर्षा हल्का बढ्ने हल्का बढ्ने साताको शुरु र अन्त्यमा आंशिक बदली रही साताको मध्यामा आंशिक देखि सामान्य बदली रहने छ । मेघ गर्जन, चट्याङ, र हावाहुरीको सम्भावना

**तराई :**

वर्षा र असिना हल्का बढ्ने हल्का बढ्ने साताको शुरु र मध्यामा आंशिक देखि सामान्य बदली रहनेछ भने साताको अन्त्यमा आंशिक बदली रहने छ । मेघ गर्जन, चट्याङ, हावाहुरी र असिनाको संभावना

नोटः साताको शुरु भन्नाले शुक्रबार र शनिबार, साताको मध्य भन्नाले आइतबार, सोमबार र मंगलबार तथा साताको अन्त्य भन्नाले बुधबार र बिहीबारलाई जनाउँछ ।

**खाद्यान्नबाली :**

◆ उच्च पहाडी भेग (जुम्ला)मा तयार भईसकेको धानको बेर्ना रोप्न शुरु गर्नुहोस् । ब्याडमा तयार गरिएको बेर्ना उखेल्नु भन्दा १( २ दिन अगाडि सिँचाई दिएरमात्र उखेल्नुहोस् रोप्नको लागि तयार गरेको जग्गामा १ हारदेखि अर्को हारको दूरी २० से.मी. र बोटबाट बोटको दूरी १५ से.मी.को फरकमा २-३ वटा बेर्ना २-३ से.मी. गहिराईमा रोप्नुहोस् ।

◆ चैते धान रोपेको करीब २५-३० दिनपछि अथवा बिरुवाले गाँज हाल्न शुरु गरेको अवस्थामा ४.४ के.जी. युरिया प्रति रोपनी वा २.९ के.जी. युरिया प्रति कट्ठाका दरले टपड्रेस गर्नुहोस् । टपड्रेस गरिसकेपछि २४ घण्टासम्म खेतबाट पानी बगेर बाहिर जान नदिनुहोस् ।

◆ चैते धानमा झारपात व्यवस्थापनको लागि झारनाशक विषादी प्रेटिलाक्लोर ५०५ ई.सी. (Pretilachlor50 EC), २५ लिटर पानीमा ५० मिलि लिटरको दरले प्रति रोपनीमा धान रोपेको ५ दिनभित्र खेतमा छिप- छिपे पानी भएको अवस्थामा फ्लेटफेननोजलले स्प्रे गर्नुहोस् । अथवा बिस्पाएरिबेक १०५ ई.सी. (Bispyribac10 EC), २५ लिटर पानीमा १२.५ मिलि लिटरको दरले मिसाएर प्रति रोपनीमा धान रोपेको १५ देखि २५ दिनभित्र खेतमा छिप-छिपे पानी भएको अवस्थामा फ्लेटफेननोजलले स्प्रे गर्नुहोस् । पछि झार आएमा ४०-५० दिनभित्र एक पटक हातले गोडनुहोस् ।

◆ चैते धानमा गवारो कीराले आर्थिक क्षती गर्ने भएकोले यसको नियमित अनुगमन गर्नुहोस् । क्षती देखिएमा व्यवस्थापन गर्न फिप्रोनिल (Fipronil 0=3%G) वा कारटाप हाईड्रोक्लोराइड (Cartap hydrochloride 4%G) १५ देखि २० के.जी. प्रति हेक्टरको दरले पानी नपरेको समयमा साँझपख छर्कनुहोस् ।

◆ वर्षे धानबालीबाट राम्रो उत्पादन लिन र आफुले लगाउन चाहेको ठाउँ अनुसारको लागि सिफारिस गरिएका धानका उन्नत जातहरूको बीउ भरपर्दो स्रोतबाट समयमा नै व्यवस्था गरि ब्याड राख्नुहोस् ।

तराई, भित्रि मधेस, तल्लो पहाडी बेंशीका सिंचित क्षेत्रको लागि बहुगुणी धान-१, बहुगुणी धान-२, हर्दिनाथ-३, मिथिला, रामपुर मन्सुली, सावित्री, रामधान तथा असिंचित क्षेत्रको लागि सुख्खा धान-१, सुख्खा धान-२, सुख्खा धान-३, सुख्खा धान-४, सुख्खा धान-५, सुख्खा धान-६, तरहरा-१ र हर्दिनाथ-२

घैया धानको लागि घैया-१, घैया-२ र विन्देश्वरी बाढीग्रस्त क्षेत्रका लागि स्वर्ण सब-१ र सम्बा मन्सुली सब-१

मध्य पहाडी क्षेत्रका लागि खुमल-४, खुमल-८, खुमल-१०, खुमल-११ र खुमल-१३

छरुवा धान खेतीको लागि तराई तथा भित्री मधेसमा सुख्खा धान-१, सुख्खा धान-२, सुख्खा धान-३, तरहरा-१, हर्दिनाथ-२, घैया-२, राधा-४ र विन्देश्वरी तथा मध्य पहाडमा खुमल-४, खुमल-८ र खुमल-१०

वर्षे धानको बीउ ब्याडमा राख्ने बेला भएकोले बेर्ना तयारीको लागि राम्ररी पाकेको गोबर मल र कम्पोस्ट मल २०-२५ डोको प्रति कट्ठा वा ३०-३५ डोको प्रति रोपनीका दरले ब्याड राख्ने ठाँउको माटोमा राम्ररी मिलाई ३४ के.जी. बीउ प्रति कट्ठा वा ५१ के.जी. बीउ प्रति रोपनीका दरले (१० वर्ग मिटरमा १ के.जी. बीउका दरले) ब्याडमा छर्नुहोस् ।

◆ धानको बीउलाई ब्याडमा राख्न वा सिधै छरुवा विधिबाट खेतमा छर्नुअघि अनुसूची-१ मा दिईएको बीउ छान्ने विधिद्वारा बीउलाई छानेर मात्रै प्रयोग गर्नुहोस् ।




◆ धानबालीमा हरियो मलको रुपमा ढैंचा खेतीको व्यवस्थापनबारे अनुसूची-२मा विस्तृतमा दिईएको छ ।

◆ पाकेको गहुँबाली मौसमको अवस्था हेरि भित्र्याउनु होस् । गहुँलाई २-३ दिन घाममा सुकाएपछि -दानामा चिस्यानको मात्रा १०-१२ प्रतिशत) हावा नछिर्ने भाँडा जस्तै-सीडबिन, प्रोब्याग, घ्याम्पो आदीमा भण्डारण गर्नुहोस् ।

◆ खाद्यान्नको लागि प्रयोग गरिने गहुँ भण्डारणमा कीराबाट जोगाउन भकारीको माथिल्लो भागमा ४-५ ईन्च जति छहारीमा सुकाएको सुकिलो नीम, बकाइनो र तितेपाती जस्ता बिरुवाको पातहरु प्रयोग गर्नुहोस् ।साथै बीउको लागि प्रयोग गरिने गहुँ भण्डारणमा कीरा लाग्न नदिन सेलफसको २-३ चक्की मलमल कपडामा बेरेर १ मेट्रिक टन भण्डारण गरेको बीउमा भकारी भित्र ६-१२ ईन्च हात घुसाएर राखि भकारीमा हावा नछिर्ने गरि बन्द गर्नुहोस् ।

**वर्षे मकै :**

◆ मध्यपहाडी भेगको लागि सिफारिस गरिएका जातहरू: मनकामना-१, मनकामना-३, मनकामना-४, मनकामना-५, मनकामना-६, पोषिलो मकै-१, खुमल पहेंलो, सितला, देउती र खुमल हाइब्रिड-२ (वर्णशंकर मकै) तथा छिटो पाक्ने मकैका जातहरू: अरुण-३, अरुण-४, अरुण-६ र उच्च पहाडी क्षेत्रका लागि गणेश-१, गणेश-२ व्यवस्था गरि १-१.५ के.जी. प्रति रोपनीका दरले लगाउनुहोस् ।

◆ मकै लगाउने जग्गा तयारीको बेला तल दिईए बमोजिम मलखाद माटोमा राम्ररी मिलाउनुहोस् ।

प्रकार प्रांगारिक मल :

(के.जी.र रोपनी) जग्गा तयारीको बेलामा आवश्यक रसायनिक मल, जग्गा तयारीको बेलामा (के.जी.र रोपनी)

| डि.ए.पी | युरिया | म्युरेटअफ पोटास | जिङ्क सल्फेट | | |
|---|---|---|---|---|---|
| छिटो पाक्ने मकै | ५०० | ६.५ | २.९ | ३.३ | १.३ |
| ढिलो पाक्ने मकै | ५०० | ६.५ | ५.६ | ३.३ | १.३ |
| वर्णशंकर मकै | ७५० | ६.५ | ६.२ | ३.३ | १.३ |

◆ वर्षे मकैमा झारपात व्यवस्थापनको लागि अट्राजिन ५० डब्लु.पी. (Atrazine 50 WP) २५ लिटर पानीमा १०० ग्रामको दरले मिसाएर प्रति रोपनीमा मकै रोपेको ५ दिनभित्र स्प्रे गर्नुहोस् । अथवा टेम्बोट्राइन ७५ प्रतिशत एस.सी (Tembotrione 75 SC) २५ लिटर पानीमा ८ मिलि लिटरको दरले प्रति रोपनीमा मकै रोपेको २० देखि ३० दिनभित्र माटोमा हल्का चिस्यान भएको अवस्थामा फ्लेटफेननोजलको प्रयोगले स्प्रे गर्नुहोस् ।

◆ मकै बालीमा गवारोको नोक्सानी कम गर्न क्लोरपाईरीफस (५०ई.सी.) रसाईपरमेथ्रिन (५ई.सी.)को मिश्रण भएको विषादी २ एम.एल. प्रति लिटरको दरले पानीमा मिसाई बोट भिज्ने गरि ७ दिनको फरकमा २-३ पटक छर्नुहोस् ।

◆ मकै बालीमा फट्याङ्गाको क्षतिको अनुगमन गर्दा यदि ७-१२ वटा फट्याङ्गा प्रति वर्ग मिटर पाईएमा मात्र विषादीको प्रयोग गर्नुहोस् । यस्तो अवस्थामा मालाथियन (५० प्रतिशत ई.सी.) २ एम.एल.प्रति लिटरको दरले छर्नुहोस् ।

◆ मकैमा गतवर्ष जस्तै अमेरिकी फौजीकीरा (Spodopterafrugiperda) को प्रकोप हुने सम्भावना भएकोले नियमित अनुगमन गर्नुहोस् । कीराको संख्या तथा क्षतिको आँकलन गर्न वयस्कको लागि बत्ति र फेरोमन पासोको तथा लार्भाको लागि खाल्डे पासोको प्रयोग गर्नुहोस् ।

◆ खेतबारीमा लगाईएका मकैको बिरुवाहरूको पात वा कलिला डाँठहरूमा तल चित्रमा देखाईएका जस्ता लक्षण देखिएमा कृषि प्राविधिक सँग सम्पर्क राख्नुहोस् वा पैसा नलाग्ने नार्कको फोन नम्बर-११३५ मा हरेक सोमबार दिँउसो २ देखि ४ बजेसम्म सम्पर्क गर्नुहोस् ।

साना आकारका लार्भाले गरेको क्षतिको लक्षण मध्यम आकारका लार्भाले गरेको क्षतिको लक्षण गुभोमा लार्भाले गरेको क्षतिको लक्षण कीराको फुल अवस्था कीराको लार्भा अवस्था

(क्षति गर्ने अवस्था) वयस्क पोथी पुतली

◆ भटमास लगाउने उपयुक्त समय भएकोले पहाडका लागि सिफारिस गरिएका भटमासका उन्नत जातह-तरकारी भटमास १, लुम्ले १, सेती र रान्समको बीउ भरपर्दो स्रोतबाट ल्याएर लगाउनुहोस् ।

◆ भटमास लगाउने जग्गामा २.९ के.जी. डि.ए.पि.तथा १.१ के.जी. म्युरेट अफ पोटास प्रति कट्ठा वा ४.५ के.जी. डि.ए.पि.र १.७ के.जी. म्युरेट अफ पोटास प्रति रोपनीका दरले जमीनको अन्तिम तयारीको बेला माटोमा राम्ररी मिलाई सकेपछि बीउ छर्नुहोस् ।

◆ भटमासको एकल खेती गर्दा १.५-२.० के.जी. प्रति कट्ठा वा २.५-३.० के.जी. प्रति रोपनीका दरले बीउ प्रयोग गर्नुहोस् ।

◆ भटमास एक्लो बालीको रुपमा लाईनमा लगाउँदा १ हारदेखि अर्को हारको दूरी ५० से.मी. र बोटबाट बोटको दूरी १०-१५ से.मी.मा बीउलाई ३-४ से.मी. गहिरोमा रोप्नुहोस् । तर मकैसँग अन्तर बालीको रुपमा भटमास लगाउँदा मकैको हारको दुरी १ मीटर र एकबोटदेखि अर्कोबोटसम्मको दुरी २५ से.मी. हुनेगरि १ हार मकै र २ हार भटमास लगाउनुहोस् ।

◆ फागुन महिनामा लगाएको उखुबालीमा गोडमेल गरि ४.४ के.जी. युरिया प्रति रोपनी वा २.९ के.जी. युरिया प्रतिकट्ठाको दरले पहिलो (बाली लगाएको ६०-७५ दिनमा) टपड्रेस गर्नुहोस् ।

◆ उखुबालीमा क्षति पुऱ्याउने विभिन्न गवारो कीराहरूको व्यवस्थापनको लागि उखु रोपेको १ महिना पछि ट्राइकोग्रामा (Trichogramma) परजीवी कीरा १,००,००० (१०**X** ५ से.मी.को पाँच वटा ट्राइको कार्ड) प्रति हेक्टरका दरले १० दिनको अन्तरालमा ४-५ पटक छोड्नुहोस् । (ट्राइको कार्डको लागि नजिकको चिनी मिल वा कृषि सम्बन्धी कार्यालयहरूमा सम्पर्क गर्नुहोस् ) ।

◆ उखु बालीको नयाँ गुबोमा एक भन्दाबढी स-साना प्वालहरू देखिएमा टुसा पसाउने गवारो (Early shoot borer) को प्रकोप हुने सम्भावना हुन्छ । यो कीराको प्रकोप प्रत्येक वर्ष वर्षायाम शुरु हुन लागेपछि देखिन थाल्ने भएकोले नियमित अनुगमन गर्नुहोस् । यसको प्रकोप कम गर्न उखु रोपेको ४५ र ६० दिनमा ३ ईन्च जति माटो चढाएर हल्का सिँचाईको व्यवस्था गर्नुहोस् । माथि उल्लेख गरे अनुसार परजीवि कीरा ट्राईकोग्रामा (Trichogramma)को प्रयोग गर्नुहोस् । प्रकोप बढी हुने क्षेत्रमा क्लोरानट्रानिलीप्रोल (Chlorantraniliprole 0=4% G) वा फिप्रोनिल (Fipronil 0=3% G) ०.७५ देखि १ के.जी. प्रति कट्ठाको दरले उखुको ड्याडमा हाली माटोले पुरेर हलुका सिँचाई गर्नुहोस् । नोक्सानी ज्यादै भएमा थायोडीकार्प (Thiodicarp 75% WP) २ ग्राम प्रति लिटर पानीको दरले ८००-१००० लिटर घोल तयार गरि १ हेक्टरमा छर्नुहोस् ।

◆ पहिलो वर्षा पश्चात सडक छेउ-छाउ, चरन क्षेत्र, बाँझो जग्गामा एक वर्गमिटरबाट उफ्रेको फट्याङ्ग्राको संख्या १३ भन्दा बढी भएमा व्यवस्थापनका उपायहरू शुरु गर्नुहोस् । यसको लागि खेतबारीको आली १० देखि १५ से.मी. ताछेर पुन: त्यति नै हिलो माटो थपिदिनाले कीराको फुलहरू नष्ट हुन्छन् । शिकारी चराहरू जस्तै-मैना, काग आदीलाई उखुबारीमा आकर्षित गर्न चराहरू बस्ने ठाउँको (bird perch) व्यवस्था गर्नुहोस् । सडक छेउ-छाउ, बाँझो जग्गा, चरनक्षेत्र आदिमा अल्फामेथ्रिन (Alphamethrin 10% EC) वा क्लोरपाईरीफस (Chlorpyrifos 20% EC) वा साईपरमेथ्रिन (Cypermethrin 10% EC) १६०० देखि २००० एम.एल. प्रति ८०० देखि १००० लिटर पानीमा मिसाई १ हेक्टर क्षेत्रफलमा छर्नुहोस् ।

**फलफूल बालीहरू :**

◆ यो समयमा लेकालीफलफूल बगैंचाकाबिरुवाहरुलाई हावाहुरीबाट जोगाउन टेकोदिनुहोस् ।